# शिक्षामा अंग्रेजी माध्यमको प्रयोगः भ्रम र यथार्थ

■ प्रेम फ्याक

शिक्षामा भाषाको महत्त्वपूर्ण भूमिका हुन्छ। विद्यालयमा प्रयोग गरिने माध्यम भाषाले गुणस्तरीय सिकाइमा ठूलो प्रभाव पार्दछ। शिक्षकले के पढाउने, कसरी पढाउने र विद्यार्थीले कसरी राम्रो सिक्न सक्छन् भन्ने कुरामा माध्यम भाषाको ठूलो महत्त्व हुन्छ। विशेषगरी आधारभूत तहका कक्षामा सिकाइको स्तर शिक्षकले प्रयोग गर्ने भाषा विद्यार्थीले राम्ररी बुझ्न सकेका छन् कि छैनन् भन्ने कुराले निर्धारण गर्दछ।

अहिले नेपालमा प्राथमिक तहदेखि नै निजी र सामुदायिक दुवै विद्यालयमा अंग्रेजी माध्यममा पढाउने होड चलेको छ। गुणस्तरीय शिक्षाको नारा दिंदै स्थानीय सरकारहरूले पनि देशका विभिन्न ठाउँका सामुदायिक विद्यालयलाई अंग्रेजी माध्यममा पठनपाठन गर्न गराउन उर्दी जारी गरेका छन्। तर के यो नीतिले साँच्चिकै गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग गर्दछ ? बच्चाको सिकाइमा सहभागिता र संज्ञानात्मक क्षमताको विकासको जग दह्रो बनाउँछ ? यो नीति एउटा लहड मात्र त होइन ? प्रश्नको सेरोफेरोमा रही यहाँ नेपालमा अंग्रेजी

माध्यमको शिक्षा र यसले शिक्षण-सिकाइमा पार्ने प्रभावको बारेमा चर्चा गरिएको छ।

## अंग्रेजी माध्यममा शिक्षा के हो ?

अंग्रेजी माध्यमको शिक्षा के हो भन्ने विषयमा विभिन्न बुझाइ रहेका छन् । अनुसन्धानकर्ता जुली डिर्डेनको विचारमा बहुसंख्यक जनताले पहिलो भाषाको रूपमा अंग्रेजी प्रयोग नगर्ने देशहरूमा पठनपाठन हुने सम्पूर्ण प्राज्ञिक विषयहरू (Academic Content Subjects), जस्तै- सामाजिक शिक्षा, गणित, विज्ञान, नैतिक शिक्षा आनि अंग्रेजी माध्यमबाट मात्र पठनपाठन गरिनु अंग्रेजी-माध्यमको शिक्षा हो । अहिले निजी विद्यालयले प्रयोग गरेका भाषानीति यसको उदाहरण हो । यो नीतिले पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री र विद्यालयमा बोलचालको भाषा अंग्रेजी नै हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ । साथै विद्यालयमा स्थानीय र मातृभाषाहरूको प्रयोग निषेध गरिन्छ । विद्यार्थीले मातृभाषा बोलिहाले पनि विभिन्न किसिमका सजाय दिइन्छ । अर्को शब्दमा भन्दा जानी-नजानी विद्यार्थीलाई अंग्रेजी बोल्न लगाइन्छ । फलस्वरुप विद्यालयको सम्पूर्ण वातावरण एकल अंग्रेजी भाषिक हुन पुग्दछ ।

## अंग्रेजी माध्यममा शिक्षाको विश्वव्यापी अवस्था

विश्वव्यापी रूपमै शिक्षामा अंग्रेजीलाई माध्यमको रूपमा प्रयोग गरिएको पाइन्छ। अक्सफोर्ड विश्वविद्यालयको शिक्षा विभागले सन् २०१४ मा नेपाल लगायत ५५ वटा देशहरूमा गरेको सर्वेक्षणले ५२.७ प्रतिशत सामुदायिक र ८७.२५ प्रतिशत निजी विद्यालयले प्राथमिक तहमा अंग्रेजी माध्यमको प्रयोग गर्ने गरेको देखाएको छ। यो प्रवृत्ति माध्यमिक र उच्च शिक्षामा अझ बढी पाइन्छ। सोही अध्ययनले नेपाल लगायत पाकिस्तान, पोर्चुगल, कतार, सर्बिया, साउथ अफ्रिका, टर्की, युगाण्डा,

दक्षिण सुडान, ताईवान, काजकस्तान र इन्डोनेसिया जस्ता मुलुकहरूमा अंग्रेजी माध्यमको प्रयोग प्राथमिक तहदेखि नै भएको देखाउँछ । तर जापान, स्विट्जरल्याण्ड, इजरायल, सेनेगल, साउदी अरेबिया, इटाली, इन्डिया, ग्रीस, ब्राजिल, अर्जेन्टिना, बंगलादेश, श्रीलंका र भियतनाम जस्ता अधिकांश देशहरूका सामुदायिक विद्यालयलाई प्राथमिक तहमा अंग्रेजी माध्यमको प्रयोग गर्ने अनुमति छैन । अझ साउदी अरेबिया, सेनेगल, इजरायल, इराक, इरान, ब्राजिल जस्ता धेरै मुलुकहरूमा माध्यमिक तहमा पनि अंग्रेजी माध्यमको प्रयोग गरिएको पाइँदैन ।

सो अध्ययनले सर्वसाधारण जनतामा अंग्रेजी माध्यम भन्नु नै गुणस्तरीय शिक्षा र प्रभावकारी सिकाइ हो भन्ने गलत धारणाको विकास भएको देखाएको छ । यस्तो धारणा विशेषगरी सम्भ्रान्त परिवारका विद्यार्थीहरू पढ्ने निजी तथा अन्तर्राष्ट्रिय विद्यालयको बजारीकरणले गर्दा पैदा भएको देखिन्छ । अंग्रेजी माध्यमको अर्को महत्त्वपूर्ण पक्ष भनेको शिक्षकको क्षमता हो । प्रभावकारी सिकाइको लागि सक्षम शिक्षकहरूको आवश्यकता पर्दछ । तर माथि उल्लिखित अध्ययनले अंग्रेजी माध्यममा पढाउनका लागि आवश्यक पर्ने सक्षम शिक्षक १.८ प्रतिशत मात्र रहेको देखाउँछ । त्यस्तै अधिकांश मुलुकहरूमा अंग्रेजी माध्यममा पठनपाठन गर्नको लागि स्पष्ट नीति र निर्देशिका नभएको कुरा देखाउँछ । यस्तो स्थितिमा पनि अंग्रेजी माध्यममा शिक्षा दिने लहर किन चलेको होला ? यो लहरसँग सम्बन्धित केही भ्रम र यथार्थहरू तल चर्चा गरिएका छन् ।

## भ्रम १: **अंग्रेजी माध्यम नै गुणस्तरीय शिक्षा हो**

अंग्रेजी माध्यमले शिक्षाको गुणस्तर बढाउछ भन्ने सोच आमजनमानसमा बढेको देखिन्छ । तर गुणस्तरीय शिक्षा नै के हो भन्ने कुरामा शिक्षासँग सरोकार राख्ने अभिभावक, शिक्षक, विद्यार्थी, नीति/निर्माता र अनुसन्धानकर्ताहरू बीच छलफल र विश्लेषण भएको देखिंदैन ।

नेपालको सन्दर्भमा एसईई परीक्षामा विद्यार्थीले प्राप्त गर्ने सफलताको आधारमा शिक्षाको गुणस्तर मापन गर्ने गरिन्छ । तर एसईईमा विद्यार्थी पास हुनु नै गुणस्तरीय शिक्षा हो त ? विद्यार्थीहरू कसरी एसईईमा सफल वा असफल भइरहेका छन् ? यी र यस्ता प्रश्नहरूको गहन रूपमा छलफल हुन जरूरी छ । अध्ययनहरूले देखाए अनुसार गुणस्तरीय शिक्षाको लागि गुणस्तरीय सिकाइ हुनु पहिलो शर्त हो । यसका लागि मुख्य रूपमा तीनवटा पक्षहरू चाहिन्छन् ः

क) सिकाइमा सहभागिता

ख) अन्तरक्रिया र सिकाइमा लगानी

ग) सोच्ने समय र अभ्यास

सहभागिता भन्नाले शिक्षकले दिएको क्रियाकलापहरूमा विद्यार्थीले छलफल गर्न र आफ्ना विचारहरू व्यक्त गर्न सक्नु हो । गुणस्तरीय सिकाइका लागि सबै विद्यार्थीले शिक्षण सिकाइ क्रियाकलापमा विना डरत्रास सहभागिता जनाउन सक्नुपर्छ । शान्त रूपमा हात बाँधेर बस्ने विद्यार्थी होइन, प्रश्न गर्ने र छलफलमा सहभागी हुने विद्यार्थीले नै राम्ररी सिक्न सक्छन् । यसका लागि विद्यार्थीले आफ्ना साथीहरू र शिक्षकहरूसँग ढुक्क भएर अन्तरक्रिया गर्न पाउनुपर्दछ । गुणस्तरीय सिकाइको अर्को महत्त्वपूर्ण पक्ष भनेको विद्यार्थीको सिकाइमा लगानी हो । यसका लागि एउटा विद्यार्थीले आफूसँग भएका वर्तमान भाषिक, सांस्कृतिक र सामाजिक ज्ञान र सीपको प्रयोग गरी नयाँ कुराहरू सिक्ने वातावरण पाउनुपर्दछ । संज्ञानात्मक क्षमताको विकास गुणस्तरीय सिकाइको अर्को पक्ष हो । बच्चाले पढाएको विषयमा सोच्ने, विश्लेषण गर्ने, प्रश्न सोध्ने, मूल्याङ्कन गर्ने सीपहरूको विकास गर्न सक्नुपर्दछ । यसको पहिलो शर्त विद्यार्थीले पाठ्यपुस्तकमा दिइएको र शिक्षकहरूले पढाएको विषयवस्तु राम्ररी बुझ्न र चिन्तन गर्न सक्नुपर्दछ । तर अंग्रेजी माध्यममा पढाएर यी सर्तहरू पूरा हुन सक्दैनन् ।

पहिलो कुरा त आधारभूत कक्षाका विद्यार्थीहरूले घरमा बोल्ने भाषा बाहेक अंग्रेजी भाषाको प्रयोग गर्ने सीपको विकास गरेका हुँदैनन्। दोस्रो कुरा शिक्षकहरू आफैंले पनि विद्यार्थीलाई अंग्रेजी माध्यममा खुलेर पढाउन कठिन हुन्छ। तीन वर्ष अघि मोरङको एउटा दुर्गम गाउँमा रहेको प्राथमिक विद्यालयमा अध्ययनको सिलसिलामा पुगेको थिएँ। विद्यालय लिम्बू गाउँमा भएकोले मुख्यतः लिम्बू विद्यार्थीहरू पढ्दा रहेछन्। विद्यार्थी संख्या पनि राम्रै थियो। तर सानो गाउँमा दुई वटा निजी स्कूलहरू खोल्न सरकारले अनुमति दिएपछि विद्यार्थी संख्या कम भयो। वैदेशिक रोजगारीमा गएका अधिकांश अभिभावकले आफ्ना बच्चालाई अंग्रेजी माध्यममा पढाइ हुने भनी प्रचार गरिएका निजी विद्यालयमा पढाउन शुरू गरे। निजी स्कूलहरूको शैक्षिक र भौतिक अवस्था दुवै राम्रा थिएनन्। सामुदायिक विद्यालयले पनि स्रोतकेन्द्र स्तरीय निर्णय गरेर ईसीडी कक्षादेखि नै अंग्रेजी माध्यममा पढाउनुपर्ने बाध्यता सिर्जना गरे। विद्यालयको अनुमति लिएर मैले कस्तो पढाइ हुँदोरहेछ भनेर केही दिन कक्षाहरू अवलोकन गरें। विद्यार्थीहरूसँग कक्षामा बसें। अन्तरक्रिया गरें। यसै क्रममा लामो समय अध्यापन गर्नुभएका अनुभवी र राम्रो शिक्षकको रूपमा चिनिएका एकजना सरको कक्षा अवलोकन गर्ने मौका मिल्यो। सरको हातमा अंग्रेजीमा अनुवाद गरिएको एउटा किताब र चकको बट्टा मात्र थियो। विज्ञान विषयको पाठको शीर्षक ‘Characteristics of living things' रहेछ। सरले खस्रो बोर्डमा शीर्षक लेखेपछि जोडले उच्चारण गर्नुभयो। त्यसपछि विद्यार्थीहरूलाई पनि उच्चारण गर्न लगाउनुभयो। तर कसैले पनि पूरा उच्चारण गर्न सकेनन्। त्यसपछि सरले नेपालीमा उल्था गर्नुभयो। किताबमा दिइएका शब्दहरू एक-एक गर्दै लेख्दै उच्चारण गर्नुभयो र विद्यार्थीहरूलाई लेख्न लगाउनुभयो। यसै क्रममा 'Sensitivity' र 'Reproduction' शब्दहरू आए। सरले अंग्रेजीमा व्याख्या गर्न कोशिश गर्नुभयो तर विद्यार्थीहरूले बुझेनन्। अंग्रेजीमा बुझाउन सरका

लागि पनि कठिन थियो । सबै विद्यार्थीहरूले चूपचाप सुनिरहे । सरले अंग्रेजीमा बुझ्यौ भन्दा सबै चूपचाप मात्र थिए । आखिर सम्पूर्ण कक्षा अवधिभर किताबमा भएको कुरा सरले पढ्ने, लेख्ने र विद्यार्थीले सार्ने बाहेक अरू केही भएन । सामाजिक शिक्षाको पढाइमा पनि यस्तै स्थिति देखियो ।

अंग्रेजी माध्यमको कारणले रमाएर सिक्नुपर्ने वातावरण सिर्जना हुन नसकेको यथार्थ ती सरले बताउनुभयो । "न शिक्षकले राम्ररी बुझाउन सकिन्छ न विद्यार्थीहरूले नबुझेको कुरा सोध्न सक्छन् ..." यस्तो स्थितिमा कसरी गुणस्तरीय शिक्षा हुन्छ ? उहाँको विचारमा अंग्रेजी माध्यमको नारालाई बेचेर निजी विद्यालयमा पनि घोकाउने काम मात्र भएको छ ।

**भ्रम २: अंग्रेजी माध्यममा पढाउँदा राम्रो अंग्रेजी भाषा सिकिन्छ**

मिडिया र सार्वजनिक रूपमा चलेको एउटा जबर्जस्त विचार के हो भने अंग्रेजी माध्यममा पढाउँदा विद्यार्थीको अंग्रेजी भाषा राम्रो हुन्छ । निजी र सामुदायिक विद्यालयमा पहिलो दिनदेखिनै अंग्रेजी माध्यममा पढाउनु पछाडिको मुख्य तर्क विद्यार्थीहरूको अंग्रेजी भाषामा दक्षता बढ्छ भन्नु हो । अर्को शब्दमा भन्दा शिक्षक र आमजनमानसमा अंग्रेजी माध्यममा पढाउनु र अंग्रेजी भाषा पढाउनु एउटै हो भन्ने सोच हाबी भयो । अंग्रेजी भाषा सिक्नु र अंग्रेजी माध्यममा सिक्नु एउटै कुरा हो भन्ने सोचको विकास भयो । तर एउटा भाषा सिक्नु र त्यो भाषाको माध्यमबाट विषयवस्तुहरू सिक्नु फरक कुरा हुन् । सतही रूपमा हेर्दा अंग्रेजी माध्यममा पढेको विद्यार्थीहरूले केही अंग्रेजी शब्द र वाक्यहरू फाटफुट रूपमा प्रयोग गरेको देखिन्छ । तर फाटफुट रूपमा भाषा बोल्नु नै भाषा सिक्नु होइन ।

भाषा सिकाइका मुख्य दुई वटा पक्षहरू हुन्छन्– आधारभूत अन्तरक्रियात्मक सीप र संज्ञानात्मक प्राज्ञिक भाषिक सीप । कुनै पनि

भाषामा आधारभूत अन्तरक्रियात्मक सीपहरू सिक्नको लागि दुई-तीन वर्ष लाग्न सक्छ भने संज्ञानात्मक प्राज्ञिक भाषिक सीपहरू सिक्न कम्तीमा ६ देखि ८ वर्ष लाग्न सक्छ। साथै अध्ययनहरूले के देखाउँछन् भने विद्यार्थीलाई उसले बुझ्न नसक्ने वा कमजोर भाषामा पढाइयो भने भाषिक र संज्ञानात्मक दुवै सीप र ज्ञानको सिकाइ कमजोर हुने गर्दछ। भाषा शिक्षाका अध्ययनहरूले के पनि प्रष्ट पारेका छन् भने विद्यार्थीहरूले शुरूका वर्षहरूमा आफूले बुझ्ने भाषामा सिक्ने अवसर पायो भने उसले भाषा र विषयवस्तु सिक्न बलियो जग बसाल्न सक्छन् र त्यही सीप र ज्ञानले दोस्रो भाषा प्रभावकारी रूपमा सिक्न मद्दत गर्दछ।

लामो समय भाषा शिक्षामा अध्ययन अनुसन्धान गरेका अमेरिकी शिक्षाविद् भर्जिनिया कोलियर र वाइने टोमसले अमेरिकामै पनि एकल अंग्रेजी माध्यममा पढेका विद्यार्थीहरू भन्दा मातृभाषामा दक्खल बनाएका विद्यार्थीहरूले अंग्रेजी भाषा र अन्य विषयमा राम्रो नतिजा हासिल गर्ने कुरालाइ पुष्टि गरेका छन्। त्यस्तै क्याथलिन ह्युफको टीमले इथियोपियामा गरेको खोजले आधारभूत तहमा मातृभाषाको माध्यममा पढेका विद्यार्थीहरूले अंग्रेजी माध्यममा पढेका विद्यार्थीहरूभन्दा गणित, जीवविज्ञान, रसायन शास्त्र र भौतिक शास्त्र विषयमा बढी शैक्षिक उपलब्धि हासिल गरेको तथ्य पत्ता लगाएको छ। क्याथलिन ह्युफकै दक्षिण अफ्रिकाको अध्ययनले अंग्रेजी माध्यममा पढेका तीन चौथाइ विद्यार्थीहरू फेल भएको तथ्याङ्क देखाएको छ।

## भ्रम ३: मातृभाषाहरूको प्रयोगले शिक्षण-सिकाइ कमजोर बनाउँदछ

आमजनमानसमा मातृभाषाहरूको प्रयोगले बच्चाको सिकाइमा नकारात्मक प्रभाव पार्दछ भन्ने सोचको विकास भएको छ। यो सोचको विकास हुनुमा अंग्रेजी भाषासँग जोडिएका सामाजिक, आर्थिक र राजनीतिक पक्षहरूको ठूलो भूमिका रहेको छ। विशेषतः अंग्रेजी

भाषाले विश्वव्यापी रूपमा जमाएको प्रभुत्वलाई हामीले शिक्षामा पनि कुनै विश्लेषण विना स्वीकारेको स्थिति छ। अंग्रेजी भाषाको महत्त्वलाई नकार्न पनि सकिन्न। म आफैं पनि अंग्रेजी भाषा शिक्षक भएको नाताले विद्यार्थीलाई कसरी गुणस्तरीय अंग्रेजी भाषा सिकाउन सकिन्छ भन्ने कुराको खोज र अनुसन्धान गर्दछु । तर अध्ययनले देखाएको एउटा तथ्य के हो भने बहुभाषिक हुनु बच्चाको लागि शैक्षिक, आर्थिक र सामाजिक रूपले राम्रो कुरा हो । नयाँ भाषाहरूको सिकाइले एउटा व्यक्तिको जीवनमा ठूलो महत्त्व राख्दछ। तर दोस्रो वा कुनै नयाँ भाषा प्रयोग गर्दा शैक्षिक पक्षलाई ध्यान दिइएन भने सिकाइमा नकारात्मक असर पर्दछ।

विशेषतः माथि भनिए झैं भाषा शिक्षण-सिकाइ र भाषाको माध्यमबाट सिक्नु एउटै हो भन्ने गलत सोचले गर्दा अहिले अंग्रेजी माध्यमको लहर नै चलेको देखिन्छ । यतिसम्म कि निजी स्कूलहरूले 'इङ्गलिश स्पिकिङ्ग जोन' नै बनाएका छन्। अंग्रेजी बाहेक अरू भाषाको प्रयोग गर्दा त सजाय नै भोग्नुपर्ने नियमहरू पनि छन् । यसले बच्चाको मातृभाषा प्रयोग गर्नु भनेको कमजोर शिक्षा दिनु हो भन्ने गलत सन्देश दिएको छ । मातृभाषामा, नेपाली सहित, पढाउने विद्यालयहरू कमजोर हुन्छन् भनेर परिचित गरेको छ । यिनै सोचले गर्दा अहिले सामुदायिक विद्यालयमा पनि अंग्रेजी माध्यमको लहर छ। तर, हामी सबैले वास्तविक धरातलमा उभिएर सोच्ने हो भने विद्यालय टेकेको दिनदेखि उनीहरूले बुझ्न नसक्ने भाषामा सबै विषय पढाउँदा कलिला बच्चाहरूले कस्तो अनुभव गर्लान् ? भाषा नै बुझ्न नसके पछि, आफूलाई मनमा लागेको कुरा नै व्यक्त गर्न नसके पछि, कसरी गुणस्तरीय सिकाइ होला ?

## सिकाइमा प्रभाव र यथार्थ धरातल

अंग्रेजी माध्यमको लहर चलिरहँदा यसले शिक्षण-सिकाइमा पार्ने

प्रभावको बारेमा गहिरो छलफल भएको देखिन्न । सतही रूपमा अंग्रेजीलाई जागिर, बजार र गुणस्तरीय सिकाइसँग जोडेको भरमाअंग्रेजी भाषामा अन्तरक्रिया गर्न नसक्ने कलिला बच्चाले भाषाकै कारणले विभिन्न विषयमा अपेक्षा गरिएको सिकाइ उपलब्धिहरू हासिल गर्न सकेका छैनन् । यसले दीर्घकालीन रूपमा विद्यार्थीको संज्ञानात्मक, भाषिक र मनोवैज्ञानिक विकासमा नकारात्मक प्रभाव पार्दछ।

यसै सन्दर्भमा विश्वभरि अंग्रेजी भाषाको पैरवी गर्ने बेलायती सरकारको ब्रिटिश काउन्सिल भन्ने संस्थाले जोनसिम्सनको नेतृत्वमा हालसालै गरेको अध्ययनले आधारभूत शिक्षामा अंग्रेजी माध्यमको प्रयोगले विद्यार्थीको सिकाइमा नकारात्मक प्रभाव पारेको निष्कर्ष निकालेको छ। सो अध्ययनले अफ्रिकन देशहरू र दक्षिण एशियामा चलेको वर्तमान अंग्रेजी माध्यममा शिक्षाको अध्ययनको आधारमा निम्न महत्त्वपूर्ण तथ्यहरू सार्वजनिक गरेको छ :-

क) अंग्रेजी माध्यमबाट पढाउँदा अंग्रेजी भाषा राम्रो सिकिन्छ भन्ने धारणा गलत छ।

ख) आधारभूत तहमा, विशेषगरी दक्षिण एशिया र अफ्रिकन देशहरूमा, चलेको अंग्रेजी माध्यममा पढाउने अभ्यासले अंग्रेजी भाषा सिकाइको आधार पनि कमजोर बनाएको छ।

ग) आधारभूत तहमा अंग्रेजी माध्यमको लहरले माथिल्लो तहको सिकाइको जग र शैक्षिक उपलब्धिमा नकारात्मक प्रभाव पारेको छ।

यसका साथै सो अध्ययनले तल्लो कक्षामा अंग्रेजीभन्दा घरमा बोल्ने भाषा वा मातृभाषालाई माध्यमको रूपमा प्रयोग गर्दा गुणस्तरीय सिकाइ हुन्छ भन्ने निष्कर्ष निकालेको छ । विद्यार्थीले आफ्नो मातृभाषामा राम्रो अन्तरक्रिया गर्ने, सोच्न सक्ने र विषयवस्तु बुझ्ने भएकोले मातृभाषाको प्रयोगले विषयवस्तु र दोस्रो भाषा दुवै

राम्ररी सिक्न सक्ने कुरालाई अध्ययनले प्रष्ट पारेको छ । अंग्रेजी माध्यममा सिक्नु र अंग्रेजी भाषा सिक्नु फरक हो भन्ने कुरालाई जोड दिंदै सो अध्ययनले अंग्रेजी भाषाको प्रभावकारी सिकाइ गर्नको लागि यसलाई विषयको रूपमा गुणस्तरीय शिक्षकले शिक्षण गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

## हाम्रो यथार्थ के हो ?

नेपालमा पनि अंग्रेजी माध्यमको लहर चलिरहेको छ । धेरै स्थानीय सरकारहरूले अंग्रेजी माध्यम सामुदायिक विद्यालयहरू सुधार गर्ने एक मात्र अचूक औषधिको रूपमा लिएका पनि छन् । तर यो नीतिसँग जोडिएका शिक्षण-सिकाइ र शिक्षक-विद्यार्थीसँग सम्बन्धित मुद्दाहरूमा गहिरो विश्लेषण गरिएको छैन । यसै सन्दर्भमा विगत ६ वर्षदेखि अंग्रेजी माध्यम र विद्यालयमा बहुभाषिकताको बारेमा मेरो आफ्नै अध्ययनको सिलसिलामा संकलन गरिएका तथ्यहरूको आधारमा निम्न यथार्थहरू प्रस्तुत गरिएका छन्ः

१. आधारभूत तहमा (निजी र सामुदायिक दुवैमा) अंग्रेजी माध्यमले विद्यार्थीहरू खुलेर सिक्ने र शिक्षकले खुलेर पढाउने अवसर बन्द गरेको छ । अंग्रेजी माध्यमको बोझले शिक्षण-सिकाइ यान्त्रिक र सुगारटाइमै सीमित भएको छ ।

२. शिक्षण-सिकाइलाई झन् बढी पाठ्यपुस्तक र शिक्षककेन्द्रित बनाएको छ । अंग्रेजी भाषा नबुझ्ने भएर शिक्षकहरूले जे भन्यो र पाठ्यपुस्तकमा जे लेख्यो त्यही सार्ने भन्दा अरू उपलब्धि केही भएको छैन ।

३. शिक्षकहरूसँगको कुराकानीको आधारमा यो नीति गुणस्तरीय सिकाइको लागि भन्दा पनि निजी स्कूलहरूको गलत अभ्यासहरूको नक्कल र फेसनको रूपमा लिइएको पाइन्छ । मुख्यतः कुनै पनि विषयहरूको तहगत, कक्षागत र विषयगत

उद्देश्यहरू अंग्रेजी माध्यमबाट पढाउदा पूरा गर्न नसकिने देखिन्छ ।

४. अंग्रेजी माध्यम घोषणा गरेपछि सामुदायिक विद्यालयमा विद्यार्थी संख्या केही बढेको देखिन्छ । साथै एसईईको रिजल्टमा पनि केही संख्यात्मक सुधार आएको भन्ने तथ्यहरू बाहिर आएका छन् । तर वास्तविकता के हो भने अंग्रेजी माध्यम र शिक्षाको गुणस्तरबीच कुनै सम्बन्ध छैन । अंग्रेजी माध्यम लागू नभएका तर राम्रो व्यवस्थापन, पेशाप्रति इमानदार शिक्षक र विद्यार्थीको समस्या बुझेर पढाइ हुने सामुदायिक विद्यालयको गुणस्तर त्यसै पनि राम्रो देखिएको छ । कमजोर विद्यार्थीहरूलाई अतिरिक्त समय पढाउने, कोचिङ्ग क्लास गर्ने, निरन्तर रूपमा पृष्ठपोषण दिने र शिक्षकहरूले मिहिनेत गरी पठनपाठन सञ्चालन भएका सबै सामुदायिक विद्यालयहरू राम्रा छन् । तसर्थ अंग्रेजी माध्यम केवल नारा मात्र हो, नाम मात्र हो । प्रभावकारी सिकाइको लागि यो यथार्थ होइन ।

५. अंग्रेजी माध्यमले गर्दा सबै विषयगत कक्षाहरू अंग्रेजी भाषा सिकाउने र सिक्ने थलो मात्र बनिरहेका छन् । विज्ञान पढाउने सरले सजीव र निर्जीव वस्तुहरूको विशेषता अंग्रेजी माध्यमबाट पढाउदा 'Sensitivity','Movement', 'Reproduction' जस्ता कठिन शब्दहरूलाई बुझाउन नसक्दा विद्यार्थीहरूले हिज्जे र नेपाली अनुवाद जान्नु बाहेक केही सिकेको देखिन्न । त्यस्तै सामाजिक शिक्षा पढाउदा 'celebrate', 'worship', 'devotee', 'respect', 'festival' जस्ता कठिन शब्द घोकाउने र लेखाउने मात्र गराएर आफ्नै समाजको बारेमा बोल्नलाई पनि विद्यार्थीहरू सुगा बनिरहेका छन् ।

६. रटेका कुराहरू ओकल्नु नै गुणस्तरीय सिकाइ हो भन्ने गलत सन्देश अंग्रेजी माध्यमको प्रयोगसँगै आम जनमानसमा गइरहेको छ ।

७. अंग्रेजी माध्यमले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सामुदायिक विद्यालयहरू गुणस्तर हीन छन् । नेपाली माध्यममा पढ्ने विद्यार्थीहरू कमजोर हुन्छन् र अंग्रेजी भाषा पनि राम्रो सिक्दैनन् भन्ने गलत धारणाको पक्षपोषण गरिरहेको छ।

८. विद्यार्थीको रचनात्मक तथा सोच्ने क्षमता र सीपको विकासमा नकारात्मक प्रभाव परेको देखिन्छ।

९. अंग्रेजी माध्यमको नाममा विद्यालयभित्रै दुई खालको समाज निर्माण भइरहेको छ। राम्रा भनिएका विद्यार्थीले अंग्रेजी माध्यममा र कमजोर भनिएका विद्यार्थीले नेपाली माध्यममा पढ्ने दुईखाले नीति केही सामुदायिक विद्यालयले लागू गरेका छन् । यसको दीर्घकालीन सामाजिक, शैक्षिक, राजनीतिक र मनोवैज्ञानिक असर विद्यार्थी र समग्र समाजको विकासमा परेको छ र पर्नेछ।

## निष्कर्ष

अंग्रेजी भाषा सिकाइको महत्त्व रहेको कुरामा दुईमत छैन। तर यसलाई सबै विषयहरू पढाउनको लागि माध्यम भाषाको रूपमा प्रयोग गर्दा गुणस्तरीय सिकाइ हुन सक्दैन । आधारभूत तहमा अनिवार्य अंग्रेजी भाषा विषयलाई नै प्रभावकारी रूपले पढाउने हो भने पनि अंग्रेजी भाषा सिकाइको आवश्यकतालाई सम्बोधन गर्न सकिन्छ । यसको लागि दक्ष भाषा शिक्षकहरूको आवश्यकता पर्दछ। अहिले अनिवार्य अंग्रेजी भाषाको पढाइनै एकदमै कमजोर भैरहेको अवस्थामा सबै विषयहरू अंग्रेजी माध्यममा पढाउने नीति तर्क संगत छैन । अंग्रेजी माध्यम शिक्षण-सिकाइसँग जोडिएको हुनाले यस विषयमा निर्णय गर्दा सिकाइसँग सम्बन्धित मुद्दाहरूमा सरोकारवालासँग गहिरो छलफल गर्न जरूरी छ । हचुवाको भरमा अंग्रेजी माध्यम लागू गर्दै जाने हो भने न त विद्यार्थीहरूले राम्रो सिक्छन् न त शिक्षकहरूले नै प्रभावकारी शिक्षण गर्न सक्छन् । यस सन्दर्भमा बुझ्नुपर्ने एउटा तितो यथार्थ के

हो भने निजी स्कूलहरूमा पनि अंग्रेजी माध्यममा गुणस्तरीय शिक्षण सिकाइ हुनसकेको छैन । विद्यार्थीहरूलाई आफूले मनलागेको भाषा बोल्न नदिएर विद्यालयलाई जेल जस्ता बनाइएको छ। दुर्भाग्य, यसको विरोध गर्नुपर्नेमा हामीले यही नै गुणस्तरीय शिक्षा हो भन्ने धारणा बनाएका छौं ।

विद्यार्थीको सृजनशीलता, संज्ञान, प्राज्ञिक सीप, सोच्ने क्षमता, लेखाइ, पढाइ तथा सामाजिक सीपहरूको विकास नभएको शिक्षाले सुगा विद्यार्थीहरू मात्र उत्पादन गर्दछ। आज अंग्रेजी माध्यमको लहडमा फसेर हामीले शिक्षाका आधारभूत सिद्धन्तहरू मात्रै कुल्चिएको छैनौं कि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट हाम्रा विद्यार्थीलाई वञ्चित गरेका छौं र गर्ने दिशामा अघि बढेका छौं । यसको साथसाथै आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउनुपर्ने अधिकारबाट विद्यार्थीहरूलाई वञ्चित गरेका मात्र छैनौं कि कमजोर सिकाइको आधार भएका विद्यार्थीहरू उत्पादन गरेर विद्यालय शिक्षालाई दीर्घकालीन रूपमा तहसनहस पार्ने कोशिश गरिरहेका छौं । तसर्थ यो मुद्दामा मन्त्रालय, स्थानीय सरकार, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद् तथा अन्य सरोकारवालाहरूबीच यथार्थपरक छलफल हुन आवश्यक छ । गुणस्तरीय सिकाइको लागि हाम्रो जस्तो अंग्रेजी दोस्रो वा वैदेशिक भाषाको रूपमा प्रयोग हुने देशमा अंग्रेजी माध्यम जरूरी छैन । अंग्रेजी माध्यमले आधारभूत तहमा न त विषयवस्तुको ज्ञान सिक्न सहयोग गर्दछ न त गुणस्तरीय अंग्रेजी भाषा सिक्न नै टेवा पुऱ्याउँछ। सर्वप्रथमतः बच्चाहरूले आफूले बोल्ने र बुझ्ने भाषामा खुलस्त रूपमा सिक्न पाउनुपर्छ। ■

*(शिक्षा पत्रकार समूहले १० मंसीर, २०७५ काठमाडौंमा आयोजना गरेको माध्यम भाषा सम्बन्धी पहिलो बहसमा डा. प्याकले प्रस्तुत गर्नुभएको कार्यपत्रमा आधारित यो लेख शिक्षक मासिकबाट साभार गरिएको हो ।)*

## सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम

# आवश्यकता कि बाध्यता

*विद्यार्थी संख्या बढाउने अचूक उपायका रूपमा विशेषगरी शहरी क्षेत्रका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम लागू गर्ने क्रम बढ्दो छ । निजी विद्यालयमा विद्यार्थी जान थालेपछि यसो हुन नदिन विद्यालय प्रशासनले निर्णय गरेर अंग्रेजी माध्यम चलाएका छन् । अभिभावकको अंग्रेजी मोहका कारण यसो नगरी सुखै नपाइने थुप्रै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको विश्वास छ । यस्तैमा, कतिपय स्थानीय तहले पनि अंग्रेजी माध्यमलाई महत्व दिँदै सामुदायिक विद्यालयमा प्राथमिक तहबाटै अंग्रेजी माध्यम लागू गर्न निर्देशन दिन थालेका छन् ।*

*कतै कक्षा १–३ सम्म त, कतै कक्षा ६ सम्म र कतै १–८ सम्म अंग्रेजी माध्यममा पढाउने गरिएको छ । यस्तै कतै कक्षा १० सम्म नै अंग्रेजी माध्यम छ भने कतै कक्षा ८ बाट शुरू गरेर १० सम्म चलाइएको छ । निजी विद्यालयबाट कक्षा ८ मा विद्यार्थी आएपछि यसरी माथिल्लो कक्षाबाट शुरू गरिएको छ । कतिपय विद्यालयमा भइरहेका शिक्षकले जसोतसो अंग्रेजी माध्यममा पढाइरहेका छन् ।*

*कतिपय विद्यालयले अभिभावकबाट शुल्क र सहयोग लिएर निजी स्रोतमा शिक्षक राखेका छन् । अंग्रेजी माध्यममा पढाउन अभिभावक पनि शुल्क तिर्न तयार छन् । अधिकांश विद्यालयमा अंग्रेजी माध्यममा सबै विषय पढाउन सक्ने दक्ष शिक्षक नहुँदा नहुँदै पनि अंग्रेजी माध्यममा पढाइरहेको अवस्था छ । एकाध विद्यालयमा राम्रो होला । तर धेरैमा नाम मात्रको अंग्रेजी माध्यम लागू भएको देखिन्छ ।*

*अंग्रेजी भाषामा लेखिएका विभिन्न पाठ्यपुस्तकका पाठका हरफ सर्सर्ती पढिदिने, त्यसलाई नेपालीमा उल्था गरिदिने, अंग्रेजीमा प्रश्न उत्तर लेखाइ दिने गरेको भेटिन्छ । सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम आवश्यकता हो कि बाध्यता ? यही विषयमा केन्द्रित रहेर शिक्षा पत्रकार समूहले काठमाडौंमा १० मंसीर २०७५ मा छलफल गऱ्यो । यसैगरी प्रदेश-२ मा १८–१९ जेठ २०७६, प्रदेश-१ मा ७–८ असार २०७६ र भक्तपुरमा १५ पुस २०७६ मा छलफल गरियो । यिनै छलफलका क्रममा व्यक्त केही टिप्पणी तथा विचार यहाँ प्रस्तुत गरिएको छ ।*

## 'निल्नु न ओकल्नु भयो'

**मोहनहरि भण्डारी**
**वडाध्यक्ष, लालबन्दी नगरपालिका-५, सर्लाही**

हामीले नगरपालिका कार्यपालिकाको बैठक राखेर प्रत्येक विद्यालयमा शिशु कक्षादेखि नै अङ्ग्रेजी भाषा अनिवार्य भनेर निर्णय गऱ्यौं । जनप्रतिनिधि भएपछि नगरपालिकाकै स्रोतबाट निजी शिक्षकलाई तलब दिने व्यवस्था गरी अङ्ग्रेजी माध्यम लागू गऱ्यौं । कतिपय सामुदायिक विद्यालयमा विद्यार्थी नभएर खोज्नुपर्ने अवस्था आएपछि यस्तो निर्णय गरिएको हो । लागू त गऱ्यौं तर प्रभावकारी हुनसकेन । नाम मात्रको अङ्ग्रेजी माध्यम भएको छ । अहिले निल्नु न ओकल्नु भएको छ ।

## 'अङ्ग्रेजी विषय नै राम्रोसँग सिकाए पुग्छ'

**शम्भु मैनाली**
**वडाध्यक्ष, हरिवन नपा-१०, सर्लाही**

अङ्ग्रेजी विषय आवश्यक नभएको त होइन । तर कतिसम्म आवश्यक छ भन्ने हेक्का राख्नुपर्छ । अहिले विभिन्न ठाउँमा अङ्ग्रेजी माध्यम शुरूबाटै भनेर कक्षा-१ बाट नै अनिवार्य गरिए तापनि पुराना शिक्षकबाटै शुरूआत गर्नुपरेको छ । अङ्ग्रेजी माध्यममा राम्ररी संवाद समेत गर्न सक्ने दक्ष शिक्षक कम छन् ।

स्थानीय भाषा जानेका तर नेपाली भाषा प्रष्ट नआउने विद्यार्थीकै सिकाइमा समस्या पाइन्छ । मैले गुणस्तरीय शिक्षाको लागि के-के चाहिन्छ भनेर शिक्षक/शिक्षिकालाई सोध्दा अङ्ग्रेजी माध्यम भन्ने

उत्तर एकदम कम आउँछ। व्यवस्थापन समिति राम्रो हुनुपर्छ भन्ने कुरा आउँछ। तालिम, पुस्तकालयको कुरा आउँछ। निजी विद्यालयमा पनि अङ्ग्रेजीको समस्या देखिन्छ, सुनिन्छ। यस्ता विद्यालयमा शिक्षालाई गुणस्तर भन्दा पनि व्यापारको रूपमा चलाइएको छ।

अङ्ग्रेजी माध्यममै जानुपर्छ भन्ने छैन। कमसेकम अनिवार्य अङ्ग्रेजी विषय नै राम्रोसँग सिकाउन सकिन्छ। त्यति गर्न सकियो भने पुगिहाल्छ।

## 'अङ्ग्रेजी माध्यमले सामाजिक शिक्षा र गणितको स्तर खस्कियो'

**रूपेन्द्र न्यौपाने**
**शिक्षा शाखा प्रमुख, देउमाई नगरपालिका, इलाम**

हरेक वर्ष सामुदायिक विद्यालयका ढोका लाग्न थालेका छन् । अभिभावकको अङ्ग्रेजी मोहले सामुदायिक विद्यालयमा विद्यार्थी रित्तिन थालेका हुन् कि ! यस कारण जबर्जस्ती अङ्ग्रेजी माध्यममा धकेलिनुपर्ने बाध्यता आइलाग्यो । देउमाई नगरपालिकाले पनि सामुदायिक विद्यालयहरूलाई अङ्ग्रेजी माध्यममा जान प्रोत्साहन गरिरहेको छ । जनशक्तिमा हामीले सहयोग गरेका छौं । ३० जना शिक्षकका लागि अनुदान दिएका छौं। नगरका ५० मध्ये २२ सामुदायिक विद्यालय अङ्ग्रेजी माध्यममा गइसकेका छन्। अङ्ग्रेजीको नतिजामा केही सुधार भयो। तर सामाजिक शिक्षा र गणित विषयको स्तर भने झन् खस्किएको छ। स्थानीय सरकार पनि जानी नजानी अङ्ग्रेजीमा लागेको छ। तर सामाजिक लगायतका विषय अङ्ग्रेजीमा बुझाउन कठिन छ। अर्को कुरा पहिले केही विद्यालयमा लिम्बू भाषा पढाइ हुन्थ्यो। ऐच्छिक गरिएको छ। अन्य जातिका केटाकेटीले पनि पढ्थे। तर अहिले दक्ष शिक्षकको अभाव छ।

## 'मातृभाषाका शिक्षक व्यवस्थापनमा सघाएका छौं'

**देवेन्द्रा कुमारी आङदेम्बे**
**उपाध्यक्ष, फाल्गुनन्द गाउँपालिका, पाँचथर**

निजी र सामुदायिक विद्यालयलाई प्रतिस्पर्धी मान्नु भन्दा शिक्षालाई कसरी जीवनोपयोगी बनाउने भन्ने चिन्ता छ। ज्ञान पाउनु ठूलो कुरा हो। मातृभाषामै शिक्षा दिनुपर्ने संविधानको नीति भए पनि कार्यान्वयन हुनसकेको छैन। बरु अङ्ग्रेजी माध्यमको लहर चलेको छ। हाम्रो पालिकामा जनजातिको बाहुल्य भएको ठाउँमा तामाङ र लिम्बू मातृभाषाका शिक्षक व्यवस्थापनमा सघाएका छौं। लिम्बू भाषा सिकाउन विभिन्न सामुदायिक विद्यालयमा ८ र तामाङ भाषा सिकाउन एक जना शिक्षक नियुक्त गरेका छौं। स्थानीय तहले यसरी भाषा जगेर्ना गर्न सक्छन् जस्तो लाग्छ। माध्यम भाषाबारे राष्ट्रिय रूपमै बहस भएर ठोस नीति बन्नुपर्छ। अहिले जसले जे मन लाग्यो त्यही गरिरहेको अवस्था छ।

## 'अङ्ग्रेजी भाषा र अङ्ग्रेजीमा सबै विषय पढाउनु फरक कुरा हो'

**प्रेमगोपाल कर्माचार्य**
**वडाध्यक्ष, भक्तपुर नगरपालिका–५**

अहिले जुन ढङ्गले अङ्ग्रेजी माध्यममा पढाइ भइरहेको छ, त्यसले सोचे जस्तो प्रतिफल ल्याउँदैन। नेपालको लागि अङ्ग्रेजी माध्यम 'डिजास्टर' हो भनी विदेशी विज्ञबाट समेत टिप्पणी आएको छ। दक्ष शिक्षक भएका केही ठाउँमा अङ्ग्रेजी माध्यम राम्रो होला। तर थुप्रै विद्यालयमा

अङ्ग्रेजी माध्यममा पढाउने क्षमता नभएका शिक्षक भएकाले विद्यालयको स्तर नै धरापमा परेको छ । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढाउनकै लागि भए पनि हचुवाका आधारमा अङ्ग्रेजी माध्यम राख्नुपर्ने बाध्यता बनेको छ । तर अङ्ग्रेजी भाषा पढाउनु र अङ्ग्रेजीमा सबै विषय पढाएर पोख्त बनाउनु आकाश-जमीन जत्तिकै फरक कुरा हो । सामाजिक शिक्षा, नैतिक शिक्षा, स्वास्थ्य जस्ता ज्ञान-सीप दिने विषय अङ्ग्रेजीमा जबरजस्ती पढाउनुको अर्थ हुँदैन । नतिजा पनि राम्रो आउँदैन । सामाजिक विषय नै विद्यार्थीलाई दुवै भाषा प्रयोग गरेर पढाउँदा कुनमा बढी अन्तरक्रियात्मक सहभागिता हुन्छ भनेर पनि हेर्न सकिन्छ । अङ्ग्रेजी घोकाएर हो कि के हो, अहिलेका भाइबहिनी स्थानीय विषयवस्तुबारे त्यति जानकार छैनन् । स्थानीय विषयवस्तुमा कुरा पनि उति गर्दैनन् ।

हाम्रो नगरपालिकाले यही माध्यम भाषा हुनुपर्छ भनेर अनिवार्य गरेको छैन । तर जुनसुकै भए पनि गुणस्तरीय शिक्षा हुनुपर्छ भनेर नगरपालिकाले ईसीडीदेखिका सबै शिक्षकलाई तालिम दिंदै आएको छ।

## 'हचुवामा निर्णय गर्नुहुँदैन'

**मदनसुन्दर श्रेष्ठ**
**मेयर, मध्यपुर थिमि नगरपालिका**

यो बहसको विषय हो । बहस गर्दै जानुपर्छ । यो विषयमा रुचि भएकोले नै कार्यक्रममा पूरै समय बसेको हुँ । अङ्ग्रेजी माध्यम हुँदैमा विद्यालय राम्रो हुन्छ भन्ने होइन । राम्रो व्यवस्थापन तथा कुशल नेतृत्व भएको विद्यालय नै राम्रो भएको छ । अङ्ग्रेजी माध्यमले विद्यार्थी बढ्नु भनेको अस्थायी कुरा हो । अहिले कति विद्यालयमा ईसीडीमा लागू गरिएको अङ्ग्रेजी माध्यम त्यहाँ आवश्यक छैन । विद्यालयमा केही विषय अङ्ग्रेजी

माध्यममा पढाउन सकिन्छ । तर दक्ष शिक्षक विना अङ्ग्रेजी माध्यम प्रभावकारी हुनसक्दैन । हामी बहकिनुहुँदैन । हचुवामा निर्णय गर्नुहुँदैन ।

## ‘बुझ्ने भाषामा पढाउन नसके केटाकेटी कसरी टिक्लान्’

**जानुका अधिकारी**
**शिक्षक, श्री नेपाल राष्ट्रिय मावि, निजगढ, बारा**

शिशुकक्षा ईसीडीका साना केटाकेटीलाई हामी केरालाई Banana भन्न सिकाउँछौं । तर उनीहरू केरालाई घरमा आफ्नो भाषामा मोजे (तामाङ भाषामा) भन्छन् । Banana भनेको सुन्दा उनीहरू अचम्म मान्छन् । पहिलोपल्ट विद्यालयमा भर्ना भएका बालबालिकालाई स्थानीय वा उनीहरूलाई सहज हुने भाषामा सिकाउनुपर्छ जस्तो लाग्छ । साना केटाकेटीलाई उनीहरूले बुझ्ने भाषामा पढाउन/बुझाउन नसक्दा उनीहरू विद्यालयमा कसरी टिक्लान् भन्ने लागेको छ । हामी सबै यस विषयमा संवेदनशील हुनुपर्छ । मलाई लाग्छ, यस्ता कुरामा शैक्षिक सत्र शुरू हुनुअघि शिक्षकलाई अभिमुखीकरण/तालिम दिनुपर्छ ।

## ‘सबैतिर नाम मात्रको अंग्रेजी’

**दीपक गिरी**
**शिक्षक, शान्ति निकेतन मावि, भक्तपुर**

हामी शिक्षकहरूको स्तर पनि भएन । हामी पुराना शिक्षकको हातमा अंग्रेजी माध्यमको पुस्तक थमाइयो । यसैलाई हामीले नेपालीमा उल्था गरेर पढाउनु परिरहेको छ । नेपालीमै उल्था गर्न गाह्रो छ । नेपालीमै उल्था गर्न पनि शब्दकोश हेर्नुपर्छ । त्यसैले हामीले मोबाइलमा

डिक्सनरी राख्ने गरेका छौं। अंग्रेजीमै विद्यार्थीलाई सिकाउनु त टाढाको कुरा भयो। हाम्रो विद्यालयमा मात्रै होइन, सबैतिर नाम मात्रको अंग्रेजी माध्यमको पढाइ भइरहेको छ।

## 'ज्ञान र विवेक पो महत्त्वपूर्ण हो !'

**केदारभक्त माथेमा**
**पूर्व उपकुलपति, त्रिभुवन विश्वविद्यालय**

लमजुङ दुराडाँडाको विद्यालय र नेपाल कानून क्याम्पस, काठमाडौंमा पढेका प्रा. सूर्य सुवेदी अन्तर्राष्ट्रिय कानूनका विज्ञ हुन्। अक्सफोर्ड विश्वविद्यालयका विद्यार्थीले उनको अंग्रेजी बुझिंदैन भनेर फ्याकल्टी डीनसँग कक्षा छाड्ने गुनासो गरे। प्रा. सुवेदीको गहन र वजनदार लेक्चर सुनेपछि डीनले 'तिमीहरू छोड्ने भए छाड, म चाहिं उनलाई छोड्दिनँ। बरू उनको लवज शैली बुझने प्रयास गर' भने। अंग्रेजी भाषा राम्रो हुनु र विद्वत्ता फरक कुरा हुन्। भाषाकै कुरा गर्ने हो भने त लण्डनको ट्याक्सी ड्राइभरको अंग्रेजी कति राम्रो छ कति नि !

अंग्रेजी राम्रो बनाउन विषयका रूपमा पढ्न सकिन्छ। अंग्रेजी माध्यम हुँदैमा अंग्रेजी राम्रो हुने होइन। अंग्रेजी आवश्यक पनि छ। राम्रा साहित्य वा विधाका पुस्तक अंग्रेजीमै छन्। चार/पाँच वर्षमै अंग्रेजी छुरा बनाउन सकिन्छ। अभिभावकले अंग्रेजी माध्यम चाहेका छन्। हामीले दिने कि नदिने ? नदिए केटाकेटी पठाउँदैनन्। चुनौती छ। अंग्रेजीमा बोल्यो भने बच्चाको स्कूल वाह् क्या गजब भन्ने भ्रम छ अभिभावकमा। तर के अंग्रेजी बोल्नु, अंग्रेजीमा रट्नु नै सिकाइ हो त ?

कुनै पनि विषयवस्तुमा शिक्षक र विद्यार्थीबीच खुलेर छलफल हुँदैन भने वा भएन भने के काम त्यस्तो रटाइ ? जस्तो, सामाजिक शिक्षा पढाउँदा शिक्षकसँग बालबालिकाले मेरो घरमा जिजुबुवा

वा जिजुआमाले यसो पो भन्नुभएको थियो त भन्न पाए पो ! यसरी मज्जासँग छलफल गर्न नेपाली बुझ्नेलाई नेपाली र मातृभाषा बुझ्नेलाई मातृभाषा माध्यममा पढाउनुपर्छ । यसो नहुँदा केटाकेटीलाई नेपालप्रति उत्साहित गर्न सकिरहेका छैनौं जस्तो लाग्छ । कतै हामीले उनीहरूलाई नेपालबाट टाढा त बनाइरहेका छैनौं ?

अंग्रेजी बोल्नुभन्दा पनि केटाकेटीले उमेर अनुसार तर्क र विश्लेषण गर्न सक्छन् कि सक्दैनन् ? अरूको विचार वा भनाइ सुनेर स्वस्थ आलोचना वा समर्थन गर्न र कुनै पनि समस्या आइपरे सुल्झाउन सक्छन् कि सक्दैनन् ? यो हो नि महत्त्वपूर्ण कुरा त !

विद्यालय तहमा शुरूको तीन/चार वर्ष मातृभाषा बोल्ने समुदाय भएको ठाउँमा मातृभाषामै गर्नुपर्छ । त्यसपछि मातृभाषा र नेपाली भाषा 'इन्टरफेस' गर्नुपर्छ । विद्यालय तहको पढाइ त नेपाली माध्यममै हुनुपर्छ । 'इनफोर्स' नै गर्नुपर्छ । यसका लागि शिक्षा मन्त्रालय गम्भीर हुनै पर्छ ।

## 'न नेपाली राम्रो भयो न त अंग्रेजी'

**महेन्द्रविलास लुईंटेल**
**प्रअ, धुलाबारी मावि, झापा**

हामी पनि अंग्रेजी माध्यममा गएका छौं । कक्षा १ देखि ५ सम्म भने अंग्रेजी र नेपाली दुवै भाषामा पढाउँछौं । नेपाली, सामाजिक र नैतिक शिक्षा नेपालीमा पढाउँछौं । ६ कक्षा माथि भने नेपाली र अंग्रेजी माध्यममा छुट्टाछुट्टै पढाउँछौं । यो हाम्रो बाध्यता हो । छ्याप्छ्याप्ती खुलेका निजी विद्यालयसँग प्रतिस्पर्धा गर्नु छ । विद्यार्थी संख्या जोगाउन हामीसित यसो गर्नुको विकल्प रहेन । यस्तो बाध्यताले विद्यार्थीको न नेपाली राम्रो भयो न त अंग्रेजी । अंग्रेजी माध्यमप्रति अभिभावक हुरुक्कै भएका छन् । अंग्रेजीमा पढाएन भने अभिभावकले विद्यार्थी झिक्छन् ।

शुल्क नभनी सहयोग माग्नुपर्ने बाध्यता छ। गाउँ गाउँमा 'टाई कल्चर' आएको छ। तर, संस्कार र सभ्यता बिग्रन लागेको छ। शिक्षा पत्रकार समूहले यो बहस अभिभावकसम्म पनि लैजाओस्। लैजान जरूरी छ।

## 'मातृभाषा पढाउन सहयोग भएन'

**सीताकुमारी बेघा**
**शिक्षक, फिदिम नगरपालिका**

हाम्रो विद्यालयमा कक्षा १ देखि ५ सम्म लिम्बू भाषा विषयका रूपमा पढाइ हुन्छ। अन्य जातिका राई, क्षेत्री, बाहुन केटाकेटी पनि पढ्छन् लिम्बू भाषा। प्रअ अन्य भाषी हुनुहुन्छ। भाषा लोप नहोस् भनेर विद्यालय र स्थानीय बुद्धिजीवीको चासो र सकारात्मक सोचका कारण यसो भएको हो। म प्रावि तहकी शिक्षक हुँ। म नै पढाउँछु। तर यो भाषा पढाउन भनेर शिक्षक छैनन्। कतैबाट सहयोग पनि छैन। त्यसैले पहिले कक्षा ६ र ७ मा पढाउँदै आइएकोमा अहिले कक्षा ५ सम्म मात्र सीमित गरिएको छ।

## 'अंग्रेजी माध्यमले बर्बाद पार्दैछ'

**कुमार पौडेल**
**प्रअ, आदर्श मावि, इलाम**

हाम्रो विद्यालयमा यसै वर्षदेखि अंग्रेजी माध्यम शुरू गरिएको हो। कक्षा ६ देखि १२ सम्म अंग्रेजी माध्यममा पढाउन थालेका छौं। अंग्रेजी माध्यमतर्फको लहरका कारण बाध्यताले शुरू गरियो। अंग्रेजी माध्यममा पढाएन भने भोलि विद्यार्थी भाग्लान् कि भन्ने डर छ। तर, अंग्रेजी विषयलाई राम्ररी पढाउन सक्ने हो भने पुग्छ जस्तो लाग्छ। सामाजिक विषय नेपालीमै

पढाउने योजना छ । अभिभावकले मानेनन् भने मात्र अंग्रेजीमै पढाउनु पर्ला । विद्यार्थीलाई ज्ञान दिनुको साटो भाषा सिकाउन थाले जस्तो भएको छ । अंग्रेजी माध्यमका लागि दक्ष जनशक्ति नहुँदा ज्ञान त कता हो कता भाषा पनि गतिलोसँग सिकाउन सकिएको छैन । पहिले पहिले नेपाली नबुझ्ने लिम्बू केटाकेटीलाई क भन त वा ख भन त भन्दा उनीहरूको भाषाबाट सिकाउँदा क मेत्ते, ख मेत्ते भनेर सिकाउँथ्यौं । अहिले अवस्था कस्तो आयो आयो ! बहुभाषिक, बहुसांस्कृतिक हाम्रो देशलाई अंग्रेजी माध्यमले बर्बाद पार्दैछ । कहाँ पुगेर यो टुंगिने हो ? केही थाहा छैन ।

## 'राष्ट्रिय भाषा र मातृभाषा सकिने हो कि !'

**इन्द्रबहादुर चौहान**
**शिक्षक, आदर्श मावि, मोरङ**

हामीले पनि २०७३ बाटै अंग्रेजी माध्यमबाट पढाइ आरम्भ गरेका छौं । १२०० विद्यार्थी छन् । १० कक्षासम्म अंग्रेजी माध्यमबाट र ११ र १२ मा चाहिं नेपाली र अंग्रेजी दुवै माध्यममा पढाउँछौं । अंग्रेजीमा पढाउन थालेपछि विद्यार्थी बढेका छन् । यसका लागि हामीले निजी स्रोतका शिक्षक राखेका छौं । निजीबाट ९० प्रतिशत भन्दा बढी नम्बर ल्याएका विद्यार्थी समेत हामीकहाँ प्रवेश परीक्षामा असफल भए । भौतिक पूर्वाधारको कमी छ तर धेरैले रोजगारी पनि पाए । शौचालय, यातायातका साधन लगायतमा समस्या बढेको छ । विद्यार्थी त बढे तर अरू धेरै समस्या थपिए । राष्ट्रिय भाषा र मातृभाषा सकिने भयो भन्ने चिन्ता बढाएको छ । नेपालीमा उदाहरण दिएर बुझाउँदा जुन चमक शिक्षक विद्यार्थीमा आउँछ, त्यो कहाँ हुन्छ अंग्रेजीमा ? पहिले नेपाली प्रयोग गर्न कडाइ गरे पनि अहिले छूट दिएका छौं । वास्तवमा हामी सबै मिलेर अंग्रेजीको भूत उतार्न जरूरी छ । ■

# विद्यार्थीले पढ्न र शिक्षकले पढाउन नसकेपछि अंग्रेजी माध्यम तल झार्‍यौं

■ शुभद्रा लघु

हामीले २०६२ सालदेखि अंग्रेजी माध्यममा पठनपाठन शुरू गरेका हौं । अभिभावकको चाहना र माग पनि अंग्रेजी माध्यम नै थियो । अंग्रेजी माध्यम शुरू नगर्ने हो भने उनीहरूलाई निजी विद्यालयमा आफ्ना छोराछोरी लैजानबाट रोक्न नसकिने स्थिति आयो । हाम्रोमा विद्यार्थी ह्वात्तै घट्ने देख्यौं । अंग्रेजी माध्यममा शिक्षा दिन सके अभिभावकले निजीमा पठाउँदैनन् कि भनेर शुरू गरियो ।

अंग्रेजी माध्यम लागू गरेपछि केही विद्यार्थी बढे पनि । तर विद्यालयमा तामाङ, नेवार मातृभाषी विद्यार्थी धेरै भएकाले अंग्रेजीमा पढाउन धेरै गाह्रो भयो । फेरि हामीकहाँ इँटाभट्टामा काम गर्ने अभिभावकका केटाकेटीहरू पनि पढ्न आउँछन् । उनीहरू यहाँ शैक्षिक सत्रको आधा समय मात्रै पढ्छन् । २५ प्रतिशत भन्दा बढी त्यस्ता विद्यार्थी छन् । अभिभावक जहाँ-जहाँ काम खोज्न जान्छन्, उनीहरूसित बसाइँ सर्ने ती केटाकेटीहरू दशैंपछि मात्रै हामीकहाँ पढ्न आउँछन् । तिनीहरूले अंग्रेजीमा पढ्नै सकेनन् । हामी अप्ठेरोमा पर्‍यौं ।

यो सँगसँगै शिक्षकलाई पनि अंग्रेजी माध्यममा पढाउन कठिन भएको पाइयो। हालसालै मात्र भर्ना भएका नयाँ शिक्षकहरूले पढाउन सके पनि पुराना शिक्षकले पढाउन सकेनन्। शिक्षकले आफैं अंग्रेजी सिक्दै विद्यार्थीलाई पढाउँदा त्यो नाम मात्रैको अंग्रेजी माध्यम हुनगयो। पुरानाले अंग्रेजीमा पढाउन नसकेपछि उनीहरूको तलबबाट केही पैसा कटाएर निजी स्रोतमा शिक्षक राखियो। तर सबै निजी स्रोतमा राख्न नसकिने भएकाले पुरानालाई पनि अंग्रेजी माध्यममा पढाउन लगाइयो।

यसरी कक्षा १ देखि शुरू गरेर कक्षा ८ सम्मै अंग्रेजी माध्यम लग्यौं। तर विद्यार्थीको सिकाइ स्तर झन् कमजोर भयो। वास्तवमा उनीहरूले बुझ्दै नबुझी जबर्जस्ती अंग्रेजी माध्यममा घोक्दै आए।

नतिजा पनि चित्तबुझ्दो आएन। कक्षा ५ सम्म निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली (क्यास) का कारण विद्यार्थी सरासर उत्तीर्ण हुँदै आउनु स्वाभाविक थियो। ६ मा नतिजा स्वाट्टै घट्यो। उनीहरूले अंग्रेजीमा उत्तर लेख्नै जानेनन्। हामी स्तब्ध भयौं। लाग्यो, जागिर सकिने वेलाका शिक्षकहरूलाई अंग्रेजी माध्यममा सबै विषय पढाउनुपर्छ भनी जबर्जस्ती लाद्दाको परिणाम यस्तो भएको हो। अब पनि अंग्रेजी माध्यम भनेर रटान लगाउनुको कुनै तुक थिएन। कक्षा ८ सम्म लगेको अंग्रेजी माध्यम घटाएर कक्षा ३ मा झार्न हामी बाध्य भयौं। विद्यालयमा अहिले अंग्रेजी माध्यम कक्षा ३ सम्म मात्रै छ। हाल स्थानीय तहले अंग्रेजी माध्यममा पढाउन निर्देशन दिएकाले पनि अंग्रेजी माध्यम पूरै हटाउन नसकिने बाध्यता छ। ■

*(प्रअ, गणेश मावि, सूर्यविनायक नगरपालिका, भक्तपुर)*

# विद्यार्थी संख्या बढाउन अंग्रेजी माध्यम शुरू गऱ्यौं

■ जीवछ यादव

हाम्रो विद्यालय आर्थिक अवस्था कमजोर भएका अभिभावक बढी भएको ठाउँमा छ। तर पनि अंग्रेजी माध्यममा पढाउनका लागि उनीहरू आफ्ना केटाकेटीलाई बसमा चढाएर टाढा टाढाका निजी विद्यालय पठाउँछन्। केही अभिभावकहरूले अंग्रेजी माध्यममा पढाइ भए सामुदायिकमै विद्यार्थी पठाउने शर्त राखे। त्यसैले हामीले हाम्रो विद्यालयमा विद्यार्थी संख्या बढाउनका लागि पनि शैक्षिक सत्र २०७५ देखि अंग्रेजी माध्यममा पठनपाठन शुरू गरेका हौं। हाललाई कक्षा-२ सम्म अंग्रेजी माध्यममा शिक्षण भइरहेछ। यो हाम्रो रहर होइन बाध्यता हो। नगरपालिकाले लिखित रूपमा सबै विद्यालयलाई प्राथमिक तहमा अंग्रेजी माध्यम लागू गर्न परिपत्र गरेकाले अंग्रेजी माध्यममा पढाउनुको हामीसित विकल्प बाँकी रहेन। अंग्रेजी माध्यममा पढाएबापत विद्यालयले अभिभावकबाट कुनै प्रकारको सहयोग वा शुल्क लिएको छैन।

अंग्रेजी माध्यममा पढाउन भनेर छुट्टै निजी स्रोतका शिक्षक राखिएको छैन। भएका शिक्षकहरूले नै पढाउँछौं। अहिले हामी

तीन जना शिक्षक छौं । एक जना बाल विकास सहजकर्ता । शिक्षक अभावले गर्दा एउटै घण्टीमा एउटै शिक्षकले दुई वटा कक्षाको शिक्षण गर्नु परिरहेको छ । एउटै कक्षाकोठामा पूरै ४५ मिनेटको घण्टी कहिल्यै लिन पाएका छैनौं । कक्षा १ र २ का विद्यार्थीहरूलाई अंग्रेजी माध्यमको पाठ्यपुस्तक दिइए पनि उनीहरूलाई नेपाली र स्थानीय मातृभाषामा बुझाउने गरिएको छ । यसो नगरे उनीहरूले बुझ्दैनन् । मातृभाषामा उल्था गरेर भनिदिंदा विद्यार्थीले चाँडै बुझ्छन् । स्कूलमा पढ्न आएका केटाकेटीहरू जे गर्दा बुझ्छन, त्यही गर्नु हाम्रो धर्म पनि त हो ! ■

*(प्रअ, कमलामाई राष्ट्रिय प्राथमिक विद्यालय, सवैला, धनुषा ।*
*प्रअ यादवसँग दीपेन्द्र सिंहले गर्नुभएको कुराकानीमा आधारित)*

## अंग्रेजी माध्यम

# शिक्षक र विद्यार्थी दुवैका लागि कष्टकर

■ अन्जु लामा

नेपालमा औपचारिक रूपमा अंग्रेजी शिक्षाको शुरूआत श्री ३ जंगबहादुर राणा बेलायत भ्रमणबाट फर्केपछि भएको थियो । उनको उद्देश्य आफ्ना सन्तानले अंग्रेजी भाषा जानुन् भन्ने थियो । अंग्रेजी भाषाको मोह बढ्दै जाने क्रममा आज आएर करीब करीब हामी सबैको मनमस्तिष्क नै अंग्रेजीमय भएको छ । सन् २००३ मा शिक्षा मन्त्रालयले कक्षा १ देखि अंग्रेजी भाषा अध्यापन गर्ने नीति ल्याए अनुरूप कक्षा १ देखि नै अंग्रेजी विषयको पठनपाठन गरिन्छ । त्यस अघि कक्षा ४ देखि मात्र अंग्रेजी विषयको पठनपाठन हुने गर्दथ्यो ।

अंग्रेजी भाषालाई अन्तर्राष्ट्रिय भाषा, यो भाषा जाने जहाँ गए पनि आफ्नो अस्तित्व कायम राख्न र अवसर पाउन सकिने भाषा हो भन्ने बुझाइ धेरैमा छ । त्यस्तै अंग्रेजी माध्यम नै गुणस्तर हो भन्ने गलत सोच पनि व्यापक नै छ । निजी विद्यालयहरूले अंग्रेजी माध्यम शुरू गरेपछि विस्तारै अभिभावकहरूले आफ्ना बालबालिकालाई निजी विद्यालयको ढोका-ढोका पुऱ्याउने थाले । अभिभावकहरू छोराछोरीले फरर अंग्रेजी बोल्न जाने आफ्नो स्तर नै माथि उकासिएको

ठान्न थाले, जुन अद्यापि  कायम छ । अंग्रेजी माध्यममा पढाए मात्र अंग्रेजी राम्रो हुन्छ भन्ने अभिभावकहरूको सोचाइका कारण नेपाली माध्यममा पढाइ हुने सरकारी विद्यालय भन्दा अंग्रेजी माध्यममा पढाइ हुने निजी विद्यालयमा आफ्ना केटाकेटी भर्ना गर्न थाले । फलस्वरुप सरकारी/सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कतै न्यून त कतै शून्य हुनपुग्यो । अनि सरकारी विद्यालयले आफ्ना विद्यार्थीलाई टिकाउन, आफ्नो विद्यालयको साख जोगाउने उपायका रूपमा 'अंग्रेजी माध्यममा शिक्षा' लागू गर्न थाले ।

अंग्रेजी माध्यम त लागू गरियो तर हामी कसैले पनि विद्यार्थी र शिक्षकको पाटोबाट उनीहरूले के-कस्ता समस्या भोगिरहेका छन् भनेर वास्ता गरेका रहेनछौं । एमफिल अध्ययनका क्रममा अनुसन्धान गर्दा थाहा भयो । काठमाडौं र मकवानपुरका केही सामुदायिक विद्यालय पुगेर मैले यो अध्ययन गरेकी थिएँ । ती शिक्षकहरू जसले जीवनको आधा उमेर नेपाली माध्यममा अध्यापन गरेर आए र अहिले एक्कै पटक अंग्रेजी माध्यममा शिक्षण गर्नुपर्दा भोगेका मानसिक तनावको लेखाजोखा हामीले गर्न सकेका छैनौं । कतिपय शिक्षकहरू यति धेरै मानसिक हिंसामा परेका रहेछन् कि उमेरले नेटो काटिसकेपछि अहिले आएर शिक्षण पेशा न निल्नु न ओकल्नु भएको छ । जागिर छोडौं, अब अर्को पाउने सम्भावना धेरै कम । जागिर रोजौं, 'अंग्रेजी माध्यम' को तनाव । यसै क्रममा सामाजिक विषय अंग्रेजीमा अध्यापन गराउने एक शिक्षक भन्नुहुन्छ, "अचानक विद्यालयले अंग्रेजी माध्यममा शिक्षण गर्ने नीति अवलम्बन गर्दा शुरूमा त धेरै गाह्रो पऱ्यो । दाहिने गोरु देब्रेतिर नारिए जस्तै । कति रात त राम्ररी निदाउन पनि सकिएन, किनकि भोलि पढाउने पाठको सम्पूर्ण तयारी आज रातभरि गर्नुपर्ने हुन्थ्यो । त्यसमाथि पाठसँग सम्बन्धित शब्दार्थहरू अंग्रेजीमा खोज्नुपर्ने । अंग्रेजीमा कसरी पढाउने होला भन्ने चिन्ता हुन्थ्यो । राम्ररी निदाउनको लागि म सधैं शुक्रवार पर्खन्थें । जब शुक्रवार आउँथ्यो अनि आनन्दले

निदाउने गर्थें । शनिवार अध्यापन गराउनु नपर्ने, छुट्टीको दिन साथै बालबालिकालाई जे विषयवस्तु दिनुपर्ने हो, त्यो दिन नसकिएको पनि उहाँलाई महसूस भयो । उहाँको अनुभवले भन्छ, “अंग्रेजी माध्यम अवलम्बन गर्दा सामाजिक विषयको परीक्षामा एक विद्यार्थीले दशैं चाडको बारेमा "Haami Dashain ma maasu bhaat khanchhaun ani kite udaunchhaun" लेखे । यसरी लेख्दा विद्यार्थी न अंग्रेजी जान्ने भए, न त नेपाली । झन् विद्यार्थीले आफ्नो मौलिकता गुमाउँदै गएको महसूस भयो ।”

शिक्षण सिकाइमा प्रयोग गरिने माध्यम भाषामा सबभन्दा शिक्षक आफैं पोख्त हुनु अनिवार्य मानिन्छ । उनीहरूलाई नै यसमा गाह्रो भयो भने प्रभावकारी शिक्षण हुनै सक्दैन । अझ विशेषगरी आफ्नो देशको भूगोल, परम्परा, रीतिरिवाज, संस्कृति आदिको बारेमा विद्यार्थी र शिक्षक दुवैले जान्ने, बुझ्ने भाषामा बुझ्दा र बुझाउँदा जति आनन्द आउँछ, त्यति अरू भाषामा आउँदैन । अंग्रेजी माध्यमको कारणले गर्दा शिक्षक जस्तै विद्यार्थीहरू पनि मानसिक तनावको शिकार हुन पुगेका छन् । अनुसन्धानकै क्रममा कतिपय विद्यार्थीले आफ्ना तीता र मन छुने अनुभवहरू सुनाएका छन् । कति त साह्रै मार्मिक छन् । एक जना विद्यार्थी जो नेपाली माध्यमको विद्यालयबाट केही समयअघि अंग्रेजी माध्यमको सामुदायिक विद्यालयमा आएकी छन् । उनी भन्छिन्, “पहिला म नेपाली माध्यमको स्कूलमा पढ्दा सधैं प्रथम/द्वितीय हुने विद्यार्थी थिएँ । हरेक विषयको परीक्षामा राम्रो अंक ल्याउने गर्थें । मेरा धेरै साथी थिए, जसले मलाई पाठ सिकाइ दिन आग्रह गर्थे । तर, अहिले आएर त्रैमासिक परीक्षामा म फेल भएँ, कारण ‘अंग्रेजी माध्यम’ । मनमा धेरै कुरा आउँछ लेख्नलाई तर शब्दार्थ नआउँदा लेख्नै सक्दिनँ ।”

अंग्रेजी माध्यममा लेख्नुपर्ने भएकोले उनलाई परीक्षा नै नआइदिए हुन्थ्यो जस्तो लाग्छ । किनभने शिक्षकहरू पढाउँदा सबै जना अंग्रेजीमा बोल्थे । बुझाउँथे । उनलाई आफ्नो पुरानो विद्यालयको साह्रै संझना

आउँछ। उनी भन्छिन्, "मलाई चार जना साथीहरूले सधैं सहयोग गरे। तर 'बेस्ट फ्रेन्ड' भने कोही भएन। जान्ने साथीले त सबै सिकाउँछन्। त्यसैले सबै जना जान्ने साथीहरूसँग मात्र बोल्दथे। प्रायः धेरैजसो मसँग बोल्दैनथे। म घरमा आएर रुन्थें। यो सम्झेर कि यदि नेपाली माध्यमको विद्यालयमा पढेको भए केही न केही त हुन्थ्यो। तर, यस विद्यालयमा आएर सबैभन्दा नजान्ने हुँदा मलाई पुरानो विद्यालयको धेरै याद आउँछ।"

यसरी माध्यम भाषा विद्यार्थीले नबुझ्ने भाषा छ भने उनीहरू भाषामा नै अल्मलिएर विषयवस्तुको बुझाइबाट नै अलग्गिन थाल्छन्। शिक्षण सिकाइमा अंग्रेजीलाई नै माध्यम भाषाको रूपमा छनोट गर्नुभन्दा अगाडि विद्यार्थीको अंग्रेजी भाषाको स्तरलाई नबुझ्ने हो भने विद्यार्थीलाई विषयवस्तु होइन, अंग्रेजी भाषा सिकाउनुपर्ने हुन्छ, जसले पढाउनुपर्ने मुख्य विषयवस्तु ओझेलमा पर्न जान्छ।

नेपाल एक बहुभाषिक देश हो। थुप्रै बालबालिका घरमा एउटा भाषा बोल्छन्। विद्यालयमा अर्कै बोल्नुपर्ने हुन्छ। कति बालबालिकाका लागि त नेपाली भाषा पनि बुझ्न समस्या हुन्छ। यस्तोमा विद्यालयमा गएर अंग्रेजी माध्यममा लेखपढ गर्नुपर्दा उनीहरूको सिकाइमा समस्या भएको छ। कति विद्यार्थीले गृहकार्य गर्न नसकेको र विद्यालय जान समेत मन नगरेको पाइयो। कक्षामा अंग्रेजी नबुझेर, प्रश्न सोध्न नसकेर संकुचित भएर बस्न बाध्य समेत हुनुपरेको अवस्था पनि छ। ग्रामीण क्षेत्रका एक विद्यार्थी भन्छन्, "यदि मैले प्रश्न सोधें र मिलेन भने साथीहरू हाँस्लान् भन्ने डरले विषयवस्तु नबुझे पनि चुप लागेर बस्छु। कतिपय शब्द उच्चारण गर्न नै समस्या हुन्छ। नेपालीमा भएको भए नबुझेका कुरा निर्धक्क भएर सोध्थें र परीक्षामा पनि राम्ररी र बढी लेखिन्थ्यो।"

सामुदायिक विद्यालयका शिक्षक र विद्यार्थीहरूको अंग्रेजी भाषाको वर्तमान स्तरलाई सुधार नगरी विषयवस्तु सिकाइने माध्यम

भाषा अंग्रेजी बनाउन खोज्नु मुख्य विषयलाई ओझेलमा पारी अंग्रेजी भाषा सिकाउन खोज्नु सिवाय अरू केही हुन सक्दैन । 'कामकुरो एकातिर कुम्लोबोकी ठिमीतिर' भन्ने उखान ठ्याक्कै यहाँ चरितार्थ हुन गएको छ ।

म अंग्रेजी माध्यम शिक्षणको विरोधी पक्कै होइन । तर, यति मात्र चाहना हो कि विद्यार्थीको क्षमता र आवश्यकता अनुसार माध्यम भाषाको व्यवस्था गरियोस् । विद्यार्थीलाई समानता होइन, समताको आवश्यकता छ । शिक्षण सिकाइमा प्रयोग गरिने भाषालाई बाध्यता नबनाइयोस् । जुन भाषामा शिक्षण गर्दा विषयवस्तु बुझ्न र बुझाउन सजिलो हुन्छ, त्यही माध्यम भाषाको प्रयोग हुनुपर्छ भन्ने कुराप्रति शिक्षा नीति नियम बनाउने सम्बन्धित सबैको ध्यान जाओस् । नीति नियम बनाउनुभन्दा अगाडि विविध पक्षको गहन अध्ययन र अनुसन्धान गरेर मात्रै सही निर्णय गरौं । ■

*(लामा ज्ञानोदय मावि, वाफल, काठमाडौंमा माध्यमिक तहकी अंग्रेजी विषय शिक्षक हुनुहुन्छ ।)*

## अंग्रेजी माध्यम

# रहर र बाध्यताको उल्झनमा शिक्षक

■ नानीबाबु घिमिरे

भाषा; मानिसले एकअर्कासँग कुराकानी गर्ने, आफ्ना विचार, भावना तथा अनुभव आदान-प्रदान गर्ने सशक्त माध्यम हो। मातृभाषा घरमै सिकिन्छ। दोस्रो, तेस्रो भाषा अनौपचारिक तवरले पनि सिक्न सकिन्छ। र, औपचारिक कक्षामा उपस्थित भएर पनि सिकिन्छ। मातृभाषाको जगमा टेकेर दोस्रो, तेस्रो भाषा सिक्न विद्यार्थीलाई सहज हुन्छ। नेपालको संविधान २०७२ र शिक्षाका ऐन-नियमहरूमा मातृभाषामा शिक्षा पाउन सकिने व्यवस्था उल्लेख छ।

संविधानको मर्म र विद्यालयमा माध्यम भाषाको प्रयोगको अवस्था बीच संगति भेट्न सकिँदैन। सिन्धुली जिल्लाका केही सामुदायिक विद्यालयको अवलोकन भ्रमण, तथ्यांक संकलन र अनुभवका आधारमा भन्नुपर्दा सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम संचालन गर्ने निर्णयमा विद्यालय व्यवस्थापन समितिको प्रमुख भूमिका देखिएको छ। यस्तै केही प्रअ तथा शिक्षकहरू आफ्नो विद्यालयमा अंग्रेजी माध्यम संचालन गर्न अग्रसर भएको पाइएको छ। तर अधिकांश

शिक्षकले भने बाध्यताका कारण अंग्रेजी माध्यममा पढाउन आफूहरू विवश भएको बताएका छन् ।

## रहरको लहड

“काठमाडौंमा निजी विद्यालयमा पढेको र अंग्रेजी जानेकैले मैले शिक्षकको जागिर पाएँ । बालबालिकालाई अंग्रेजी माध्यमकै विद्यालयमा पढाउनुपर्छ । यसले गर्दा उनीहरूले परीक्षामा राम्रो अंक ल्याउँछन् र भविष्यमा रोजगारीको अवसर पाउँछन् । मैले अहिले पढाइरहेको सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम छ । यसकारण एसईईको नतिजा पनि राम्रो छ । अंग्रेजी माध्यमको विद्यालयमा पढाउने भनेपछि मलाई मेरो समुदायले सम्मानपूर्वक व्यवहार गर्छ, जुन मेरा लागि गर्वको कुरा हो ।”

यो धारणा सीमान्तकृत माझी समुदायकी एक शिक्षकको हो । उनी निजी स्रोतकी शिक्षक हुन् । अंग्रेजी माध्यममा पढाउने वित्तिकै छात्र/छात्राहरूको ज्ञानको दायरा फराकिलो हुन्छ, उनीहरूमा विषयवस्तुको ज्ञान पनि गहकिलो हुन्छ भन्ने उनलाई लाग्छ । अंग्रेजी माध्यमकै कारण परीक्षामा विद्यार्थीले सफलता पाउँछन् र भविष्यमा रोजगारी पनि पाउँछन् अर्थात् सफलतापूर्वक जीवन निर्वाह गर्न सक्छन् भन्ने उनको विश्वास छ ।

यस्तै अर्को सामुदायिक विद्यालयमा कार्यरत एक शिक्षक आफ्नो मत यसरी राख्छन्, “अहिलेको विश्वव्यापीकरण र सूचनाप्रविधिको युगमा विद्यार्थीलाई विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने योग्य नागरिक बनाउन अंग्रेजी माध्यम संचालन गरिरहेका छौं ।”

अंग्रेजी माध्यमकै मोहमा परेका सामुदायिक विद्यालयकै एक तामाङ भाषी शिक्षकले अंग्रेजी माध्यममा पढाउन आफ्ना छोरीहरू संस्थागत विद्यालयमा भर्ना गरे । उनी भन्छन्, “मैले मेरा छोरीहरूलाई अंग्रेजीमा पढाइदिनु भन्दा कसैले पनि पढाइदिएनन् । त्यसैले मेरा

छोरीहरू अहिले सदरमुकामको निजी विद्यालयमा पढिरहेका छन् । पछि मसहित हाम्रा प्रधानाध्यापकको सक्रियतामा हाम्रो विद्यालयमा पनि अंग्रेजी माध्यम चलायौं । हाम्रो मातृभाषा पढेर के हुन्छ ? न शिक्षक सेवा आयोगमा तामाङ भाषामा प्रश्न आउँछ, न लोक सेवा आयोगमा ? न विदेश गएर कमाई गर्नुपर्‍यो भने हाम्रो मातृभाषाले काम दिन्छ ।"

यसरी ग्रामीण भेगका सामुदायिक विद्यालयमा अध्यापन गराइरहेका शिक्षकहरूमा अंग्रेजी भाषाप्रतिको मोह निकै गढेको र बढेको देखिन्छ । विद्यार्थीहरूले अंग्रेजी जाने भने सबै कुरा प्राप्ति हुन्छ अर्थात् बालबालिका ठूला भएपछि जस्तोसुकै प्रतिस्पर्धामा पनि सफल हुन्छन्, राम्रो अवसर पाउँछन् भन्ने भनाइ र बुझाइ शिक्षकहरूमा पाइन्छ । अहिलेको विश्वव्यापीकरणको युगमा अंग्रेजीप्रति मानिस आकर्षित हुनु अस्वाभाविक नभए पनि विद्यार्थीको आधारभूत तहको सिकाइमा नै अंग्रेजी माध्यम हुनुपर्छ र यसले उनीहरूको भविष्य उज्ज्वल हुन्छ भन्ने मनोविज्ञान शिक्षकमा हुनु गम्भीर रूपमा सोचनीय विषय हो । अंग्रेजी विषय पढेका कतिपय शिक्षक र अंग्रेजी अलिअलि जानेका शिक्षकहरूलाई पनि आफ्नो विद्यालय अंग्रेजी माध्यममा चलाउन पाए समाजमा राम्रो दर्जा पाउने, अरूले हेर्दा विद्यालयले राम्रो गरेको छ भन्ने र 'अंग्रेजी माध्यमको विद्यालयको शिक्षक हुँ' भन्दा आफ्नो पनि इज्जत बढेको भन्ने ठानेर पनि सामुदायिक विद्यालयलाई अंग्रेजी माध्यममा चलाइएको छ । यसबाट विद्यार्थीको भाषागत विकास, संज्ञानात्मक विकास, अन्तरक्रियात्मक सीपको विकासमा परेको नकारात्मक असरलाई भने नजरअन्दाज गरेको पाइन्छ ।

## बाध्यताको भुमरी

विद्यालयको आवश्यकता भन्दा पनि अभिभावकहरूको चाहना एवं संस्थागत विद्यालयप्रति बढ्दो आकर्षण र सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढाउने वा टिकाउने उद्देश्यले सामुदायिक विद्यालयलाई

अंग्रेजी माध्यममा परिवर्तन गरेको पाइन्छ । "अभिभावकहरू रोजगारीका लागि विदेश जान्छन्, उता अंग्रेजी जानेको भए काम गर्न पनि सजिलो हुने र कमाइ पनि धेरै हुने भन्ने थाहा पाउँदा रै'छन् र यता आफ्ना बालबालिकाहरूलाई अंग्रेजी माध्यममा पढाउन रहर गर्छन् ।" सामुदायिक विद्यालयका एक प्रधानाध्यापकले भने, "त्यसैले गाउँघरका संस्थागत विद्यालयप्रति अभिभावकको ध्यान गयो । सामुदायिक विद्यालयमा विद्यार्थी घट्न थाले । आफ्नो भन्दा कम योग्यता र पूर्वाधार भएकाले अंग्रेजी माध्यममा संस्थागत विद्यालय चलाएको देख्दा हामी किन सक्दैनौं र ? भनेर हामीले पनि अंग्रेजी माध्यम संचालन गऱ्यौं । यद्यपि पूरै अंग्रेजी माध्यममै कक्षा संचालन गरेको दाबी गर्दैनौं । तर प्रयास गरेका छौं ।"

विद्यार्थी अन्यत्र नजाउन् भनेर बाध्यतावश सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम चलाउन विद्यालय व्यवस्थापन समिति अनि प्रधानाध्यापकले जाँगर चलाए पनि प्रायः शिक्षकहरू भने त्यति खुशी छैनन् । लामो समयदेखि नेपाली माध्यममा पढाएका एवं अंग्रेजी भाषाको आधारभूत ज्ञान समेत कम भएकोले यस्ता शिक्षकहरू अंग्रेजी माध्यममा पढाउन इच्छुक देखिंदैनन् । व्यवस्थापन समितिले निर्णय गरे पनि कनिकुथी अंग्रेजीलाई नेपालीमा उल्था गरिदिने वा विद्यार्थीलाई पाठ्यपुस्तकमा लेखिएको अंग्रेजी पढ्न लगाउने सिवाय अरू काम गरेको पाइँदैन । अंग्रेजी माध्यममा सामाजिक अध्ययन विषय पढाउँदै आएकी एक शिक्षक भन्छिन्, "हामी पूरै अंग्रेजी बोलेर पढाउन सक्दैनौं । पाठ नेपालीमा उल्था गर्छौं । प्रश्नोत्तर अंग्रेजीमा लेखाउँछौं । कक्षामा नेपाली माध्यममै छलफल गर्छौं । अंग्रेजी आए पो विद्यार्थीसँग अंग्रेजीमा छलफल गर्नु ?"

प्राथमिक तहमा नेपाली विषय पढाइरहेकी उनी मिहिनेती र लगनशील शिक्षक मानिन्छिन् । विद्यालयमा अंग्रेजी माध्यम संचालन भएपछि उनलाई सामाजिक विषय अंग्रेजी माध्यममा पढाउन भनियो ।

केही वर्षको यस्तो अभ्यासपछि यो वर्षदेखि विद्यालयमा सामाजिक विषय अंग्रेजीमा पढाउन छाडिएको छ। ती शिक्षकले भनिन्, "अंग्रेजी माध्यमले झन् गञ्जागोल पाऱ्यो । हाम्रो विद्यालयमा कक्षा ५ मा अर्को विद्यालयबाट पनि बालबालिका आउँछन् । हाम्रा उत्पादनले त अलिअलि अंग्रेजी बुझ्छन् तर नयाँले केही पनि जान्दैनन् । यस्तो अवस्था भयो कि विद्यार्थीले न अंग्रेजी जाने न त नेपाली नै राम्ररी लेख्न सके । झन् अप्ठ्यारो भयो । पासै नहोलान् भन्ने डर भयो ।"

शिक्षकहरूसँग कुराकानी गर्ने सिलसिलामा म एकजना पाका शिक्षकले कक्षा २ मा सामाजिक विषयको पाठ पढाउँदै गरेको कक्षाकोठामा पुगें । उनी अंग्रेजी माध्यममा पढाउने विद्यालयका शिक्षक हुन् । २२ वर्ष शिक्षण अनुभव भएका ती शिक्षकले अप्ठ्यारा शब्दको नेपाली शब्दार्थ लेखे । नेपालीमै विद्यार्थीलाई पढ्न भने । प्रत्येक अंग्रेजी शब्दहरू एक-एक गरी उच्चारण गर्दै त्यसको अर्थ नेपालीमा दोहोऱ्याउन, तेहेऱ्याउन लगाए र पाठको अन्त्य भएको घोषणा गरे । कक्षामा पढाइरहँदा ती शिक्षकले पाठ्यपुस्तकमा भएका बाहेक 'Silence Please' भन्ने अंग्रेजी वाक्यांश भने । आफ्नो तर्फबाट अरू केही पनि उच्चारण गरिएको सुनिएन ।

कक्षा अवलोकन पछिको छोटो अन्तर्वार्तामा ती शिक्षकले 'अंग्रेजी माध्यम त हुनै पर्छ' भनेर जोड गर्दै आफू अंग्रेजीमा कमजोर रहेको, उच्चारण विधि, अंग्रेजी ग्रामर र अंग्रेजी माध्यममा पढाउने सीप सम्बन्धी तालिम आफूलाई आवश्यक रहेको बताए । अंग्रेजी माध्यमका कारण शिक्षकहरूले आफूले पढाउने पाठ खुलेर अंग्रेजीमा व्याख्या गर्न सकिरहेका छैनन् । शिक्षकहरूमा अंग्रेजीमा संचार गर्ने आधार भूत सीपको समेत कमि भएको अवस्थामा उनीहरूले विषयवस्तुलाई अंग्रेजीमा व्याख्या, विश्लेषण र संश्लेषण गर्न सकिरहेका छैनन् ।

कति तीतो अनुभव ! अंग्रेजी माध्यममा पढाउन न शिक्षकको ज्ञान पर्याप्त छ न विद्यार्थीको क्षमता उल्लेखनीय । पाठमा दिएको अंग्रेजीका

शब्द, पाठमा दिएको प्रश्नको उत्तर कण्ठ गर्नु नै अंग्रेजी माध्यमको पढाइ हो भन्ने बुझाइ बन्दै जान थालेको छ।

व्यवस्थापन समितिले निर्णय गरेपछि पढाउनै पर्ने बाध्यताका कारण शिक्षकहरूले अंग्रेजी माध्यमका पाठ्यपुस्तक सकी-नसकी पढाइरहेका छन्। त्यस्तो बाध्यतामा रुमल्लिएका कति शिक्षकले त सकेसम्म सरुवा भएर अर्को विद्यालयमा जाने वा मन नलागी नलागी पढाएर बस्ने गरेको देखिन्छ। शिक्षकले रहर मानी मानी कक्षामा गएर खुलस्त तवरले पढाउने वातावरण छैन भने विद्यार्थीको सिकाइमा कसरी अपेक्षित र सकारात्मक प्रभाव पर्छ र ? यसबाट विद्यार्थीमा मौलिक रूपमा विवेचना गर्ने, सक्रिय रूपमा छलफल गर्ने, ज्ञान र सीप सिक्ने भन्दा पनि पुस्तकमा दिएको विषयवस्तुलाई पुनरुत्पादन गर्ने काम भइरहेको छ। केवल रट्ने, घोक्ने भन्दा बाहेक विद्यार्थीमा विषयवस्तुका सम्बन्धमा तर्क गर्ने, व्याख्या गर्ने क्षमताको विकास हुँदैन। यसले गर्दा विद्यार्थीको सिकाइमा नकारात्मक असर परिरहेको छ, जुन गम्भीर रूपमा सोचनीय विषय हो।

अंग्रेजी बाहेकका विषयहरू पनि अंग्रेजीमै शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया गरेर, विद्यार्थीहरूलाई समूहकार्यमा सहभागी गराउन शैक्षिक सामग्रीको प्रयोग गरेर, अंग्रेजीकै माध्यमबाट विषयवस्तु प्रष्ट पार्दै त्यस्ता विषयवस्तु उपर विद्यार्थीले आफूलाई लागेका कुरा अंग्रेजीमै भन्न सक्ने र शिक्षकले पनि अंग्रेजीमै त्यसको व्याख्या विश्लेषण गर्न सक्ने भए मात्रै अंग्रेजी माध्यम प्रभावकारी हुन्छ। केवल रहर मात्रले विद्यार्थीको सिकाइमा सकारात्मक भन्दा बढी नकारात्मक असर पार्छ। अहिले हाम्रो अभ्यासले यस्तै देखाइरहेको छ। सामाजिक, नैतिक, विज्ञान, स्वास्थ्य तथा वातावरण जस्ता विषयमा धक खोलेर पढाउन नसक्दा विद्यार्थीले जति ज्ञान हासिल गर्नुपर्ने हो वा जति सिक्नुपर्ने हो, त्यति सिक्न सक्दैनन्। परिणामतः कमजोर ज्ञानको धरातल भएको नागरिक तयार हुन्छन्। अनि राज्यले विकास गर्न खोजेको जस्तो गतिलो जनशक्ति तयार हुँदैन।

अंग्रेजी माध्यममा चलेका केही सामुदायिक विद्यालयमा हेर्नलायक भौतिक पूर्वाधार, चुस्त व्यवस्थापन, सक्रिय संचालक समिति, कुशल प्रधानाध्यापक, लगनशील शिक्षक र मिहिनेती विद्यार्थी छन् । तर थुप्रै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमको नाममा अंग्रेजी पाठ्यपुस्तक राखियो र नेपालीमा उल्था गरेर पढाउन थालियो । कतै निजी स्रोतमा समेत शिक्षक राखियो । परीक्षा अंग्रेजीमा लिने गरियो । तर विद्यालयको भौतिक एवं शैक्षिक पूर्वाधारमा सुधारका लागि खासै केही गरिएको छैन । तर अंग्रेजी माध्यमलाई प्रभावकारी बनाउन न  शिक्षकलाई तयार गरिएको छ न त भएका शिक्षक अंग्रेजी माध्यममा पढाउन सक्ने नै छन् । आश्चर्यको कुरा के भने, अंग्रेजी माध्यममा पढाउन नसक्ने शिक्षक हुँदा पनि अंग्रेजी माध्यम भने संचालन गरिएको छ ।

अंग्रेजी भाषाको ज्ञान र सीप नभएका, मनोवैज्ञानिक रूपले अंग्रेजी माध्यमको कक्षामा पढाउन तयार नभएका तथा रहर र बाध्यताको उल्भनमा अल्भिएका शिक्षकहरूले पढाउँदा उनीहरूको मानसिक, संवेगात्मक, मनोवैज्ञानिक विकासमा नकारात्मक असर पर्छ नै । अन्ततः यसको क्षति विद्यार्थीले बेहोर्नुपर्छ । उनीहरूमा तर्क गर्ने, समस्याको विश्लेषण गरी समाधान गर्ने ज्ञान एवं सीपको खासै विकास हुँदैन । घोकेर  र सारेर जाँचपास गर्नुपर्ने बाध्यतामा परेपछि विद्यार्थीमा यी सीपहरूको विकास हुने द्वार नै बन्द हुन पुग्छ ।

विद्यालयको  सरोकारवालाहरूमध्ये शिक्षक प्रमुख र महत्वपूर्ण मानिन्छन् । स्तरीय शिक्षाको प्रवर्द्धक र संवाहक जे भने पनि त्यो शिक्षक नै हो । शिक्षक नै तयार नभई, शिक्षक नै  उत्प्रेरित नभई ऊ मार्फत विद्यार्थीको सिकाइमा अपेक्षित प्रगति आउन संभव नै छैन । त्यसैले, विद्यालय व्यवस्थापन समितिले भन्दैमा वा निर्णय गर्दैमा आवश्यक भौतिक, आर्थिक एवं शैक्षिक पूर्वाधार नभई, अंग्रेजी माध्यमको ज्ञान र सीप भएको जनशक्ति नभई रहर र लहडको भरमा अंग्रेजी

माध्यम नचलाउनु नै रूपान्तरणका लागि तयार नहुनु नै श्रेयस्कर हुन्छ। अंग्रेजी माध्यममा पठनपाठनका लागि आवश्यक दक्ष शिक्षक तथा शैक्षिक सामग्रीको उपलब्धता, सन्दर्भ सामग्रीको पर्याप्तता, शिक्षण सीपमा कुशलता एवं विद्यार्थीको मातृभाषाको जगमा टेकेर अंग्रेजी भाषा सिक्ने परिवेश नभई विद्यालयलाई अंग्रेजी माध्यममा नलैजानु नै विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको बुद्धिमत्ता हो भन्नेमा शायदै दुईमत होला। ■

*(लेखक, सिद्धज्योति शिक्षा क्याम्पस सिन्धुलीको*
*उप-प्राध्यापक तथा त्रिभुवन विश्वविद्यालयमा*
*अंग्रेजी शिक्षा विषयको विद्यावारिधिको शोधार्थी हुनुहुन्छ।)*

# सिकाइमा मातृभाषा वरदानसिद्ध हुँदोरहेछ

■ विजयमणि पौडेल

२०७० साल वैशाखको पहिलो हप्ता । टिच फर नेपालको पहिलो समूहको फेलोको रूपमा दक्षिण ललितपुरको यात्रा शुरू भयो । सातदोबाटोबाट चापागाउँहुँदै छपेलीतिर लाग्दै गर्दा गाडी गुड्ने बाटो साँघुरिन थाल्यो । बाटोमा पहिरोले झारेका अजङ्गका ढुङ्गा छिचोल्दै अगाडि बढ्ने क्रममा बाटो मुनिको भयानक भीरमा आँखा परेको वेला आङ नै सिरिङ्ग हुन्थ्यो ।

तत्कालीन प्युटार गाविस (हाल वागमती गाउँपालिका वडा नं. ५) को गढीभञ्ज्याङ भन्ने ठाउँमा गाडी रोकियो । म पढाउन जान लागेको सामुदायिक विद्यालय चण्डेश्वरी मावि पुग्न त्यहाँबाट करीब एक घन्टाको उकालो हिंड्नुपर्ने रहेछ । मलाई लिन केही विद्यार्थीको साथमा विद्यालयका एक जना शिक्षक आउनुभएको थियो । विद्यार्थी लजाएर परै बसे । बोल्न जाँदा उनीहरू मुख छोपेर बुट्यानमा लुक्न गए ।

मलाई अचम्म लाग्यो । मैले यसको कारण शिक्षकलाई सोधें । उहाँले जवाफ दिनुभयो, “माथि पूरै तामाङ बस्ती छ ।

विद्यालयमा समेत सबै तामाङभाषी विद्यार्थी छन् । उनीहरू अरू भाषा बोल्नेहरूसँग लजाउँछन् ।”

❖ ❖ ❖

उकालो चढेर असिनपसिन हुँदै गाउँ पुगियो । थकाइ मार्न बस्नुभन्दा गाउँको परिवेश बुझ्न म बढी उत्सुक थिएँ । म गाउँको चक्कर लगाउन थालें । साना-साना भाइबहिनी र उमेर ढल्किएका बाजेबज्यैहरूसित कुराकानी गर्न कठिन भयो । उहाँहरूले नेपाली भाषा राम्रोसँग नबुझ्ने र मैले तामाङ भाषा नबुझ्ने । थाहा पाएँ, बूढापाकाले नेपाली भाषालाई 'पर्वते भाषा' भन्दा रहेछन् । गाउँ डुल्ने क्रममा नै विद्यालय पनि पुगें । विद्यालय बन्द भइसकेको थियो ।

विद्यालयको आँगनमा गएर खाल्डोमा थुपारिएको कागजका पानाहरू पल्टाउन थालें । ती पानाहरूमा राम्रोसँग बुझिने शब्दहरू थिएनन् । यसो हेरें 'बल' को ठाउँमा 'बाल' थियो । 'साग' को ठाउँमा 'सँग' । लगभग सबै आकार लाग्ने अक्षरहरूमा अकार थियो भने अकार लाग्नेमा आकार । नेपालीको जवाफ लेखिएको पानामा एक अनुच्छेद पढ्न पनि सकिएन । ह्रस्व दीर्घको कुरै छाडौं । कति शब्दहरू नेपाली भाषामा शुद्ध थिएनन् । मैले आफ्नो अगाडि चुनौतीको चाङ देख्न थालें । कक्षा ९ को ढोका अगाडि हेरें । त्यसमा विज्ञानलाई अंग्रेजीमा गलत स्पेलिङ राखेर scince लेखिएको थियो र एउटा क्रस चिह्नले काटिएको थियो । म त विज्ञान विषय पढाउन त्यहाँ गएको थिएँ । यो सब देखेपछि एकातर्फ विज्ञान कसरी पढाउने भन्ने चिन्ता बढ्यो भने अर्कोतिर भाषाको समस्याले निकै पिरोल्यो ।

कक्षा ९ र १० का विद्यार्थीलाई मैले बोलेको बुझ्नमा खासै समस्या थिएन । खेलकुद र व्यापारको लागि गाउँ बाहिर जाने भएकाले नेपालीभाषीसँग उनीहरूको हिमचिम हुने रहेछ । कक्षा ६, ७ र ८ मा चाहिं मेरो कक्षामा धेरै विद्यार्थी अवाक् भएर मलाई हेरिरहन्थे । मैले

प्रश्न सोध्दा जवाफ दिन सक्दैनथे । मसित प्रश्न गर्न पनि सक्दैनथे । मैले रोमाञ्चक तरिकाले कथाहरू सुनाउने प्रयास गर्दा पनि त्यसमा उनीहरूको खासै आकर्षण हुँदैनथ्यो ।

म विज्ञान सिकाउन गएको मान्छे, भाषाले पैदा गरेको समस्यामा अल्झिन थालें । मेरो शिक्षण प्रभावकारी भएन । हुने कुरै थिएन । नेपाली नबुझ्दा विज्ञानका अवधारणा नै उनीहरूले बुझेनन् । नेपाली भाषा लेखनको आधार झन् कमजोर थियो । कापीमा जवाफ लेख्न उनीहरूलाई धौ-धौ हुन्थ्यो ।

शुरूमा मलाई पनि लाग्थ्यो, कक्षाभरि विद्यार्थीले नेपाली नै बोल्नुपर्छ । समूह कार्यमा पनि नेपाली नै बोल्नुपर्छ । म विद्यार्थीलाई यसैको लागि प्रोत्साहित गर्दथें । तर, विद्यार्थी मान्दैनथे । उनीहरू आफ्ना साथीहरूसँग मातृभाषामा नै बोल्दथे । उनीहरूले मलाई नटेरेको जस्तो लाग्दथ्यो । म उनीहरूलाई गाली गर्थें । त्यसपछि एकछिन त उनीहरू नेपाली भाषामै बोल्थे । तर केही समयमै फेरि आफ्नै मातृभाषामा कुरा गर्दथे । यसले मलाई दिक्क लाग्न थाल्यो । आफ्नो भाषा मात्र बोलेर कसरी उनीहरूले सिक्न सक्लान् र जस्तो लाग्थ्यो ।

पाठ्यक्रम नेपाली भाषामा छ । पाठ्यपुस्तकहरू नेपाली भाषामै छन् । शिक्षण सिकाइ नेपाली भाषामै हुन्छ । सन्दर्भ सामग्रीहरू पनि नेपाली भाषामै छन् । त्यसैले म हरदम उनीहरूलाई नेपाली भाषाकै लागि प्रोत्साहित गर्दथें । तर, नेपाली भाषा लादेर मात्र केही हुने देखिनँ ।

मैले आफैंबारे सोच्न थालें । नेपाली मातृभाषा भएको म, नेपालीमा भनिएका कुराहरू जति गहनताका साथ बुझ्दछु, मैले सिकेका अन्य भाषाहरूमा त्यो गहनता आउँदैन । मनैदेखि लागेको कुरा अंग्रेजी भाषामा अभिव्यक्त गर्न सक्दिनँ । कतै मेरा विद्यार्थीलाई यस्तो त भइरहेको छैन ? म झल्यास्स भएँ ।

यसपछि मैले एउटा तरिका अपनाएँ । मैले विद्यार्थीको भाषा सिक्न शुरू गरें । साना-साना भाइबहिनीहरूसँग तामाङ भाषाका शब्दहरू सिक्न

थालें । सिकाइ मूल्याङ्कन नेपाली भाषामा हुने भएकोले उनीहरूले नेपाली भाषा सबल बनाउनुपर्छ र म चाहिं उनीहरूको भाषा सिक्छु भनेर मैले आफैंलाई चुनौती दिएँ । यही क्रममा म उनीहरूकै भाषामा अभिवादन गर्दै कक्षाकोठामा पस्न थालें । 'नमस्ते' को सट्टा 'ल्हास्सो' भन्दा नै फरक अनुभव गरें । जब म ल्हास्सो भन्दै कक्षामा प्रवेश गर्थें, उनीहरू उत्साहित हुँदै अभिवादन फर्काउँथे । 'ज्याबान मुला ?' *(सन्चै छ ?)* भनेर सोध्दा उनीहरू उत्साहित हुँदै 'जमैदान ज्याबान मुला सर (सबैलाई सन्चै छ)' भन्थे । कक्षाकार्य सकियो कि सकिएन भनेर सोध्नलाई म 'जिन्जी' भनेर सोध्थें । उनीहरू 'जिन्जी' वा 'आजिन्जी' भन्दथे ।

जब म उनीहरूको भाषामा बोल्दथें, उनीहरू छक्क पर्थे । उनीहरूलाई लाग्थ्यो होला, नेपाली मात्र बोल्न लगाउने शिक्षकले यो के तमासा गरेको होला । तर, मैले बोल्दाखेरी उनीहरूको आँखाको चमक नै अर्कै हुन्थ्यो । नयाँ भाषाको सिकारु म, कति उच्चारणहरू गलत हुन्थ्यो । यस्तो अवस्थामा उनीहरू खुशीले गद्‌गद्‌ भई मलाई भन्दथे, "सर त्यस्तो होइन क्या यस्तो हो ।"

आफ्नो शिक्षकलाई सिकाउन पाउँदा उनीहरूमा खुशीको सीमा थिएन । यसरी उनीहरूको भाषाको साधारण प्रयोगले मात्र पनि उनीहरूसँगको सम्बन्ध क्रमशः गाढा हुँदै गयो । उनीहरू टिफिन समयको वेला पनि मसित कुरा गर्न पो आउन थाले । बाटोमा भेट्दा कम धक मान्न थाले ।

त्यसपछि मैले कक्षाकोठाका समूह कार्यहरूमा विद्यार्थीलाई आफ्नै भाषा बोल्न लगाउन थालें । मैले मात्रै बोलेको कुराबाट सबै विद्यार्थीले बुझ्न लगभग असम्भव थियो । कुनै पनि पाठ मैले व्याख्या गर्दा १० प्रतिशत जति विद्यार्थीले मात्र लगभग पूरै कुरा बुझ्दथे । बाँकीले अलिअलि बोल्दथे वा केही पनि बुझ्दैनथे ।

यसपछि मैले पाठ पूरै बुझ्ने विद्यार्थीलाई विभिन्न समूहमा राखेर अरू साथीहरूलाई बुझाउन लगाएँ । उनीहरूले आफ्नै मातृभाषामा

बोलेर पाठ्यवस्तु बुझाउन थाले । यसको प्रभाव देखेर म अचम्मित भएँ । यो उपायले त एक किसिमको जादू नै गऱ्यो ! मैले बुझाउँदा थोरैले मात्र पूरै बुझ्ने विद्यार्थीले आफ्ना साथीले आफ्नै भाषामा बोलेर सिकाउँदा पाठको अवधारणा बुझेको पाएँ ।

यो अभ्यासपछि मैले अर्को तरिका पनि प्रयोग गर्न शुरू गरें । कक्षामा लैजाने कति प्रश्नहरू तामाङ भाषामै लेख्न थालें । उनीहरूले भने तामाङ भाषाको प्रश्नलाई नेपालीमा जवाफ दिनुपर्ने भयो । विज्ञानका प्रश्नहरू मातृभाषामै बनाउँदा जवाफ दिनेको संख्या बढ्न थाल्यो ।

भाषा सिक्ने क्रम जारी थियो । मैले कति पाठ कनिकुथी तामाङ भाषामा नै पढाउन शुरू गरें । यसबाट विद्यार्थीको मुहारमा देखिएको खुशी र चमकको म बयान गर्न नै सक्दिनँ । जब उनीहरूकै भाषामा व्याख्या गर्न शुरू गर्थें, उनीहरू चनाखो भएर सुन्दथे । नबुझेका कुरामा उनीहरू प्रश्न गर्दथे । यसबाट उनीहरूको सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रभाव देखा पऱ्यो ।

त्यसपछि विद्यार्थीलाई अलिकति सृजनशीलता बढाउनुपऱ्यो भन्ने लाग्यो । हामीले भित्तेपत्रिका शुरू गऱ्यौं । यसमा नेपाली, अंग्रेजी र तामाङ भाषामै विद्यार्थीले लेखेका रचना प्रकाशित गर्न शुरू गऱ्यौं । तामाङ भाषाको सम्पादन विद्यार्थी आफैंले गर्दथे । यसले उनीहरूको नेतृत्व क्षमतामा विकास भएको देखियो । हामीले नेपाली भाषाकै गीतहरूलाई तामाङ भाषामा उल्था गर्न शुरू गऱ्यौं । तामाङ सँगसँगै अन्य भाषामा पनि उल्था गर्न शुरू गऱ्यौं । ‘गाउँ गाउँबाट उठ’ गीतलाई विद्यार्थीले आफैंले शब्दहरू खोजेर मिलाएर राखे र गाउन थालेः

*नाम्सा नाम्सा ग्याम्से रेगो, बस्ती बस्ती ग्याम्से रेगो*
*चु ह्युल लाली, शोवादा रेगो ।*

यस्तो प्रयासबाट विद्यार्थीले आफ्नो भाषामा कविता, कथा लेख्न थाले । एकातिर यसले उनीहरूमा आत्मविश्वास बढ्दै गएको थियो

भने अर्कोतिर आफ्नो भाषाले सम्मान पाएको आत्मगौरव महसूस गर्दथे । 'हाम्रो भाषामा पनि देशभक्ति गीत गाउन सकिंदोरहेछ नि सर' उनीहरूले मलाई भनेका थिए । त्यसपछि उनीहरूले अरू गीतहरू यसैगरी उल्था गर्न थाले । गोपालप्रसाद रिमालले लेखेको रातो र चन्द्र सूर्यलाई पनि तामाङ भाषामा रूपान्तरण गरे ।

*वाला देन लनी दिनी जंगी निशान याङ्ला, छोम्बोका सरी चु लुङ जिबा चु शान याङ्ला ।*

उनीहरूको भाषा सिकेर सामान्य प्रयोगमा ल्याउँदा समेत देखिएको नतिजाबाट म अचम्मित भएँ । मातृभाषालाई सम्मान हुने वातावरण सिर्जना गर्दा उनीहरूले अरू भाषा पनि सिक्न सक्ने रहेछन् । यसले घर र विद्यालय जोडिने रहेछ । यसबाट उनीहरूले आफ्ना आमाबुवाले बोल्ने भाषाको पनि संसारमा औचित्य रहेछ भनेर थाहा पाउँदा अलग्गै आत्मविश्वास बढाउने रहेछन् । उनीहरूको मातृभाषा प्रयोग गरेर पाठका अवधारणाहरू बुझ्ने वातावरण सिर्जना गरिदिंदा उनीहरूको सिकाइ उपलब्धि पनि स्वतः बढ्ने रहेछ । मलाई लाग्छ, सिकाइमा मातृभाषा जोड्ने हो भने मातृभाषा अभिशाप हैन, वरदान बन्न सक्छ । ■

*(पौडेल हाल टिच फर नेपालमा प्रशिक्षकको रूपमा कार्यरत हुनुहुन्छ ।)*

# तयारी विना अंग्रेजी माध्यम आत्मघाती

■ डा. लवदेव अवस्थी

म अहिले भाषा आयोगमा कार्यरत छु । आयोगको कामको सिलसिलामा वेलावेला जिल्लाहरू गइरहनुपर्छ । शिक्षा मन्त्रालयको कर्मचारीको पृष्ठभूमिबाट आएकोले होला, जता गए पनि शिक्षा क्षेत्रका मानिसहरूसित भेटघाट र अन्तरक्रिया गर्ने अवसर मिलिरहन्छ। केही समय अधिको कुरा हो। म दोलखा जाँदा एकजना महिला शिक्षकले भन्नुभयो, "मैले १० कक्षासम्म अंग्रेजी विषय पढेको हुँ। त्यो मैले बिर्सिसकें। १५-१६ वर्ष मैले नेपालीमै पढाइसकें। अंग्रेजीमा बोल्न आउँदैन। कसरी अंग्रेजीमा पढाऊँ ? जागिर छोड्न पनि सकिंदैन । अंग्रेजी माध्यममा नपढाए जागिर छोड्नुपर्छ भनेर स्थानीय तहले परिपत्र गरेको छ।" यसो भनिरहँदा ती महिला शिक्षकका आँखामा आँसु टिलपिल गरिरहेका थिए । वास्तवमा त्यो पीडा उनको मात्र हैन, अंग्रेजी माध्यममा गएका भनिएका सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षकको सामूहिक अभिव्यक्ति हो। अंग्रेजी बोल्ने हाम्रो अभ्यास नै छैन अनि अंग्रेजी माध्यममा पढाउने भइयो भनेर स्थानीय तह वा विद्यालयले भन्दैमा

नेपाली भाषामा पढाइरहेका शिक्षकहरू एकाएक अंग्रेजीमा कसरी पोख्त हुन सक्छन् र !

हो, अंग्रेजी विषय पढाउने शिक्षकले अंग्रेजीको केही न केही अभ्यास गरेको अवस्था हिजो पनि थियो र आज पनि छ । पहिले पहिले जाँच पास गर्ने हिसाबले अंग्रेजी व्याकरणलाई बढी जोड दिने गरिन्थ्यो भने यता आएर सञ्चार र संवादमा पनि जोड दिन थालिएको छ। तथापि भाषिक दक्षता अभिवृद्धिका दृष्टिले हाम्रो अंग्रेजी विषयको पढाइ अझै सन्तोषजनक हुनसकिरहेको छैन। अंग्रेजी विषयकै शिक्षण सिकाइ सन्तोषजनक नभइरहेका वेला वर्षौंदेखि नेपाली माध्यममा मात्र अभ्यस्त शिक्षकहरू अंग्रेजीलाई माध्यम भाषाको रूपमा एकाएक कसरी पछ्याउन सक्छन् र ? वास्तवमा त्यसनिम्ति शिक्षकहरू कुनै किसिमले पनि तयार नै गरिएका छैनन् । न सरकारले त्यस निम्ति ठोस कदम चालेको छ, न त विश्वविद्यालयबाट नै यथोचित तयारी गरिएको छ। हामीले विना हिच्किचाहट स्वीकार गर्नुपर्छ, लहडका आधारमा नै हामीले अंग्रेजी माध्यममा पढाउने जिम्मेवारी दियौं। शिक्षकहरू आफैंले अंग्रेजी माध्यममा पढाउन जान्दिनँ, सक्दिनँ भनिरहँदा पनि अनावश्यक रूपले दबाब सिर्जना गरेर 'गर कि गर' भनेर धकेलिरहेका छौं । यसरी प्रभावकारी सिकाइ हुन्छ भनेर कल्पना नै गर्न सकिँदैन। त्यसबाट राम्रो परिणाम आउने कुरै भएन। यो अत्यन्त अनुत्पादक काम हो।

सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमको देखासिकीको स्रोत निजी स्कूलहरू नै हुन् । अभिभावकले आफ्ना केटाकेटीले अंग्रेजी भाषामा पोख्त बनुन् भन्ने जुन चाहना राखे त्यो अन्यथा होइन । माध्यम भाषा अंग्रेजी नबनाइकन नै अभिभावकको त्यो चाहनालाई राम्ररी पूरा गर्न सकिन्थ्यो। अझै पनि सकिन्छ। तर सामुदायिक भन्दा आफूलाई भिन्न देखाउन र अभिभावकको अंग्रेजी मोहलाई भजाउन निजी स्कूलहरूमा माध्यम भाषा नै अंग्रेजी बनाउने काम भयो। निजी विद्यालयमा अहिले शिशु कक्षादेखि नै अंग्रेजी माध्यममा पढाउने जुन

अनावश्यक लहड चलेको छ, त्यसकै सिको सामुदायिक विद्यालयले पनि गरे। यसो नगरी अभिभावकले सामुदायिक विद्यालयलाई नपत्याउने भए भनी उनीहरू बाध्य भए।

विद्यालयको एउटा महत्वपूर्ण काम हो, विद्यार्थीलाई सृजनशील र रचनात्मक तवरले चिन्तन गर्न सक्षम बनाउनु। भाषा र संवाद त्यसको पूर्वाधार वा पूर्वशर्त नै हो। शिक्षक र विद्यार्थी दुवैले सिकाउने र सिक्ने भाषा राम्ररी जानेको छैन भने घोक्ने र घोकाउने बाहेक अरू केही हुनै सक्दैन। कुरा बुझे न सिकाइ आरम्भ हुने हो। नबुझेपछि त कुरै सकियो नि ! यसबाट विद्यार्थीको सिकाइमा ठूलो क्षति हुने निश्चित छ। अहिलेका विद्यार्थीले अंग्रेजी माध्यमको नाममा जसरी जे-जे सिकिरहेका छन्, यसले उनीहरूको संज्ञानको विकासका लागि पूर्वाधार विकास गर्नै सक्दैन। उसको अंग्रेजीको स्तर अत्यन्तै नराम्रो र कमजोर हुन्छ। त्यो अंग्रेजीले भोलि गएर न विद्यार्थीको पेशा विकासमा योगदान दिन्छ, न ज्ञानको वृद्धि गर्छ। न त बाह्य जगतमा सञ्चार गर्न सक्छ। सृजनशीलता र रचनात्मक चिन्तन त धेरै परको कुरा भयो।

ब्रिटिश काउन्सिलले गरेको एक अध्ययनमा अंग्रेजीमा राम्रो दखल र ज्ञान नभएका शिक्षकले अंग्रेजी माध्यममा पढाउँदा विद्यार्थीको अंग्रेजी मात्र हैन अंग्रेजी माध्यममा पढाइ भएका अरू विषयको पनि सिकाइ एकदमै कमजोर देखिएको छ। बरु शिक्षकलाई तयार गरेर विषयको रूपमा मात्रै अंग्रेजी सिकाइयो भने विद्यार्थीले राम्रोसँग अंग्रेजी सिक्न सक्छन् भन्ने पाइएको छ। यसबाट बुझ्न सकिन्छ कि विषयगत अंग्रेजी शिक्षक राम्रो भए अंग्रेजी भाषा राम्ररी सिक्न सकिन्छ। दक्ष शिक्षक नभए भएभरका सबै विषय अंग्रेजी माध्यममा पढाए पनि अंग्रेजी राम्रो हुँदैन। उल्टै उनीहरू सबैमा कमजोर हुन्छन्। जे बुझ्नु वा जान्नुपर्ने हो भाषाका कारण त्यो नै बुझ्न नसकेपछि सबथोक खत्तम भैगयो नि ! हामीकहाँ अहिले बजारको दबाब या लहडले विद्यार्थीको भविष्यमा खेलबाड भइरहेको छ, जुन ज्यादै चिन्ताको विषय हो।

सामाजिक अध्ययन, नैतिक शिक्षा, गणित, वातावरण विषय स्थानीय परिवेश अनुसार आफ्नो संस्कृति र जीविकासँग जोडेर सिक्नुपर्ने हुन्छ । अंग्रेजीमा कतिपय ती कुराहरू प्रस्तुत गर्न पनि सकिँदैन । विद्यार्थीले सिक्न पनि सक्दैनन् । किनभने उनीहरूले परिवेश नै पाएनन् । प्रारम्भिक चरणमा उनीहरूको घर र विद्यालयको ज्ञान जोड्नुपर्ने हुन्छ । वरिपरिको सेरोफेरोलाई आधार बनाएर आफ्नो ज्ञानलाई विस्तार गर्नुपर्ने अवस्थामा त्यसलाई खण्डित गरेर एकैचोटि उनीहरूले नजानेको कुनै सरोकार नभएको भाषालाई लिएर जबर्जस्ती माध्यम बनाउँदा विद्यार्थीले बुझ्दैनन् ।

हुँदाहुँदा परीक्षाले पनि समस्या उत्पन्न गरेको छ । विद्यार्थीलाई 'जे जानेका छौ आफ्नो भाषामा लेख' भनिदिएको भए हुन्थ्यो । अझ आफ्नै शैलीमा लेख्न उत्प्रेरित गर्न सके कति जाती हुन्थ्यो ! तर, अंग्रेजी माध्यमबाट परीक्षा लिन थालियो । फेरि अंग्रेजी माध्यममा मात्रै परीक्षामा लेख्न लगाउँदा उनीहरूको अभिव्यक्ति क्षमतामै ठूलो ह्रास आउँछ र प्रकारान्तरले उनीहरूमा विचलन नै ल्याउँछ । विभिन्न विषयहरू आफ्नो परिवेश, आफ्नो शब्द, वाक्य, आफ्नो स्वरुपमा बुझ्न पाए पो त्यसले बालबालिकाको बुझाइ र सिकाइ जीवन्त अनि सशक्त बनाउँछ । जबर्जस्ती अंग्रेजीमा अनुवाद गरिएको छ । त्यसलाई घोकाइएको छ । पहिले शिक्षकले आफूले घोकेर विद्यार्थीलाई घोकाउने गरिएको छ । यसरी तयारी विना अंग्रेजी माध्यममा जानु भनेको आत्मघाती काम हो । ज्ञान निर्माणको दृष्टिले बालबालिकाका लागि यो अत्यन्तै हानिकारक छ । तयारी विनाको अंग्रेजी माध्यम बालबालिकाका लागि मात्र होइन, तिनका अभिभावक र राज्यको लागि पनि ठूलो क्षति हो ।

## पहिले आफ्नै भाषाको जग बलियो बनाऔं

हाम्रा केटाकेटी अंग्रेजीमा दखल होउन् भन्ने अभिभावकको चाहना अन्यथा होइन । तर अंग्रेजी भाषा सिक्नैको लागि पनि हामीले के

बुझ्नुपर्छ भने पहिले आफ्नो भाषामा जग बलियो बनाउनुपर्छ। अंग्रेजी भाषाको जग स्थानीय परिवेशले निर्मित नभएर आयातित हो । हरेक भाषा सिकाइको शुरूआतको जग उसको पहिलो भाषा हो, जुन भाषामा उसलाई सबैभन्दा धेरै ज्ञान हुन्छ। बालबालिकाको आफ्नो वरिपरिको वातावरणको जुन पकड आफ्नो भाषामा हुन्छ, त्यो बाह्य भाषामा हुँदैन । जस्तो मैथिली भाषी बालबालिकाका लागि मैथिली उसको मातृभाषा हो । मैथिलीमा उसको पकड अत्यन्त राम्रो हुन्छ। किनभने उसले यो भाषा आमाको गर्भमा आएदेखि नै सिकिरहेको हुन्छ । समुदायमा सम्पर्कका हिसाबले नेपाली उसको दोस्रो भाषा हुनसक्छ। अंग्रेजी त विदेशी भाषा हो।

त्यसैले, कम्तीमा पनि प्रारम्भिक बाल विकासदेखि कक्षा ३ सम्ममा बालबालिकाले बुझ्ने भाषामा उनीहरूलाई बोल्न लगाउने र विभिन्न क्रियाकलापमा सहभागी गराउनुपर्छ। यसरी ज्ञानको जग बसिसकेपछि विस्तारै पहिलो भाषाबाट क्रमागत रूपमा दोस्रो भाषामा जान सकिन्छ। शुरूआती वर्षहरूमा उनीहरूको आफ्नै भाषाबाट शिक्षण सिकाइ गऱ्यौं भने उनीहरूको जग एकदमै बलियो भएको हुन्छ । यदि आयातित भाषाको जगबाट शिक्षण गरे सिकाइको जग नै कमजोर हुन्छ ।

युरोप, अमेरिका, पूर्वी एशियाका जति पनि विकसित मुलुकहरू छन्, त्यहाँ विद्यार्थीको पहिलो सिकाइको आधार आफ्नै भाषा हो । पहिले आफ्नो भाषाबाट सिकाइको प्रारम्भ हुन्छ अनि क्रमागत रूपमा राष्ट्रभाषा हुँदै विदेशी भाषामा सिकाइ हुन्छ। यसरी मात्र सिकाइ दिगो हुने विभिन्न अनुसन्धानहरूले देखाएका छन् । ती अनुभवहरूलाई लत्याएर तत्काल अंग्रेजी चाहियो भन्ने मानसिकताबाट परिचालित भयौं भने बालबालिकाले अरू भाषा सिक्न सक्दैनन् नै; आफ्नै भाषामा पनि तिनको पकड गतिलो हुँदैन। त्यहाँ ज्ञानको भण्डार पनि कमजोर हुने भो । ज्ञानको भण्डार त आफ्नो परिवेशले, वरिपरिको सञ्चार सम्पर्कले हुने हो नि !

भिगोत्स्की भन्ने एकजना रूसका विद्वान् छन् । उनले अन्तरक्रियात्मक सिकाइ पद्धतिको सिद्धान्त निर्माण गरेका छन् । विद्यार्थीहरूले सामाजिक अन्तरक्रिया गर्न पाएनन् भने उनीहरू खुशी हुन सक्दैनन् भन्ने उनको मान्यता छ। हामीले अंग्रेजी माध्यम लादिदिंदा शिक्षकले पनि विद्यार्थीसँग खुलेर अन्तरक्रिया गर्न सक्दैनन् । विद्यार्थीले पनि शिक्षकसँग खुलेर र निर्धक्क भएर अन्तरक्रिया गर्न सक्दैनन् ।

हाल सालै (२०१९ मा) अभिजित वेनर्जी, एस्थर दुफ्लो र माइकल क्रेमरले अर्थशास्त्रको नोबल (ठ्याक्कै नोबल पुरस्कार चाहिं होइन, तर नोबल फाउन्डेसनले नै दिने भएकोले यसलाई पनि नोबल पुरस्कारकै दर्जा दिने गरिन्छ) पुरस्कार पाए। उनीहरूको विषयको क्षेत्र अर्थशास्त्र भए पनि आफ्नो अध्ययन अनुसन्धानमा मूलतः उनीहरूले शिक्षा र स्वास्थ्यकै कुरा गरेका छन् । उनीहरूले विभिन्न देशको शिक्षा प्रणाली र शिक्षणको सूक्ष्म अध्ययन गरेपछि के भनेका छन् भने "जुन मुलुकले आफ्नो स्थानीय परिवेश अनुसार सिकाइ प्रारम्भ गरेका छन्, त्यहाँका विद्यार्थीको सिकाइ राम्रो देखिएको छ । जहाँ यो क्रम तोडेर आफ्नो परिवेश प्रतिकूलको बाहिरी भाषा या ज्ञानमा प्रवेश गराउँदा विद्यार्थीको ज्ञान खण्डित हुन्छ। उनीहरूको सिकाइ हुँदैन।" विगतमा पनि यस्ताखाले जति पनि  अध्ययनहरू भएका छन्, ती सबै अध्ययनहरूले यही निष्कर्ष निकालेका छन् । अर्थशास्त्रका नोबल पुरस्कार विजेताहरूको अहिलेको अध्ययनको निष्कर्ष पनि विद्यार्थीको सिकाइको सम्भावना तब मात्रै हुन्छ, जब उसलाई आफ्नो भाषा र परिवेशलाई आधार बनाएर सिक्न दिइन्छ।

दुर्भाग्यवश हामीले यी र यस्ता विशद अध्ययनहरूको निष्कर्षलाई गम्भीरतापूर्वक लिएनौं । त्यसको शिक्षा ग्रहण गर्न उचित ठानेनौं । हीनभावना र भारतीय उपमहाद्वीपमा व्याप्त औपनिवेशिक मनोविज्ञानका कारण हाम्रोमा सीधै अंग्रेजी माध्यमबाट जाने, बालबालिकाको मातृभाषाको प्रयोगलाई निषेधित गर्ने, त्यसलाई अनावश्यक ठान्ने सोच आयो । अंग्रेजी भएपछि सबै गज्जब हुन्छ भन्ने भ्रम हामीले

पाल्यौं । जुन हाम्रो मनोविज्ञान र चेतना छ, यो वैज्ञानिक धरातलबाट पनि प्रमाणित हुँदैन । हामीकहाँ भएका हाम्रा विद्यार्थीको सिकाइ स्तर सम्बन्धी अध्ययनहरूले पनि त्यो कुरा पुष्टि गर्दैनन् ।

## संविधानको मर्म – पहिले मातृभाषामा शिक्षा

हाम्रो संविधानको धारा ३१ ले मातृभाषामा शिक्षा पाउने हक विद्यार्थीलाई दिएको छ । पठनपाठनको माध्यम भाषा मातृभाषाबाट शुरू गरौं, नैसर्गिक भाषिक र ज्ञानको अधिकारलाई स्थापित गरौं भनेर संविधानले नै निर्देश गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनमा पनि मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारको प्रबन्ध गरिएको छ । विभिन्न मातृभाषी विद्यार्थी भएको पृष्ठभूमिमा शिक्षाको माध्यम अंग्रेजी भाषा बनाउँदा विद्यार्थी ज्ञानबाट वञ्चित भएका छन् । उनीहरूले आफ्नो बुझ्ने भाषामा ज्ञान नपाई बाहिरबाट ल्याएको सीमित, अड्कलेको सूचना र जानकारी मात्रै पाउन सकेका छन् । यो भनेको बाहिरी परिवेशमा तयार भएको एउटा सामग्रीको जानकारीलाई ज्ञान मान्दा हाम्रो ज्ञान त अपूर्ण हुने भयो । हाम्रा बालबालिकालाई हामीले एक ढङ्गले ज्ञानबाट वञ्चित गराएको अवस्था हो । भाषिक र ज्ञानको अधिकारको हिसाबले पनि यसो गर्न मिल्दैन । बच्चाको आफ्नै विकासका दृष्टिले पनि यो ठीक भएन । अंग्रेजी माध्यम बनाएका सामुदायिक मात्र हैन, निजी विद्यालयमा अध्ययनरत बालबालिका पनि संविधानप्रदत्त अधिकारबाट वञ्चित हुन पुगेका छन् । संविधान सबैले पालना गर्नुपर्छ । संस्थागत विद्यालय पनि यही संविधान अन्तर्गत सञ्चालित शिक्षा प्रणालीमा बसेका छन् ।

बालबालिकाको समग्र विकासको दृष्टिबाट हेर्दा, सामाजिक अध्ययन, नैतिक शिक्षा, शारीरिक शिक्षा, गणितकै कुराहरू पनि धेरै स्थानीयकरण गर्नुपर्ने देखिन्छ । अब केन्द्र सरकारदेखि स्थानीय सरकारसम्मले यो कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## अबको बाटो

सुदूरपश्चिम बैतडीको दुर्गम गाउँमा जन्मेहुर्केको मैले विद्यालय तहको शिक्षा गाउँमै प्राप्त गरेको हुँ । कलेज पढ्न काठमाडौं आएपछि मात्र मैले विद्यालयमा सिकेको अंग्रेजी कति गलत रहेछ भन्ने थाहा पाएँ । त्यसपछि मैले गाउँमा सिकेको अंग्रेजीलाई मेटेर पुनः अंग्रेजी नसिके पढाइ अघि नबढ्ने अवस्था देखियो । मैले त्यसै गरें । मेरा केही साथीभाइ र पेशागत जीवनमा जोडिन आइपुगेका मित्रहरू मलाई कहिलेकाहीं तिमीले अंग्रेजी यति राम्रो कसरी बनायौ भनेर सोध्ने गर्छन् । मेरो अंग्रेजी अब्बल छ भन्ने त मलाई लाग्दैन । तर म यो भाषामा राम्रैसित सञ्चार र संवाद चाहिं गर्न सक्छु । यो भाषा मैले कलेज पढ्दा नै सिकेको हुँ । मेरो आफ्नै अनुभवले भन्छ, अंग्रेजी भाषा राम्रो बनाउन सानैदेखि यही भाषामा पढ्नुपर्ने होइन रहेछ । ठूलो भएपछि दुई तीन वर्ष मिहिनेत गर्‍यो भने जत्ति पनि जानिने रहेछ । सिक्ने र सिकाउने तरिका मिल्यो भने नयाँ भाषा सिक्न र यसमा औसत दक्षता हासिल गर्न लामो समय नलाग्ने रहेछ ।

पछि म आफैं भाषाशास्त्रको विद्यार्थी हुन पुगें । मैले विद्यावारिधि यसैमा गरेको हुँ । मेरो व्यक्तिगत अनुभव, ज्ञान र भाषाशास्त्रीय दृष्टिबाट भन्नुपर्दा, सामुदायिक र संस्थागत दुवै विद्यालयमा प्रारम्भिक बाल विकास र कक्षा १ देखि ३ सम्म बालबालिकाले बुझ्ने र बोल्ने भाषालाई माध्यम भाषा बनाउनुपर्छ । उनीहरूले बुझ्ने भाषा भयो भने सिकाइमा उनीहरूको जीवन्त सहभागिता हुन्छ । अर्थपूर्ण अन्तरक्रिया हुन्छ । कक्षा १ देखि ३ सम्म विषयका रूपमा अंग्रेजी र नेपाली भाषा पनि सिकाउन सकिन्छ । माध्यमको रूपमा उनीहरूले बुझ्ने र बोल्न सक्ने माध्यम भाषाका लागि दक्ष शिक्षक तयार गर्नु पनि त्यतिकै आवश्यक हुन्छ ।

यस्तै कक्षा ४ देखि ५ सम्म हामीले अलि बढी जोड नेपाली माध्यम भाषालाई दिनुपर्छ । नेपाली भाषा सम्पर्कको भाषा पनि हो ।

नेपाली, मातृभाषा र अंग्रेजी भाषा विषयका रूपमा राख्न सकिन्छ। यसरी कक्षा ४ देखि ८ सम्म नेपाली भाषालाई नै माध्यम भाषाको रूपमा सघन रूपमा लैजान आवश्यक हुन्छ। यसले नेपाली भाषाको सक्षमता पनि सुनिश्चित गरिदिन्छ। यदि कुनै प्रदेशको कामकाजी वा सरकारी भाषा नेपाली बाहेक अन्य भए त्यो पनि जोड्न सकिन्छ।

निजी होस् वा सामुदायिक कक्षा ४ देखि ८ सम्म अनिवार्य रूपमै नेपाली माध्यम भाषा हुनुपर्छ। कक्षा ८ भन्दा माथि चाहिं शिक्षक तयारी गरेर अंग्रेजी माध्यममै जाँदा कुनै आपत्ति भएन। मातृभाषालाई विषयको रूपमा ९ देखि माथिल्ला कक्षामा पनि निरन्तरता दिन सकिन्छ। यसरी कक्षा ३ सम्म विद्यार्थीको मातृभाषा वा उसले बुझ्ने भाषा माध्यम भाषा भयो। त्यसपछि उनीहरूको पढाइ सिकाइ नेपालीमा जोडिन्छ। र, क्रमिक रूपमा अंग्रेजीमा लैजान सकिन्छ।

अंग्रेजी माध्यम अभिभावकको चाहना हो भनेर गलत प्रचार गरिएको छ। अभिभावकले आफ्ना केटाकेटीको अंग्रेजी राम्रो होस् भन्ने चाहेका छन्। अंग्रेजी माध्यम भनेको के हो भन्ने त उनीहरूले बुझेका पनि छैनन्। आमाबाबुले अंग्रेजी सिकाउन चाहेका छन्। अंग्रेजी सिकाउनबाट बालबालिकालाई वञ्चित गराउन हुँदैन भन्ने हामी सबैको एकमत नै छ। त्यसैले अभिभावक वा स्थानीय तहलाई मात्रै दोष दिएर हुँदैन। स्थानीय सरकारले जे बुझेको थियो, जे बुझेको छ त्यही गरिराखेको अवस्था छ।

हामी (शिक्षा मन्त्रालय, विभाग) सबै गलत बाटोतिर गएको अनुभूति भएकै थियो। म पहिले शिक्षा मन्त्रालयमा थिएँ। त्यसैले मैले पनि प्रायश्चित गर्नै पर्छ। हाम्रो पनि यसमा ठूलो त्रुटि छ। पछि यस्तो नहोस् भनेर बहुभाषिक नीति र कार्यक्रम ल्यायौं। राम्रो परिणाम पनि देखियो। त्यसलाई फेरि सशक्त रूपमा अघि बढाउन सकिएन। बजारसितको लडाइँमा हाम्रो त्यति धेरै तागत देखिएन। हामी कमजोर भयौं। बजारले हामीलाई पनि त्यति धेरै अगाडि बढ्न दिएन।

बजारले एकछत्र अंग्रेजी माध्यमलाई साधन बनाएर अभिभावकलाई पनि प्रभावित गऱ्यो । नेपालको पूरै राज्य प्रणालीलाई केही न केही प्रभावित गरेकै छ । त्यो कुरा नमीठो लागे पनि हामीले स्वीकार गर्नुपर्छ - हामीले समीक्षा नगरिकन, ठीक बेठीक नछुट्याइकन यसैमा हाम फाल्यौं ।

हामी विद्यालयमा पढ्दा ४ कक्षादेखि मात्र अंग्रेजी पढ्थ्यौं । त्यतिवेलाको क्रम ठीक थियो । किन भने ४ सम्म हामीले आफ्नै भाषामा अन्य विषय पठनपाठन गर्दथ्यौं । पछि निजी विद्यालयले सामुदायिक विद्यालयका विद्यार्थी तान्न अंग्रेजी माध्यम शुरू गर्न थाले । सामुदायिक विद्यालयमा पनि निजी विद्यालयलाई मार्गदर्शक जस्तो बनाएर ४ कक्षादेखिको अंग्रेजीलाई १ कक्षामा साऱ्यौं । यहाँनेर राज्य प्रणाली कमजोर भएको अनुभूति हुन्छ ।

विषयको रूपमा ल्याउँदासम्म पनि ठीकै थियो । तर, त्यसले पनि नपुगेर हामी ईसीडीदेखि नै अंग्रेजी माध्यममा गयौं । विद्यार्थीको भाषिक परिवेश, उसको समुदाय, वातावरण ती कुराको ख्यालै नगरिकनै सबैलाई अंग्रेजीकरण गर्ने अभ्यास गरिरहेका छौं । यो अत्यन्तै जोखिमपूर्ण बन्दै गएको छ । त्यसैले अब  माध्यम भाषाको विषयमा राज्यको ठोस नीति आवश्यक मात्र हैन, अपरिहार्य बनिसकेको छ । संविधानले हामीलाई साथ दिएको छ । यसका लागि संघीय सरकारको जिम्मेवारी बढी छ । शिक्षक तयारीका लागि विश्वविद्यालयको भूमिका पनि जोडिनुपर्छ । अहिले जुन गलत बाटोमा गइराखेका छौं, अब यसलाई अभिभावकदेखि स्थानीय तहको साथ लिएर नयाँ ढङ्गले पुनर्व्याख्या गर्नु आवश्यक छ । माध्यम भाषाको सवालमा अब राज्यले गल्ती सच्याउँदै अघि बढ्ने गरी ठोस र स्पष्ट नीति ल्याउनै पर्छ । ■

*(भाषा आयोगका अध्यक्ष डा. अवस्थीसँग गरिएको कुराकानीमा आधारित)*

*प्रस्तुतिः रोशन गाउँले*

# अंग्रेजी माध्यमको मोहनी
# **शिक्षामा उल्टो बाटो**

■ प्रेम फ्याक

नेपालमा अंग्रेजी माध्यममा विद्यालय शिक्षाको शुरूआत दरबार स्कूलबाटै भएको हो । राणाहरूले शिक्षालाई आफ्नो दरबारमा सीमित गरेको बखत पनि बेलायती शिक्षक बोलाएर आफ्ना सन्तानहरूलाई अंग्रेजीमा शिक्षा दिएका थिए। पंचायतकालमा नेपाली भाषालाई विद्यालय शिक्षाको माध्यमको रूपमा कडाइका साथ लागू गरियो । नेपाली भाषा बाहेक अन्य मातृभाषाहरूको प्रयोगलाई विद्यालयहरूमा प्रतिबन्ध गरिएको थियो । 'राष्ट्रियता' को नाममा नेपालको बहुभाषिक यथार्थलाई बिर्सेर एकल भाषिक नीति अपनाइएको थियो । तर मिसिनरी (सेन्ट जेभियर्स लगायत) स्कूलहरूमा अंग्रेजी माध्यममा पठनपाठन गर्न छूट दिइयो ।

अंग्रेजी माध्यमको लहर मुख्यतः प्रजातन्त्रको पुनर्स्थापनासँगै मौलाएको देखिन्छ । निजी विद्यालयहरूलाई औपचारिक रूपमै नाफा गर्न दिने राज्यको नवउदारवादी नीतिले शिक्षा सार्वजनिक सेवा नभई बजारमा किनबेच हुने एउटा मुख्य वस्तु बनिरहेछ। विद्यार्थी आकर्षित गर्ने होडबाजीको प्रमुख रणनीति हो- अंग्रेजी माध्यम ।

आफूलाई गुणस्तरीय शिक्षा दिने स्कूलको रूपमा चिनाउन निजी विद्यालयहरूले राम्रो अंग्रेजी बोल्ने शिक्षकहरू राख्ने गर्न थाले। कुनै वेला 'दार्जीलिङे' शिक्षकहरू नभएको निजी स्कूल चल्न मुश्किल थियो । अचम्मको कुरा, आज पनि निजी स्कूलहरूमा 'इङ्गलिश स्पीकिङ जोन' बनाएर विद्यार्थीलाई नेपाली बोल्न प्रतिबन्ध लगाइन्छ। अंग्रेजी बाहेक अन्य भाषा बोल्दा विभिन्न किसिमका सजायहरू दिने गरिन्छ।

नाफाकेन्द्रित निजी विद्यालयका यस्ता बेठीक नीति र अभ्यासहरूले सार्वजनिक वृत्तमा अंग्रेजी माध्यम नै गुणस्तरीय शिक्षा हो भन्ने शक्तिशाली तर गलत चिन्तनको निर्माण गऱ्यो । यो चिन्तन यसरी 'हेजेमोनिक' भइदियो कि आम जनमानसमा विद्यालयहरूको अस्तित्व र पहिचान अंग्रेजी माध्यम विना सम्भव छैन भन्नेसम्मका विचारहरू पनि आउन थालेका छन् ।

तर विडम्बना नै भन्नुपर्छ यो चिन्तनसँग जोडिएका सामाजिक, आर्थिक, राजनीतिक मुख्यतया शैक्षिक पक्षहरूको बारेमा मिहिन रूपले छलफल हुनसकेको छैन। न शिक्षा मन्त्रालयलाई चासो छ, न स्थानीय सरकारका प्रतिनिधिहरूलाई मतलब छ। न त शिक्षासँग सरोकार राख्ने अनुसन्धाता र गैरसरकारी संस्थाहरूले यो विषयलाई गम्भीर रूपमा लिएका छन् ।

यो आलेखमा अंग्रेजी माध्यमसँग जोडिएका केही मुख्य मुद्दाहरू उठान गर्ने प्रयास गरिएको छ। यस लेखमा छलफल गरिएका विचार विगत ६/७ वर्षदेखि निरन्तर रूपमा अंग्रेजी माध्यम र शिक्षण-सिकाइमा यसको प्रभावको बारेमा मैले गरेको अध्ययनमा आधारित छन् । यो अध्ययनको क्रममा विद्यार्थी, अभिभावक, स्थानीय तथा संघीय सरकारका प्रतिनिधि, प्रधानाध्यापक तथा शिक्षक र विभिन्न अनुसन्धाताहरूसँग छलफल गर्नुका साथै कक्षा अवलोकन पनि गरिएको थियो।

## समस्या एउटा, समाधान अर्कै

अंग्रेजी माध्यम लागू गर्नुको पछाडि सामुदायिक विद्यालयहरूले गर्ने तर्क भनेको मुख्यतः विद्यार्थी संख्या बढाउनुसँग सम्बन्धित छ। प्रधानाध्यापक र व्यवस्थापन समितिका सदस्यहरूसँग कुरा गर्दा निजी विद्यालयहरूमा विद्यार्थीको बढ्दो आकर्षणले गर्दा सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या घटेको र विद्यालयहरूको अस्तित्व नै संकटमा परेको बुझिन्छ। विद्यार्थी संख्या घटेपछि शिक्षक दरबन्दी घट्ने र विद्यालय नै बन्द गरेर अर्को स्कूलमा गाभिने डर प्रधानाध्यापक र व्यवस्थापन समितिलाई छ। यो समस्यालाई सम्बोधन गर्नको लागि अंग्रेजी माध्यम लागू गर्न 'बाध्य' भएको तर्क आम शिक्षक र व्यवस्थापन समितिको छ।

मोरङ जिल्लाको उत्तरी भेगस्थित एक प्राथमिक विद्यालयका प्रधानाध्यापक तर्क गर्छन्, 'पहिले हाम्रो गाउँमा दुइटा सामुदायिक विद्यालय मात्र थिए। तर अहिले चार वटा निजी स्कूल थपिए। उनीहरूले अभिभावकहरूलाई अंग्रेजी माध्यम, कम्प्युटर आदि देखाएर लोभ्याउँछन्। अभिभावकहरू पनि अंग्रेजी माध्यम नै ठीक हो भन्ने ठान्दछन् र उतैतिर आफ्ना बच्चा पठाउँछन्।' सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम लागू नगर्दा अभिभावकहरूले 'नपत्याउने' उनको बुझाइ छ।

तर वास्तविकता के हो भने, अंग्रेजी माध्यम नभएको कारण मात्र सामुदायिक विद्यालयहरूमा विद्यार्थी घटेका होइनन्। अंग्रेजी माध्यम हुँदैमा कुनै पनि विद्यालयमा विद्यार्थी बढ्दैनन्। भक्तपुर जिल्लाका एक प्रअको विचारमा अंग्रेजी माध्यमको कारणले मात्र विद्यार्थी संख्या बढ्छ भन्ने तर्क नै गलत हो। आफ्नो विद्यालयको अनुभव सुनाउँदै उनी भन्छन्, "सामुदायिक विद्यालयमा नेतृत्व र व्यवस्थापनको कमजोरीले पठनपाठन अस्तव्यस्त भएका कारण विद्यार्थी संख्या घटेको हो। यदि व्यवस्थापकीय पक्ष राम्रो हुने र सबै शिक्षक निजी विद्यालयमा जस्तै खट्ने हो भने पठनपाठन स्वतः सुध्रिन्छ।"

यी विचारहरूले प्रष्ट पार्छन्- विद्यार्थी संख्या बढ्नु वा घट्नु र अंग्रेजी माध्यमबीच कुनै सम्बन्ध रहेको देखिन्न । मुख्य रूपले सामुदायिक विद्यालयहरूको व्यवस्थापकीय कमजोरी र नियमित पठनपाठनको अभावमा अभिभावकहरूको आकर्षण निजी विद्यालयमा भएको देखिन्छ। मुख्यरूपले दलीय हस्तक्षेपको कारण र विद्यालयमा शिक्षकहरूलाई पेशागत विकासको लागि गरिने 'न्यायोचित सहयोग' को अभावमा सामुदायिक विद्यालयहरूमा पठनपाठन प्रभावकारी भएको देखिन्न ।

अंग्रेजी माध्यमको कारणले मात्रै निजी स्कूलमा विद्यार्थीको आकर्षण बढेको भन्ने चाहिं होइन । बरु, त्यहाँ हुने नियमित पठनपाठन, अभिभावकहरूसँगको सम्बन्ध, व्यवस्थापकीय चुस्तता, मिहिनेती शिक्षक, विद्यार्थीलाई उचित निगरानी तथा सहयोग र जवाफदेही नेतृत्वको कारण निजी विद्यालय सामुदायिकको तुलनामा आकर्षणको केन्द्र बन्न पुगेका हुन् । मेरा केटाकेटीको अंग्रेजी पनि राम्रो हुन्छ भन्ने सोचका कारण निजी विद्यालयमा आफ्ना बालबालिका भर्ना गर्न अभिभावक उत्प्रेरित हुन पुगेको भेटिन्छ ।

## अंग्रेजी बोल्नु नै अंग्रेजी भाषामा पोख्त हुनु होइन

हाम्रा कैयन् अभिभावकलाई भ्रम परेको छ, अंग्रेजी भनेको ज्ञान हो । अर्थात् अंग्रेजी जान्दा मानिस स्वतः ज्ञानी भइहाल्छ । त्यसो होइन । नेपाली वा तामाङ, नेवारी, मैथिली झैं अंग्रेजी त केवल एक भाषा हो । जसरी हामी नेपाली वा मैथिली बोल्न जान्दैमा त्यसलाई ज्ञानी मान्न तयार छैनौं, त्यसैगरी अंग्रेजी जान्दैमा ज्ञानी हुने होइन । त्यसैले हामीले बुझ्नै पर्ने पहिलो कुरा, अंग्रेजी एक भाषा मात्र हो ।

दोस्रो हो- अंग्रेजी भाषा बोल्दैमा भाषिक दक्षता हासिल गरेको मानिंदैन । अंग्रेजी बोल्दैमा भाषिक दक्षता हासिल हुने भए ठमेल र पोखरा लेकसाइडका रिक्सा चालकहरू जस्तै स्कूल जानै पर्दैन । दैनिक

रूपमा प्रयोग गरे पुगिहाल्छ। अंग्रेजी भाषा फरर्र बोल्न दुई-तीन वर्ष मात्र लाग्छ। तर संज्ञानात्मक प्राज्ञिक क्षमताको विकास नभइकन भाषिक दक्षता हासिल गरेको मानिन्न। यसको लागि भाषिक दक्खल र राम्रो शिक्षण कला भएको अंग्रेजी भाषा शिक्षकको आवश्यकता पर्दछ।

तर अध्ययनहरूले अंग्रेजी वैदेशिक वा दोस्रो भाषाको रूपमा प्रयोग हुने नेपाल जस्ता देशका शिक्षकहरूको आफ्नै अंग्रेजी भाषा दक्षता अत्यन्तै कमजोर हुने तथ्य उजागर गरेको छ। नेपालको सन्दर्भमा त प्राथमिक कक्षाहरूमा विषयगत शिक्षकहरू नै हुँदैनन्। जसरी कमजोर भाषामा विद्यार्थीले प्रभावकारी रूपमा सिक्न सक्दैनन्, त्यसरी नै आफैं दक्ष नभएको भाषामा शिक्षकहरूले प्रभावकारी शिक्षण गर्न सक्दैनन्। प्रभावकारी शिक्षण नभएपछि सिकाइको जग स्वतः कमजोर हुन्छ।

अर्को कुरा, अंग्रेजी जान्दैमा मात्र 'प्रतिस्पर्धी' हुन सकिन्छ भन्ने सोच सही र व्यावहारिक छैन। हाम्रा स्कूले विद्यार्थीलाई अंग्रेजी भाषाको ज्ञान निश्चय पनि आवश्यक छ। बहुभाषिकताले हाम्रो सामाजिक, शैक्षिक र संज्ञानात्मक विकासमा अवश्य पनि ठूलो सहयोग पुऱ्याउँदछ। विद्यार्थीलाई मातृभाषा, नेपाली, विज्ञान, गणित तथा सामाजिक जस्ता विषयको पनि राम्रो ज्ञान हुन जरूरी छ। तर अरू विषयहरूको ज्ञान नभइकन अंग्रेजी भाषाको मात्र कुनै अर्थ छैन।

पक्कै पनि अंग्रेजीले विश्वबजारको ठूलो हिस्सा ओगटेको छ। तर अंग्रेजी भाषा राम्रो सिक्नको लागि सबै विषय अंग्रेजीमा नै पढाउनुपर्छ भन्ने छैन। दक्ष शिक्षकले अंग्रेजी भाषा सिकाए प्रभावकारी हुन्छ। प्रदेश-२ को एकजना शिक्षकको विचारमा 'अहिले भएको अनिवार्य अंग्रेजी भाषालाई नै प्रभावकारी रूपमा शिक्षण गर्न सक्ने हो भने विद्यार्थीको अंग्रेजी भाषा क्षमता स्वतः राम्रो हुन्छ। भाषा नै राम्रो पढाइ नभएको वेलामा सबै विषय अंग्रेजी माध्यममा पढाउनु अर्को समस्या थप्नु मात्र हो।'

## रटाने सिकाइ र गन्तव्यहीन अंग्रेजी माध्यम

अध्ययनको सिलसिलामा सामुदायिक र निजी दुवै स्कूलका कक्षाहरू मैले अवलोकन गर्ने अवसर पाएको थिएँ। अध्ययनका क्रममा कक्षामा शिक्षक र विद्यार्थीले गर्ने क्रियाकलाप र भाषाहरूको सूक्ष्म विश्लेषण गरिएको थियो। साथै शिक्षकहरूसँग अंग्रेजी माध्यमले पारेको प्रभाव र असरहरूको बारेमा छलफल गरिएको थियो। यी कक्षाहरू अवलोकन र छलफलहरूबाट तीन मुख्य निष्कर्ष निकाल्न सकिन्छ। पहिलो, शिक्षकहरूको आफ्नै अंग्रेजी भाषिक क्षमता नै कमजोर भएकोले विषयवस्तु बुझाउन कठिन भएको देखिन्छ। सामाजिक, विज्ञान, गणित र जनसंख्या जस्ता विषय प्रभावकारी रूपमा पढाउनको लागि चाहिने स्पष्ट व्याख्या र निर्देशन, अन्तरक्रिया र पृष्ठपोषण अंग्रेजी माध्यममा दिन शिक्षकहरूले सकिरहेको देखिंदैन।

दोस्रो, विद्यार्थीले शिक्षक र आफ्नै साथीहरूसँग विषयवस्तुको बारेमा अन्तरक्रिया गर्न नसकेको अवस्था छ। शिक्षकहरूले दिएको निर्देशन र गरेको व्याख्या विद्यार्थीले राम्रोसँग बुझ्न सकेका छैनन्। आफ्ना मनका कुराहरू व्यक्त गर्ने, विषयवस्तुको बारेमा सोच्ने तथा विश्लेषण गर्ने र नबुझेको वेला प्रश्नहरू सोध्ने काम अंग्रेजीकै कारणले हुनसकेको छैन। निष्कर्षमा भन्नुपर्दा, शब्दमा भन्दा अंग्रेजी माध्यमका कक्षाहरू सिकाइकेन्द्रित र जीवन्त हुनसकिरहेका छैनन्।

तेस्रो र महत्वपूर्ण निचोड हो, अंग्रेजी माध्यमका कक्षाहरू शिक्षक तथा पुस्तककेन्द्रित मात्र भएका छन्। शिक्षकले किताबमा भएको कुरा पढ्ने, विद्यार्थीलाई पढ्न लगाउने र त्यहाँ भएका अभ्यासहरू नबुझिकन पनि गर्ने विधिको प्रयोग बढी मात्रामा भएको पाइन्छ। पुस्तकमा दिएको विषयसँग सम्बन्धित विचार, सूचना र ज्ञानको बारेमा राम्ररी छलफल भएको पाइँदैन। यसले गर्दा सिकाइ भनेको शिक्षकले भनेको कुरा सम्झिने र पुस्तकमा दिएको कुरा रट्ने रुटिन मात्र बनेको छ। प्रदेश-२ मा गरिएको छलफलमा एकजना सहभागीको विचार यहाँ

राख्न सान्दर्भिक छः 'अंग्रेजी माध्यमले हाम्रा विद्यार्थीलाई तोता (सुगा) बनाएको छ। सिर्जनशीलता मार्दैछ। यसले रटेर सिक्ने विधिलाई टेवा दिएको छ। यसले सिकाइको जगलाई झन् कमजोर बनाएको छ।'

अंग्रेजी माध्यमको कारणले सम्पूर्ण विषयगत कक्षाहरू अंग्रेजी भाषा कक्षामा रूपान्तरण भएका छन् । अंग्रेजी शब्दहरू उच्चारण गर्न, हिज्जे भन्न तथा तिनीहरूको अर्थ बुझ्न र रट्नमै कक्षाको समय बित्छ । विषयवस्तु बुझ्ने र आफ्नो ज्ञान तथा सीपहरूलाई प्रयोग गर्ने भन्दा पनि बढी अंग्रेजी शब्द र वाक्यहरू रट्ने काममा अधिकांश समय बर्बाद भएको देखिन्छ। भाषाको कारणले हुने यस्तो कठिनाइलाई अध्ययनहरूले 'सिकाइ बर्बादी' को संज्ञा दिएका छन् । यसको सोझो अर्थ हो- विद्यार्थीले जे र जुन किसिमले प्रभावकारी रूपमा सिक्नुपर्ने हो त्यो सिक्न नसक्नु हो। नेपालको सन्दर्भमा अंग्रेजी माध्यमले सामुदायिक र निजी दुवैमा प्रारम्भिक कक्षाहरूमा सिकाइ बर्बादी गरिरहेको छ। यो ज्यादै दुःखको कुरा हो ।

## नामको लागि अंग्रेजी माध्यम

जतिसुकै अंग्रेजी माध्यम भनेर विद्यालयहरूको प्रचार गरिए पनि यो नीति नामको खातिर मात्र प्रयोग गरिएको पाइन्छ। अंग्रेजी माध्यमले शिक्षक र विद्यार्थी दुवैको अंग्रेजी भाषामा दरिलो क्षमता खोज्छ । शिक्षक र विद्यार्थी दुवैले अंग्रेजी भाषामा विना कठिनाइ अन्तरक्रिया र विषयवस्तुको व्याख्या-विश्लेषण गर्न सक्नुपर्छ। तर अंग्रेजी दोस्रो र विदेशी भाषाको रूपमा प्रयोग हुने हाम्रो जस्तो मुलुकमा प्रारम्भिक कक्षाहरूमा यो स्थिति हुन सक्दैन र आवश्यक पनि छैन।

विद्यार्थीले अंग्रेजीलाई नयाँ भाषाको रूपमा सिकिरहेका हुन्छन् । अंग्रेजी माध्यमले उनीहरूको अन्तरक्रियात्मक र संज्ञानात्मक प्राज्ञिक क्षमताको विकास भइसकेको हुँदैन । यस्तो स्थितिमा प्रारम्भिक कक्षाहरूमा विद्यार्थीले बुझ्ने भाषा प्रयोग नगरे सिकाइ अर्थहीन हुन्छ।

शिक्षकहरूसँग गरिएको छलफलले के देखाउँछ भने अंग्रेजी माध्यम एउटा 'फेसन' मात्र हो । काभ्रेका एकजना शिक्षकको भनाइ अनुसार अंग्रेजी माध्यम 'नामको लागि' मात्र हो । अभिभावकहरूलाई सामुदायिक विद्यालयहरू पनि 'कम छैनन् है भन्ने देखाउनलाई पनि अंग्रेजी माध्यममा पढाउँछौ भन्नु परेको' उनको दाबी छ । र, उनको यो दाबीलाई निराधार मान्न सकिने कारण छैन ।

यथार्थ के हो भने अंग्रेजी मात्र प्रयोग गरेर नेपालको सन्दर्भमा आज प्रभावकारी शिक्षण-सिकाइ असम्भव छ । कक्षा अवलोकन र शिक्षक तथा विद्यार्थीसँगको छलफलबाट के देखिन्छ भने अंग्रेजी माध्यमका स्कूलहरूमा पुस्तकहरू अंग्रेजीमा छन् । तर शिक्षण-सिकाइ धेरैजसो नेपाली र कतै-कतै मातृभाषामै हुन्छ । पुस्तकमा दिएको भाषालाई नेपालीमा अनुवाद गर्ने, व्याख्या गर्ने गरेको भेटिन्छ । अथवा अंग्रेजी भाषामा मात्र शिक्षण-सिकाइ हुनसक्दैन । यसको अर्थ सामुदायिक विद्यालयहरूले अंग्रेजी माध्यमलाई रणनीतिक रूपमा अभिभावकहरूलाई आकर्षित गर्न मात्र प्रयोग गरेको देखिन्छ । यसको खासै शैक्षिक मूल्य देखिएको छैन ।

यसरी अंग्रेजी माध्यमलाई 'रणनीति' को रूपमा प्रयोग गर्दै गर्दा समाजमा विशेषगरी नयाँ पुस्तालाई यसले पार्ने नकारात्मक संकटनीय र वैचारिक प्रभावहरूलाई आलोचनात्मक दृष्टिकोणले हेर्न जरूरी छ । अंग्रेजी भाषा नै सबैथोक हो र यसलाई माध्यमको रूपमा प्रयोग नगरी गुणस्तरीय शिक्षा हुन सक्दैन भन्ने सामाजिक मनोविज्ञानले अंग्रेजी माध्यमलाई फेसनको रूपमा प्रयोग गरिने प्रवृत्तिको मलजल गरेको छ । शिक्षामा यस्तो चिन्तनको पछाडी ठोस वैज्ञानिक तथ्य र आधारहरू छैनन् । केवल लहड, अदूरदर्शी र उद्देश्यविहीन बाटाहरूले हाम्रो जस्तो बहुभाषिक समाजको यथार्थता र आवश्यकतालाई सम्बोधन गर्न सक्दैन र सिकाइको जग भताभुङ्ग पारिदिन्छ । तसर्थ अंग्रेजी माध्यमको पछाडि नकुदी सामुदायिक र निजी दुवै विद्यालयहरूले

गुणस्तरीय अंग्रेजी भाषा शिक्षामा जोड दिँदै अन्य विषय शिक्षणको लागि बहुभाषिक नीति र विधि अपनाउन जरूरी मात्र होइन, अपरिहार्य छ र यसको कुनै विकल्प छैन ।

## समाधानको बाटो

समाधानका उपायहरू खोज्दा सबैभन्दा पहिले हामीले  शिक्षा के हो र गुणस्तरीय सिकाइ कसरी हुन्छ भन्ने सवालमा गहिरोसित चिन्तन गर्न र ठोस उत्तर पहिल्याउन आवश्यक छ । गुणस्तरीय सिकाइको लागि विद्यार्थीले आफूसँग भएका भाषिक, सांस्कृतिक र संज्ञानात्मक ज्ञान र सीपहरूलाई प्रयोग गर्ने अवसर पाउनुपर्दछ। दोस्रो भाषा र कुनै पनि विषयवस्तु सिक्ने क्षमताको जग दह्रो बनाउनको लागि विद्यार्थीले अन्तरक्रिया गर्ने, सोच्ने र विश्लेषण गर्ने अवसर पाउनुपर्दछ । अध्ययनहरूले देखाए अनुसार प्रारम्भिक कक्षाहरूमा कमजोर भाषालाई माध्यम भाषा बनाउँदा बालबालिकाको सिकाइको जग कमजोर हुन्छ। त्यसैले शुरूका कक्षामा (कक्षा १-६) विद्यार्थीले बुझ्ने, बोल्ने र सोच्ने भाषालाई माध्यमको रूपमा प्रयोग गरिनुपर्छ। अंग्रेजी भाषा सिकाइलाई प्रभावकारी बनाउनुपर्छ । बालबालिकाले नयाँ भाषा कसरी सिक्छन् भन्ने कुराको ठूल्ठूला सिद्धान्तका ठेली बनिसकेका छन् । अंग्रेजी भाषा शिक्षण गर्ने शिक्षकसित भाषा शिक्षणको आधारभूत दक्षता र सीप नभएकाले नै हाम्रा बालबालिकाले अंग्रेजी सिक्न नसकेका हुन् । त्यसैले शिक्षण तरिकामै सबभन्दा धेरै सुधार र परिवर्तनको खाँचो छ।

नेपाल जस्तो बहुभाषिक देशहरूमा अहिले अभ्यासमा आएको जस्तो प्रारम्भिक कक्षादेखि नै लागू गरिएको अंग्रेजी एकल माध्यम भाषिक नीति गलत छ। यसले निजी र सामुदायिक दुवै विद्यालयहरूमा सिकाइको जग नसोचिएको तवरमा कमजोर बनाएको छ। बहुभाषिक देशहरूमा बहुभाषिक नीति हुनुपर्दछ । विभिन्न भाषिक र सांस्कृतिक समुदायबाट आउने विद्यार्थीलाई उनीहरूसँग भएका भाषिक र

सांस्कृतिक ज्ञानहरूको प्रयोग गर्दै नयाँ भाषा र सीपहरू सिकाउनुपर्दछ। यस सन्दर्भमा विभिन्न मुलुकहरूमा भएका राम्रा अभ्यासहरूबाट हामीले शिक्षा लिन सक्छौं। अमेरिकाका विभिन्न राज्यहरूमा 'दुईतर्फी द्वैभाषिक' नीति अवलम्बन गरिएको छ। अंग्रेजी दोस्रो भाषा र पहिलो भाषा भएका विद्यार्थीलाई एकै ठाउँमा राखेर अंग्रेजी माध्यममा मात्रै पढाउँदा दोस्रो भाषी विद्यार्थीले प्रभावकारी रूपमा सिक्न सक्दैनन्। त्यसैले ९०:१०, ८०:२०, र ५०:५० जस्ता मोडेलहरू अपनाइएको छ। कतै अंग्रेजी भाषा अति कमजोर भएका विद्यार्थीको लागि कक्षाको ९० प्रतिशत समय मातृभाषा प्रयोग गर्ने र १० प्रतिशत दोस्रो भाषा प्रयोग गर्ने गरिन्छ। कुनै राज्यमा मातृभाषा र अंग्रेजीको प्रयोग बराबरी प्रयोग गरिन्छ। कुनै राज्यमा केही विषय मातृभाषामै  केही विषय अंग्रेजीमा पढाइन्छ।

विद्यालय शिक्षा राम्रो भएका देशहरू जस्तै फिनल्याण्ड, नर्वे, जापान र डेनमार्क जस्ता मुलुकहरूमा प्राथमिक तहमा शिक्षण सिकाइको माध्यम भाषा अंग्रेजी छैन। विद्यार्थीले दैनिक जीवनमा बोल्ने मातृभाषाको प्रयोगलाई नै जोड दिइन्छ।

कतिपय देशहरूमा बहुभाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीका लागि पारभाषिक (Translanguaging) विधि अपनाइएको पाइन्छ। बेलायत, अमेरिका, भारत तथा दक्षिण अफ्रिकामा यो विधिलाई सफल विधिको रूपमा प्रयोग गरिएको छ। यो विधि अनुसार शिक्षण गर्दा विद्यार्थीले बोल्ने विभिन्न भाषाहरूलाई (मातृभाषा र सिकिरहेको दोस्रो भाषा) पाठको उद्देश्य अनुसार योजनाबद्ध तवरले प्रयोग गरिन्छ। यसले गर्दा विद्यार्थीले नयाँ विषय सिक्ने क्रममा आफूसँग भएका भाषिक सीप र ज्ञानहरूको प्रयोग गर्न पाउँछन्।

क्यानाडाका बहुभाषिक स्कूलहरूमा गरिएको अध्ययन अनुसार यस्तो पारभाषिक विधिले एकभन्दा बढी भाषाहरूलाई शिक्षण-सिकाइको माध्यमको रूपमा प्रयोग गर्ने अवसर प्रदान गर्छ। शिक्षकले

विद्यार्थीलाई प्रभावकारी रूपमा सिक्न सहयोग गर्न उनीहरूले जानेका विभिन्न भाषाका ज्ञान र सीपहरूलाई प्रयोग गर्ने अवसर दिनुपर्छ । यसका लागि शिक्षकहरूले सबै विद्यार्थीका मातृभाषाहरू जान्नुपर्छ भन्ने छैन । विद्यार्थीसितै पनि सिक्न सकिन्छ । अभिभावकहरूलाई स्रोतव्यक्तिको रूपमा प्रयोग गरिएका धेरै उदाहरण भेटिन्छन् । स्कूलकै सहपाठी शिक्षकहरूसँग पनि सह-शिक्षण गर्न सकिन्छ । यस्तो पारभाषिक विधिले सबै विद्यार्थीको भाषालाई प्रयोग गर्दै शिक्षण-सिकाइ प्रभावकारी बनाउन सहयोग गर्छ ।

अल्पसंख्यक (जस्तै आदिवासी) भाषिक समुदायका विद्यालयहरूमा 'मातृभाषामा आधारित बहुभाषिक शिक्षा' नीति अत्यन्तै सान्दर्भिक र व्यावहारिक हुन्छ । यसले सर्वप्रथम विद्यार्थीलाई उनीहरूको मातृभाषामा पढाइ, लेखाइ र साक्षरताको जग दह्रो बनाउनुपर्छ भन्ने मान्यता राख्छ, जुन भाषा शिक्षाको हिसाबले तर्कसंगत छ । विशेष गरेर प्रारम्भिक कक्षाहरूमा (१-३) मातृभाषालाई माध्यमको रूपमा प्रयोग गरेर भाषिक, संज्ञानात्मक र प्राज्ञिक सीप सिक्ने जग बनाउनुपर्छ ।

यो नीति अनुसार विद्यार्थीलाई मातृभाषामा सिकेका ज्ञानलाई दोस्रो भाषा सिक्न र त्यसलाई माध्यमको रूपमा प्रयोग गर्दै स्थानान्तरण गर्ने क्रियाकलापहरूमा सहभागी गराउनुपर्छ । जस्तै परिवारसँग सम्बन्धित शब्दहरू पढाउँदा विद्यार्थीले प्रयोग गर्ने विभिन्न भाषामा नाता जनाउने शब्दहरू प्रयोग गर्न र तिनीहरूलाई अंग्रेजीसँग दाँज्न लगाउने गर्नुपर्छ । यस्ता क्रियाकलापहरू अनुवाद विधिको रूपमा नगरी पाठको उद्देश्य पूरा गर्न स्रोतको रूपमा प्रयोग गर्नुपर्दछ । फिलिपिन्स, थाइल्याण्ड, इथियोपिया र दक्षिण अफ्रिकामा यस्तो अभ्यास प्रभावकारी भएको देखिन्छ । 'मातृभाषामा आधारित बहुभाषिक शिक्षा' ले स्थानीय ज्ञान, संस्कृति र भाषाहरूलाई केन्द्रमा राखेर शिक्षण-सिकाइ गराउँदछ ।

तसर्थ एकल भाषिक चिन्तनलाई टेवा दिने अंग्रेजी माध्यमको सान्दर्भिकताको बारेमा सबै सरोकारवालाले गहिरो छलफल चलाउन जरूरी छ। हचुवाको भरमा अंग्रेजी माध्यम लागू गरेर अंग्रेजी किताब र रटाने सिकाइले गुणस्तरीय शिक्षाको सपना पूरा हुनसक्दैन। गुणस्तरीय भाषा सिकाइको लागि अंग्रेजीलाई माध्यमको रूपमा लागू गर्नुपर्दैन। भाषा सिकाइ र भाषालाई माध्यमको रूपमा प्रयोग गर्नु फरक कुरा हुन्। लहडको भरमा अंग्रेजी माध्यम लागू गर्दै गर्दा (निजी र सामुदायिक दुवैमा), विद्यार्थीले प्रभावकारी रूपले सिकाइ गर्न सकेका छन् कि छैनन् भन्ने कुराको विश्लेषण गर्न जरूरी छ। यो नीतिले निर्माण गरेको सिकाइको मोडेल र यसले हाम्रो बहुभाषिकतामा पारेको नकारात्मक प्रभावको सरोकारवालाहरू बीच छलफलको जरूरी छ। ■

*(डा. प्रेम फ्याक त्रिभुवन विश्वविद्यालयमा सह-प्राध्यापक हुनुहुन्छ।)*

# स्थानीय तहमा बहुभाषिक शिक्षा कार्यान्वयन
## किन र कसरी ?

■ अमृत योञ्जन तामाङ

*'Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all.'*

*UN Sustainable Development Goals (2016-2030) No. 4*

*'सबैको लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने'*

*लक्ष्य नं. ४, दिगो विकास लक्ष्य (२०१६-२०३०), संयुक्त राष्ट्रसंघ।*

संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य हाम्रो पनि लक्ष्य हो। शिक्षा समावेशी, समतामूलक र गुणस्तरीय हुनुपर्दछ भनेर लक्ष्य नं. ४ मा भनिएको छ। समावेशी र समतामूलक शिक्षा भनेको सबैको पहुँच हुने, र कसैलाई कुनै पनि प्रकारको भेदभाव विना दिइने शिक्षा हो।

गुणस्तरीय शिक्षा भनेको चाहिं त्यस्तो पाठ्यक्रम र शिक्षण सिकाइ प्रक्रिया हो जसबाट बालबालिका भोलि आफ्नो र समाज दुवैको निम्ति उत्पादनमूलक हुनेछन्, उनीहरू समाजमा सक्रिय नागरिक बन्नेछन् ।

बालबालिकाको मातृभाषामा शिक्षण सिकाइ हुँदा सिकाइ अर्थपूर्ण हुन्छ । शिक्षकले भनेका कुरा बुझ्छन्, आफूलाई लागेका कुरा/जिज्ञासाहरू निर्धक्क राख्न सक्छन् । विद्यालयप्रतिको आकर्षण बढ्दा स्वाभाविक रूपमा शिक्षामा उनीहरूको पहुँच बढ्छ । नेपालमा मातृभाषामा शिक्षा वा बहुभाषिक शिक्षाको बारेमा धेरै भ्रम फैलाइएको हुनाले यसलाई चिर्न अति आवश्यक छ । म यस लेखमा बहुभाषिक शिक्षाको बारेमा भएका भ्रमहरूलाई नेपाल सरकारद्वारा नै स्थापना गरेका परिभाषाहरूबाट चिर्दै स्थानीय तहमा यो बहुभाषिक शिक्षा किन र कसरी लागू गर्न सकिन्छ भन्नेबारे आधारभूत जानकारी राख्ने प्रयास गर्नेछु ।[1]

## १. बहुभाषिक शिक्षा के हो ?

बालबालिकाको मातृभाषाको माध्यममा दिइने शिक्षा नै बहुभाषिक शिक्षा हो । घरमा जुन भाषा बोलिन्छ विद्यालयमा पनि त्यही भाषाको माध्यमबाट पठनपाठन हुँदा बालबालिकाले रटेर होइन, बुझेर पढ्छन् र सिकाइ उपलब्धिमूलक हुन्छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएको छ ।

'मातृभाषामा शिक्षा' र 'बहुभाषिक शिक्षा' भनेको एउटै हो । जनजिब्रो, नेपालको संविधान, ऐन-कानून र अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूमा 'मातृभाषामा शिक्षा' भनिएको हुन्छ भने शिक्षा

[1] कर्तव्य फाउन्डेसनसहितद्वारा १० भदौ, २०७४ मा नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौंमा आयोजित 'स्थानीय तहको पाठ्यक्रममा समावेशी शिक्षाको सवाल' शीर्षक गोष्ठीमा प्रस्तुत गरिएको थियो । यस गोष्ठीमा भएको छलफलका साथै वर्तमान सन्दर्भ अनुसार लेखलाई परिमार्जन गरिएको छ ।

सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आलेखनहरूमा 'बहुभाषिक शिक्षा' वा 'मातृभाषामा आधारित बहुभाषिक शिक्षा' भनिएको पाइन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा यसलाई 'मातृभाषी शिक्षा' भनिएको छ ।

उक्त ऐनमा मातृभाषी शिक्षाको परिभाषा पनि दिइएको छ- 'मातृभाषी शिक्षा भन्नाले नेपालमा बोलिने नेपाली समुदायको कुनै मातृभाषाका माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ र सो शब्दले मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई समेत जनाउँछ' । *(दफा २ट)* यसैगरी नेपाल सरकार, बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ मा निम्नानुसारको परिभाषा गरिएको छ- 'बहुभाषिक शिक्षा भन्नाले स्थानीय मातृभाषा समेत एक वा एकभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षालाई जनाउँदछ' । *(दफा परिभाषा ठ)*

यी परिभाषाहरूमा प्रष्ट पारिएको कुरा के हो भने बहुभाषिक शिक्षा भनेको मातृभाषाका माध्यमबाट दिइने शिक्षा हो । यो गणित, विज्ञान वा सामाजिक शिक्षा जस्ता कुनै विषयको शिक्षा होइन । यस्तो शिक्षामा बालबालिकाले बोल्ने एक वा एकभन्दा धेरै मातृभाषा माध्यमको रूपमा प्रयोग गरिन्छ । नेपाल सरकार, शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री (२०७२)मा मातृभाषामा शिक्षा र बहुभाषिक शिक्षालाई निम्नानुसार उल्लेख गरिएको छ :

*'मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाका रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ । मातृभाषामा शिक्षा भनेको बाल अधिकारको कुरा हो । विद्यार्थीको भाषाको कदर वा सम्मान हो । कक्षामा विद्यार्थीले निर्धक्क आफ्नो भाषामा बोल्न पाउनु हो । उसकै भाषामा छलफल, कुराकानी हुनु हो । शिक्षकले भनेका कुरा बुझ्न सक्नु हो । नेपालको सन्दर्भमा मातृभाषामा शिक्षा भनेको*

*पाठ्यक्रमले तोकेका विषयहरू, जस्तैः सामाजिक अध्ययन, गणित, विज्ञान आदिलाई विद्यार्थीको मातृभाषाका माध्यमले शिक्षण सिकाइ गराइनु हो ।'*

*- नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री (२०७२:४)*

नेपाल सरकार, शैक्षिक जनशक्ति विकास केन्द्रले प्रकाशित गरेको उक्त सामग्रीमा नेपालको बहुभाषिक शिक्षालाई निम्नानुसार प्रष्ट पारिएको छ :

*'विद्यालयका एउटै कक्षामा फरक-फरक मातृभाषा बोल्ने विद्यार्थी छन् र त्यहाँ विद्यार्थीको मातृभाषा अनुसार विभिन्न मातृभाषाको प्रयोग गरिन्छ भने त्यसलाई मातृभाषामा आधारित बहुभाषिक शिक्षा भनिन्छ । मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सरल भाषामा बहुभाषिक शिक्षा भन्ने गरिएको छ । बहुभाषिक शिक्षा भनेको बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउने प्रक्रिया हो । यसलाई मातृभाषामा शिक्षाको अर्थमा पनि लिइन्छ ।*

*एउटा विद्यालयको सेवा क्षेत्रमा विभिन्न भाषा समुदायका मानिसको बसोबास छ भने ती भाषा समुदायका बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षा उपलब्ध गराउन एउटै कक्षामा पनि फरक-फरक भाषा प्रयोग गर्नुपर्ने हुन्छ । यसमा कुनै भाषाका विद्यार्थी धेरै होलान् र कुनै भाषाका थोरै पनि ।*

*बहुभाषिक शिक्षाको मर्म अनुसार कक्षामा कुनै भाषाका विद्यार्थी सङ्ख्यामा थोरै भए पनि उनीहरूको भाषाको कदर हुनुपर्दछ । उनीहरूलाई आफ्नै भाषामा बोल्न प्रोत्साहन गरिनुपर्दछ र शिक्षकले पनि उनीहरूको भाषा बोलेर विद्यार्थीले बुझ्नुपर्ने कुरा प्रष्ट पारिदिनुपर्दछ । नेपाल जस्तो बहुभाषिक मुलुकमा बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउन बहुभाषिक शिक्षा आवश्यक हुन्छ ।'*

*- नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री (२०७२:४-५)*

नेपालकै ऐन, कानून र निर्देशिकामा व्यवस्थित यी परिभाषाहरूबाट बहुभाषिक शिक्षा भनेको बालबालिकाको मातृभाषाको माध्यममा दिइने शिक्षा रहेछ भनेर प्रष्ट हुन्छ । यसलाई विषयको शिक्षा हो भनेर कदापि बुझ्नुहुँदैन ।

**१.१ विश्व सन्दर्भ : महासन्धिहरूमा बहुभाषिक शिक्षा**

निरंकुश पञ्चायती शासन व्यवस्थाको अन्त्य गरेर नेपालमा प्रजातन्त्र पुनर्स्थापना भएकै वर्ष १४ अक्टोबर १९९० का दिन बालअधिकार सम्बन्धी महासन्धि १९८९ मा नेपालले हस्ताक्षर गऱ्यो । यसैगरी मुलुकमा गणतन्त्र स्थापना भएकै वर्ष आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ लगायतका महासन्धि तथा घोषणापत्रहरूमा हस्ताक्षर गरेर नेपाल पक्ष राष्ट्र बन्यो । यी अभिलेखहरूमा मातृभाषामा शिक्षाको अधिकार सुनिश्चित गरिएको छ :

*'जाति, धर्म वा भाषिक अल्पसङ्ख्यक वा आदिवासी मूलका मानिसहरू बसोबास रहँदै आएको राज्यमा त्यस्ता अल्पसङ्ख्यक वा आदिवासी बालबालिकालाई आफ्नै समुदायका अन्य सदस्यहरूसँग सामूहिक रूपमा आफ्नो संस्कृति अपनाउने, धर्मको पालना गर्ने र प्रयोग गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गर्न पाइने छैन ।'*

*(धारा ३०, बालअधिकार सम्बन्धी महासन्धि, १९८९)*

❖ ❖ ❖

*'आदिवासी समुदायका मातृभाषाहरूको विकास र अभ्यासलाई संरक्षण र सम्वर्द्धन गर्ने उचित व्यवस्था मिलाइनेछ ।'*

*(धारा २८.३ आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि, संख्या १६९)*

❖ ❖ ❖

*'आदिवासी जनजातिसँग उनीहरूको आफ्नो इतिहास, भाषा, मौखिक परम्परा, दर्शन, लेखन प्रणाली तथा साहित्यहरू पुनर्जीवित गर्ने, प्रयोग गर्ने तथा भावी पुस्तालाई हस्तान्तरण गर्ने तथा समुदाय, स्थान र व्यक्तिहरूको आफ्नै नाम राख्ने र तिनलाई कायम राख्ने अधिकार छ ।'*

*(धारा १३ (१), आदिवासी जनजाति सम्बन्धी*
*संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७*

यी सन्धि तथा महासन्धि आदि अन्तर्राष्ट्रिय कानून हुन् र यी कानूनहरूमा नेपालले हस्ताक्षर गरेर पक्ष-राष्ट्र बनेको हुनाले यी धाराहरू लागू गर्नु नेपालको दायित्व हुन्छ र यी कानूनहरू नेपालको संघीय कानूनभन्दा माथि पनि हुन्छ । यी धाराहरूलाई स्थानीय तहले पनि आत्मसात् गर्नुपर्ने हुन्छ ।

### १.२ राष्ट्रिय सन्दर्भ : कानूनमा बहुभाषिक शिक्षा

लामो अवधिसम्म 'एक भाषा एक भेष' को नीतिमा दृढ रहेको नेपालले पहिलो पल्ट २०४६ मा कोल्टे फेऱ्यो । जनआन्दोलनको बलमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि संविधान मार्फत नेपाल बहुभाषिक मुलुकको रूपमा उपस्थित भयो । नेपाल अधिराज्यको संविधान २०४७ ले 'प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने छ' *(धारा १८.२)* भनेर प्राथमिक तहसम्म मातृभाषामा शिक्षाको व्यवस्था पनि गऱ्यो । नेपालको अन्तरिम संविधान २०६३ ले पनि 'आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक' *(धारा १७.१)* को व्यवस्था गऱ्यो । यसैगरी नेपालको संविधान २०७२ को धारा ३१, ३२ र ५१ मा पनि मातृभाषामा शिक्षा र आफ्नो भाषा प्रयोग गर्ने हकको प्रष्ट व्यवस्था

गरिएको छ, अनि बहुभाषिक नीतिको अवलम्बन गर्ने भनिएको छ, जस्तै :

१. *नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।*

*धारा ३१ (५) शिक्षा सम्बन्धी हक*

❖ ❖ ❖

२. *प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ । (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुनेछ ।*

*धारा ३२(१) भाषा तथा संस्कृतिको हक*

❖ ❖ ❖

३. *बहुभाषिक नीति अवलम्बन गर्ने ।*

*धारा ५१(ग)(७) राज्यका नीतिहरू*

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७२ को दफा २६(१) र दफा २८(१) ले पनि 'शिक्षणको माध्यम भाषा मातृभाषा पनि हुने र मातृभाषामा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने हक हुनेछ' भनिएको छ, जस्तै :

*विद्यालयले प्रदान गर्ने शिक्षणको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा वा सम्बन्धित नेपाली समुदायको मातृभाषा हुन सक्नेछ ।*

*दफा २६(१) शिक्षणको माध्यम भाषा*

❖ ❖ ❖

*नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायका नागरिकलाई आफ्नो मातृभाषामा आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ । तर त्यस्तो शिक्षा प्रचलित कानून बमोजिम निर्धारण भएको पाठ्यक्रम बमोजिम हुनुपर्नेछ ।*

*दफा २८(१) मातृभाषी शिक्षा सम्बन्धी व्यवस्था*

### १.३ स्थानीय सन्दर्भ : स्थानीय तहमा विद्यालयीय शिक्षा

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची निर्धारण गरेको छ। यस अनुसार आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा स्थानीय सरकारको क्षेत्राधिकारभित्र (अनुसूची-८, बुँदा ८) राखेको छ ।

स्थानीय सरकारको अधिकार सूचीको बुँदा ८ अनुसार आधारभूत शिक्षा (कक्षा १-८) र माध्यमिक शिक्षा (कक्षा ९-१०) अर्थात् कक्षा १ देखि १२ सम्मको शिक्षा अब स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेको छ। प्रदेश वा संघको अधिकार उच्च शिक्षा र विश्वविद्यालय मात्र हो । अब संघ तथा प्रदेशले विद्यालयीय शिक्षामा हस्तक्षेप गर्न पाउने छैन । अर्को के पनि हो भने पूर्वप्राथमिक वा प्रारम्भिक बाल शिक्षा, अनौपचारिक शिक्षा, किशोरी शिक्षा, अभिभावक शिक्षा आदि पनि स्थानीय सरकारको अधिकारभित्र रहनेछ। शिक्षक नियुक्ति र खारेजी, विद्यालय व्यवस्थापन, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण आदि कार्य पनि स्वतः स्थानीय सरकारको अधिकार भित्रै पर्नेछ।

## २. दिगो विकास लक्ष्य (२०१६–२०३०) मा बहुभाषिक शिक्षा

सदस्य राष्ट्रहरूको सहभागितामा संयुक्त राष्ट्रसंघले १५-१५ वर्षमा १५ वर्षे लक्ष्य तथा परिसूचक तय गर्ने र कार्यान्वयन गर्न निर्देशन गर्ने गर्दछ। सहस्राब्दी विकास लक्ष्य (२००१-२०१५) टुङ्गिए लगत्तै दिगो

विकास लक्ष्य (२०१६-२०३०)[२] कार्यान्वयनमा छ। यसको लक्ष्य नं. ४ मा समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा मार्फत बहुभाषिक शिक्षालाई सुनिश्चित गर्ने भनिएछ, जस्तै :

*‘सबैको लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने ।’*

*- दिगो विकास लक्ष्य ४*

*'Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all.'*

*Sustainable Development Goal 4)*

यस लक्ष्य ४ का लागि ७ वटा परिसूचक तयार गरिएको छ, जसमध्ये सान्दर्भिक दुई वटा परिसूचक यहाँ प्रस्तुत गर्न चाहन्छु :

*‘सन् २०३० सम्ममा सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरू हासिल हुने गरी सबै बालबालिकाले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने ।’ ४.१*

*‘सन् २०३० सम्ममा प्राथमिक शिक्षा हासिल गर्न तत्पर होऊन् भन्नका लागि गुणस्तरीय बालबालिका, स्याहार, पूर्वप्राथमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।’ ४.२*

---

[२] सन् २०१५ को सेप्टेम्बर २५ का दिन दिगो विकास सम्बन्धी राष्ट्रसंघीय सम्मेलनमा सदस्य राष्ट्रहरूको दिगो विकासको एजेण्डा अन्तर्गत गरीबीको अन्त्य, पृथ्वीको रक्षा र सबैका लागि समृद्धि सुनिश्चित गर्नका लागि तय गरिएका केही लक्ष्यहरूमा औपचारिक सहमति जनाएका थिए । एजेण्डामा नयाँ विश्वव्यापी शैक्षिक लक्ष्य (दिगो विकास लक्ष्य ४) समेत गरी १७ वटा लक्ष्यहरू समावेश छन् । दिगो विकास लक्ष्य ४ को उद्देश्य - सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने हो। यसअन्तर्गत ७ वटा परिसूचक र ३ वटा कार्यान्वयनका माध्यम तय गरिएका छन् ।

*- डायरी, युनेस्को, काठमाडौं अफिस २०१७ ।*

सन् २०३० सम्ममा निःशुल्क, समतामूलक र गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने भनिएको छ र अहिले विश्वभरिका मुलुकहरू यसै लक्ष्य परिपूर्तिका लागि सक्रिय छन् । नेपाल सरकार पनि यसैको परिपूर्तिको लागि विभिन्न योजना तथा क्रियाकलाप निर्माण मार्फत क्रियाशील देखिन्छ ।[३] स्थानीय सरकारले प्राप्त गरेको यो विरासत र उसको जिम्मेवारी पनि यसै परिपूर्तिको लागि सक्रिय हुनु नै हो । यस दिगो विकास लक्ष्यको परिदृश्यमा नेपालद्वारा पारित नीति तथा कानून र हस्ताक्षरित सन्धि, महासन्धि र घोषणापत्रहरू सक्रिय छन् । र, तिनलाई कार्यान्वयन गर्नु नेपालका तीनै तहका सरकारको दायित्व र कर्तव्य दुवै हो ।

## ३. बहुभाषिक शिक्षा : नेपालको कार्य अनुभव

नेपाल संविधानतः बहुभाषिक मुलुक हो । नेपाल अधिराज्यको संविधान २००७ ले मातृभाषामा शिक्षाको व्यवस्था गरेको थियो । यसको लागि नेपाल लगातार १६ वर्षसम्म तयारीमा जुटिरह्यो । नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि बल्ल २०६३ सालमा लागू गरिने प्रयास भयो । यसपछिको १३ वर्षको अवधिमा यो शिक्षा २४ वटा विद्यालयमा लागू छ ।

१. नेपाल सरकारले *बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६* जारी गरेको छ ।
२. बहुभाषिक शिक्षा कार्यान्वयनको क्रममा समुदायिक केन्द्रित विधि अपनाइएको थियो । यस विधिले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न स्थानीय समुदाय सक्षम छन् भन्ने देखाउँछ । स्थानीय भाषिक समुदाय, विद्यालय परिवार तथा बालबालिकाको

---

३ Sustainable Development Goals 2016-2030 National (Preliminary) Report, Government of Nepal, National Planning Commission, 2015

सहभागिता र सहकार्यमा पाठ्य सामग्रीको निर्माण गरिन्छ । बहुभाषिक विद्यालयहरूले आफ्नो लागि चाहिने शैक्षिक सामग्री निर्माण गरेका थिए । पाठ्यक्रम विकास केन्द्रले पनि सामाजिक अध्ययन (२० प्रतिशत), शारीरिक शिक्षा (२० प्रतिशत) र सिर्जनात्मक कला (२० प्रतिशत) र मातृभाषा वा स्थानीय विषय (१०० पूर्णांक) को सामग्री स्थानीय विद्यालयलाई नै तोकेको छ। यो सामुदायिक केन्द्रित विधि स्थानीय सरकारको लागि उपयुक्त हुन सक्दछ।

३. स्थानीय तहको पाठ्य सामग्रीमा स्थानीय विषयवस्तु राख्न सकिन्छ । बाल परिवेश सुहाउँदो बालमैत्री विषयवस्तु हुनाले बालबालिकालाई रुचि बढ्नु स्वाभाविक नै हुन्छ । स्थानीय मातृभाषी समुदाय पनि आफ्नो भाषा र संस्कृतिलाई सम्मान गरेको ठान्दछ र सहभागिता बढाउँछ। नेपालले यसको अनुभव छ।

४. नेपाल सरकारका अतिरिक्त स्थानीय भाषिक समुदाय, गैरसरकारी संघ-संस्थाले पनि विभिन्न विद्यालयहरूमा मातृभाषामा शिक्षा परिचालन गरेका छन्।

५. मातृभाषामा आधारित बहुभाषिक शिक्षा लागू गर्नका लागि नेपालमा परिवेश तयार छ। वर्तमान संविधान, ऐन कानून, नीति तथा निर्देशिका पनि यस शिक्षाको अनुकूल छ । हाल निम्न परिवेशलाई अवलोकन गर्न सकिन्छ :
   - हामीसँग संविधानसभाबाट निर्मित संविधान छ। संघ, ७ प्रदेश र ७५३ स्थानीय तहमा निर्वाचित सरकार छ।
   - बहुभाषिक शिक्षा सञ्चालनको लागि बहुभाषिक शिक्षा निर्देशिका २०६६ परिमार्जनको क्रममा छ। बहुभाषिक शिक्षा कार्य ढाँचा पारित हुन बाँकी छ।
   - भाषा आयोगले पूर्णता नपाए तापनि तोकेका चार

कामामध्ये 'मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने' कार्य शुरू गरेको छ । *(धारा २८७ (६) (ग)*

- बहुभाषिक शिक्षा कार्यान्वयनका लागि आवश्यक नीति, ज्ञान, सीप, सन्दर्भ सामग्री, अध्ययन सामग्री र आवश्यक जनशक्ति पनि उपलब्ध छ ।

## ४. स्थानीय सरकारको चुनौती र सम्भावना

बहुभाषिक शिक्षा कार्यान्वयनका लागि चुनौती पनि कम छैनन् । यसलाई निम्नानुसार प्रस्तुत गरिन्छ ः

**चुनौती १ : सेवा प्रदायकहरूमा शासकीय मानसिकता**

क) अनुभवले के भन्छ भने मुलुकको संविधान, ऐन कानून, नीति, निर्देशिका तयार भए पनि बहुभाषिक शिक्षाको लागि सेवाप्रदायकहरू तयार भएनन् । २०१५ सम्ममा ७५०० विद्यालयमा बहुभाषिक शिक्षा लागू गरिने भने तापनि २७ वर्षमा जम्मा २४ वटा विद्यालयमा मात्र बहुभाषिक शिक्षा लागू गरिनुले सेवा प्रदायकहरूको 'माइन्ड सेट' बुझ्न धेरै कसरत गर्नुपर्दैन । उनीहरूमा एक भाषिक धङ्धडी हटेको देखिँदैन । सेवा प्रदायकको एकभाषी मानसिकता परिवर्तन नभएसम्म बहुभाषिक विद्यार्थीको अधिकार पनि संरक्षित हुनेछैन । तर मुलुक संघीय गणतन्त्रमा प्रवेश गरिसकेको र स्थानीय सरकार पनि गठन भइसकेको वर्तमान सन्दर्भमा यो 'माइण्ड सेट' क्रमशः मेटिँदै वा धमिलिँदै जानेछ भन्ने आशा गर्न सकिन्छ । हाललाई स्थानीय सरकारको लागि यो 'माइन्ड सेट' चुनौती हुनसक्छ ।

ख) आधारभूत तहमा छैटौं पत्रको रूपमा व्यवस्थित मातृभाषा वा

स्थानीय विषयका ठाउँमा गैरकानूनी रूपमा ऐच्छिक अङ्ग्रेजी विषय लागू गराउने पनि यही *'माइण्ड सेट'* को उपज हो। यसलाई स्थानीय सरकार र मातृभाषी अभिभावकहरूले चुनौतीको रूपमा स्वीकार्नुपर्छ। मातृभाषी अभिभावक र बालबालिकामा अङ्ग्रेजी भाषाको माइण्ड सेट 'फिक्स' गराउने वर्ग पनि यिनै हुन्। मातृभाषामा शिक्षा लागू गराउन यो मानसिकता चुनौतीको रूपमा उभिन सक्दछ।

**चुनौती** २ : आजको युगमा अङ्ग्रेजी नपढेर कहाँ मातृभाषा पढाउने भनेर मातृभाषी समाजमा भ्रम छर्नेहरू पनि प्रशस्तै छन्। यी भ्रमहरूलाई दह्रोसित चिर्न आवश्यक छ। बहुभाषिक शिक्षाले भाषालाई जोड्छ, घटाउँदैन, मातृभाषामा पाएको शिक्षाले अरू भाषा सिक्न सहज गराउँछ, ज्ञानको दिगो जग बस्छ जस्ता धारणा समाजमा गजबले फैलाउन आवश्यक छ।

**सम्भावना**: नेपालमा १२३ मातृभाषा बोलिन्छन्। नेपाली बाहेकका मातृभाषी बालबालिकाहरू मातृभाषामा शिक्षाको उज्यालो घामबाट वञ्चित हुँदै आएका छन्। मातृभाषामा पढ्न पाउने उनीहरूको अधिकार खोसिएको छ। वास्तवमा भन्ने हो भने शिक्षामा *'जेनोसाइड'* नै गरिएको छ। पाठ्यपुस्तकमा आफ्नो समुदाय, भाषा, संस्कृति-सभ्यता र मूल्य-मान्यताको सुगन्ध खासै भेटिंदैन। परिणामस्वरुप गैरनेपाली भाषी पुस्तामा आफ्नो जाति, भाषा, संस्कृति, सभ्यताका साथै मूल्यमान्यताप्रति नै अपनत्व र गौरवको भाव घट्दै गएको छ। खासमा भन्ने हो भने, उनीहरूले हीनताबोधको भारी खेपिरहेका छन्। गाउँमा बस्न चाहँदैनन् तर पनि पहिचानको आन्दोलनले उनीहरूलाई आफ्नो पृष्ठभूमि र परिवेश बुझ्न मौका मिलिरहेको छ र यसले उनीहरूलाई आफ्नो पहिचानप्रति संवेदनशील हुन प्रेरित गरिरहेछ। थप महत्वको कुरा, उनीहरू आ-आफ्नो मातृभाषाप्रति सचेत हुन थालेका छन्। भाषिक, सांस्कृतिक अभियन्ताहरू सक्रिय हुन थालेका छन्।

बहुभाषिक शिक्षाको सवालमा अवश्य पनि संविधानमा सकारात्मक प्रावधानहरू छन् । हामी सबैले आ-आफ्नो क्षेत्र/तप्काबाट रचनात्मक योगदान गर्न सकेको खण्डमा बहुभाषिक शिक्षाको भविष्य उज्ज्वल देखिन्छ । यसले नेपाली समाजमा सहिष्णुता मात्र बढाउने छैन, साँचो अर्थमा सिंगो नेपाली समाजलाई एकाकार गर्नेछ र विविधताभित्रको एकताको सूत्रमा जोड्ने काम गर्नेछ ।

## ५. बहुभाषिक शिक्षाको कार्य–ढाँचा

स्थानीय सरकारको अधिकार क्षेत्रभित्र विद्यालयीय शिक्षा परेको हुनाले अब संघले (केन्द्र सरकारले) कुनै प्रकारका नीति निर्देशिका लाद्न पाउन छैन । यसो हुँदा विद्यालयस्तरका वर्तमान निर्देशिकाहरू स्वतः निष्क्रिय हुनेछन् । देशको संविधान, ऐन-कानून र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र घोषणापत्रहरू मात्र उनीहरूको लागि बाध्यकारी व्यवस्था हुनेछन् । यसैको आधारमा कार्य-ढाँचा तयार गरिनु आवश्यक हुन्छ ।

यो कार्य-ढाँचा बहुभाषिक शिक्षा लागू गरिन बाध्यकारी नभई कार्यक्रम परिचालन गर्न सहयोगी हुनेछ । कार्य-ढाँचा तयार गर्दा बहुभाषिकता, बहुभाषिक नीति, भाषिक मानवअधिकार, सामुदायिक केन्द्रित विधि, स्थानीयता, समावेशिता, समता आदि सिद्धान्तहरूलाई ध्यान दिन आवश्यक छ ।

बहुभाषिक शिक्षा निर्देशिका २०६६ लाई आफ्नो आवश्यकता अनुसार परिमार्जन गरेर लागू गर्न सकिन्छ । यहाँ उक्त निर्देशिकाको ४ र ५ नं. बुँदाहरूलाई छलफलमा राखिएको छ :

### बुँदा ४. शिक्षाको माध्यमको रूपमा मातृभाषा

४.१ सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिइनेछ । आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाई गुणस्तरीय शिक्षाको पहुँच

**तालिका–१: बहुभाषिक शिक्षा कार्यान्वयनको कार्य–ढाँचा (विषय र माध्यमको रूपमा)**

| भाषा | शिशुकक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ |
|---|---|---|---|---|---|---|---|
| शिक्षण माध्यमको रूपमा | पहिलो भाषा | पहिलो भाषा | पहिलो भाषा | पहिलो र मौखिक रूपमा दोस्रो भाषा | पहिलो र दोस्रो भाषा | दोस्रोसहित पहिलो भाषा | दोस्रो सहित पहिलो र तेस्रो भाषा |
| विषयको रूपमा | मौखिक भाषाको रूपमा पहिलो भाषा | मौखिक भाषाको रूपमा पहिलो भाषाको निरन्तरता ❖ ❖ ❖ पहिलो भाषामा लेखन प्रारम्भ | मौखिक तथा लेखनमा पहिलो भाषा ❖ ❖ ❖ दोस्रो भाषा मौखिक रूपमा प्रारम्भ | मौखिक तथा लेखनमा पहिलो भाषाको निरन्तरता ❖ ❖ ❖ दोस्रो भाषा लेखनमा प्रारम्भ | मौखिक तथा लेखनमा पहिलो र लेखनमा दोस्रो भाषा ❖ ❖ ❖ तेस्रो भाषा मौखिक रूपमा प्रारम्भ | मौखिक तथा लेखनमा पहिलो र दोस्रो भाषा अनि मौखिक रूपमा तेस्रो भाषा ❖ ❖ ❖ तेस्रो भाषा लेखनमा प्रारम्भ | मौखिक तथा लेखनमा पहिलो, दोस्रो र तेस्रो भाषाको निरन्तरता ❖ ❖ ❖ (प्रान्तको कुनै एक भाषा मौखिक रूपमा प्रारम्भ) |

*स्रोत : ID 21 insights education, Sep 2006 pp 6 (परिमार्जित रूपमा) । तालिकामा पहिलो भाषा भनेको बालबालिकाले घरमा बोल्ने मातृभाषा, दोस्रो भाषा भनेको परिवेश वा सरकारी कामकाजको भाषा, तेस्रो भाषा भनेको अन्तर्राष्ट्रिय भाषा हो ।*

सुनिश्चित गर्न मातृभाषाका माध्यमबाट शिक्षा दिन चाहने विद्यालयहरूमा देहाय बमोजिमका आधारमा मातृभाषाको प्रयोगलाई व्यवस्थित गरिनेछ।

४.२ पूर्व प्राथमिक कक्षाको शिक्षाको माध्यम भाषा स्थानीय मातृभाषा हुनेछ।

**तालिका–२**

| समयअवधि | कार्यक्रम |
|---|---|
| **पहिलो वर्ष** | |
| माघ-फागुन | - विद्यालयको छनोट गर्ने र पालिकामा आवश्यक बजेट सहितको प्रस्तावना प्रस्तुत गर्ने |
| **दोस्रो वर्ष** | |
| कात्तिक-मंसीर | - बजेट निकासाको पहल गर्ने गराउने |
| पुस-माघ | - स्थानीय अभिभावकहरूबाट पाठ्यसामग्री संकलन गर्ने<br>- स्थानीय तहमा पाठ्यसामग्री निर्माणको लागि ७ दिने तालिमको आयोजना गर्ने |
| फागुन | - पाठ्यसामग्री चित्रांकन साथै सम्पादन गर्ने र प्रकाशन गर्ने |
| चैत | - सिकाइ सीपको लागि शिक्षकलाई पाँच दिने तालिम दिने। |
| वैशाख | - विद्यालयमा पठनपाठन प्रारम्भ गर्ने<br>- विद्यालयमा पाठ्यपुस्तक तथा पाठ्यसामग्री तथा शैक्षिक सामग्री आदि उपलब्ध गराउने। |

४.३ आधारभूत शिक्षाको कक्षा १-३ मा भाषा विषय (नेपाली र अङ्ग्रेजी) बाहेकका सबै विषयको शिक्षण-सिकाइको माध्यम भाषा सामान्यतया स्थानीय मातृभाषा हुनेछ।

४.४ आधारभूत शिक्षाको कक्षा ४-५ मा भाषा विषय (नेपाली र अङ्ग्रेजी) बाहेकका सबै विषयको शिक्षण सिकाइको माध्यम भाषा मातृभाषा र सरकारी कामकाजको लागि तोकिएको भाषा वा सम्पर्क भाषा हुनेछ।

४.५ आधारभूत शिक्षाको कक्षा ६-८ मा मातृभाषालाई विषयको रूपमा अध्यापन गर्न सकिनेछ तर कुनै विद्यालयले चाहेमा यस तहको शिक्षा मातृभाषामा उपलब्ध गराउन सकिनेछ।

४.६ अनौपचारिक शिक्षामा मातृभाषातर्फ आधारभूत साक्षरताको माध्यम भाषा स्थानीय मातृभाषा र साक्षरोत्तर शिक्षा स्थानीय मातृभाषा वा सम्पर्क भाषा वा दुवै भाषामा दिन सकिनेछ।

**बुँदा ५. विषयको रूपमा मातृभाषा शिक्षण**

५.१ मातृभाषाको माध्यमबाट शिक्षण-सिकाइ गरिने विद्यालयमा वा नेपाली, अङ्ग्रेजी माध्यमबाट शिक्षण गरिने विद्यालयमा विषयको रूपमा मातृभाषा शिक्षण गर्न सकिनेछ।

५.२ शिक्षाको माध्यम नेपाली भाषा बाहेकका अन्य स्थानीय मातृभाषा सञ्चालन भएका विद्यालयमा दोस्रो भाषाको रूपमा नेपाली भाषाको शिक्षण-सिकाइ गरिनेछ।

५.३ एउटै विद्यालयमा एकभन्दा बढी भाषिक समुदायका बालबालिका रहेको अवस्थामा विद्यालय व्यवस्थापन समितिले एकभन्दा बढी स्थानीय मातृभाषालाई विषयको रूपमा शिक्षणको व्यवस्था मिलाउन सक्नेछ।

५.४ मातृभाषालाई माध्यम तथा विषयको रूपमा लागू गर्दा विद्यालयले बहुभाषिक समुदायका सबै बालबालिकाको

हितलाई ध्यानमा राखेर सिकाइ सरल र सहज बनाउन सम्बन्धित गाउँपालिका वा नगरपालिका र स्थानीय भाषिक समुदायसँग परामर्श गर्नुपर्नेछ।

५.५ विद्यालयले मातृभाषालाई विषयको रूपमा विकास गर्दा नेपाल सरकारको प्रचलित नियम कानूनको परिधिभित्र रही स्थानीय भाषिक समुदायको भाषा, संस्कृति, भेषभुषा, सीप तथा प्रविधि, मूल्यमान्यता आदिलाई स्रोतको रूपमा अंगीकार गर्नुपर्दछ।

## ७. बहुभाषिक शिक्षा कार्यान्वयन योजना

बहुभाषिक शिक्षालाई तालिका-२ मा दिइएअनुसारको समय तालिका बनाएर कार्य सम्पादन गरे प्रभावकारी हुने देखिन्छ।

## ८. अबको बाटो

नेपालका हरेक बालक या बालिकालाई मातृभाषाको माध्यमबाट बालबालिकालाई शिक्षा दिनु आवश्यक छ। मातृभाषामा शिक्षा पाउनु बालबालिकाको नैसर्गिक तथा कानूनी अधिकार पनि हो। आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुनाले आवश्यक तयारी स्थानीय तहबाटै हुन आवश्यक छ। यसका लागि निम्नानुसारको कार्य गर्न आवश्यक छ।

१. प्रदेश तथा स्थानीय तहमा भाषा नीति तयार गरेर पारित गरिनुपर्छ।
२. प्रदेश तथा स्थानीय तहमा मातृभाषा शिक्षा नीति तयार गरेर पारित गरिनुपर्छ।
३. प्रदेश तथा स्थानीय तहमा मातृभाषा शिक्षा कार्यान्वयन निर्देशिका तयार गरेर लागु गरिनुपर्छ।
४. स्थानीय तहको भाषाको भाषा र विद्यालयको भाषाको प्रोफाइल तयार गरिनुपर्छ।
५. कार्य-ढाँचामा तयार गरेर त्यसमाथि छलफल र परिमार्जन गर्न

सकिन्छ र बहुभाषिक शिक्षालाई आ-आफ्ना तहमा लागू गर्न सकिन्छ।

६. बहुभाषिक शिक्षाप्रति अभिभावक सचेतता कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ।
७. एक भाषी मानसिकतालाई भत्काउने खालका तालिम वा अभिमुखीकरण गोष्ठीको व्यवस्था गरिनुपर्छ।
८. सेवा प्रदायकहरूलाई उनीहरूबाटै प्रतिबद्धता पत्र तयार गराएर प्रतिबद्धता जाहेर गराउनुपर्छ।

## ९. निष्कर्ष

नेपालको सन्दर्भमा बहुभाषिक शिक्षा अपरिहार्य आवश्यकता हो । बहुभाषिक शिक्षा बालअधिकारसँग सम्बन्धित छ। बालबालिकाको अर्थपूर्ण र चौतर्फी विकास र स्तरीय शिक्षाका लागि यो अपरिहार्य छ। मातृभाषीहरूप्रति गरिने सम्मान पनि हो । यसले स्थानीयता र मौलिकताको उठान गर्दछ। समावेशिताको अवधारणालाई साँच्चै साकार तुल्याउने दिशामा कोसेढुङ्गा सिद्ध हुनेछ। अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय परिवेश तथा बहुभाषिक शिक्षाको लागि तयार छ। यसको कुशल कार्यान्वयन हामी सबैको कर्तव्य र जिम्मेदारी पनि हो।

*(योञ्जन भाषाविद् हुनुहुन्छ।)*

## सन्दर्भ सामग्री

*आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र* (१३ सेप्टेम्बर २००७), मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल।

नेपाल सरकार, *आदिवासी तथा जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि सङ्ख्या १६९* (१९८९)

नेपाल सरकार, *नेपालमा बहुभाषिक शिक्षा : शिक्षक स्वाध्ययन सामग्री (२०७२),* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र।

नेपाल सरकार, *बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६,* काठमाडौं : शिक्षा मन्त्रालय।

नेपाल सरकार, *नेपाल अधिराज्यको संविधान २०४७*।

नेपाल सरकार, *नेपालको अन्तरिम संविधान २०६३*।

नेपाल सरकार, नेपालको संविधान, २०७२।

नेपाल सरकार, *मातृभाषामा आधारित बहुभाषिक शिक्षा किन ?*, सानोठिमी, शिक्षा विभाग।

*बाल अधिकार सम्बन्धी महासन्धि १९८९*।

*योञ्जन-तामाङ अमृत (२०६९) बहुभाषिक शिक्षाको कुरा,* टोकियो : तामाङ समाज जापान।

Government of Nepal (2015) *Sustainable Development Goals 2016-2030 , National (Preliminary) Report,* National Planning Commission.

*ID 21 insights education,* Sep 2006.

# अंग्रेजी विषय मात्रै राम्रोसित अंग्रेजीमा पढाइदिए पुग्छ

■ प्रा. डा. जयराज अवस्थी

दार्चुला अहिले पनि नेपालका विकट र दुर्गम जिल्लामध्ये एक मानिन्छ। आजभन्दा ४०/४५ वर्षअघि त्यो ठाउँको अवस्था झन् कस्तो थियो होला ? आज आएर सम्झँदा पनि अनौठो लाग्छ।

तिनताका नेपालमा पढे-लेखेका मानिस धेरै नभएको कारणले शिक्षण पेशामा छिमेकी मुलुकबाट मानिसहरू ल्याइन्थ्यो । हाम्रोतिर नेपाली शिक्षकको अभाव अझ बढी हुनु स्वाभाविकै थियो। उत्तरप्रदेश र उत्तराखण्डबाट ल्याइएका भारतीय शिक्षकहरू अङ्ग्रेजी पनि हिन्दीमा पढाउँथे । 'क्याट' माने बिल्ली र 'च्याट' माने चुहा भनेर उनीहरूले घोकाएको मलाई अहिले पनि झलझल्ती याद आइरहेछ। ती शब्दको अर्थ क्रमशः बिरालो र मुसो हो भन्ने कुरा मैले धेरैपछि मात्र थाहा पाएको थिएँ। जिल्लामा सेन्टर नभएको कारण कैयौं दिन हिंडेर बैतडी आई २०२४ सालमा मैले एसएलसी दिएको थिएँ। र; जिल्लाभरबाट जाँच दिनेमध्ये म लगायत पाँचजना मात्र पास भएका थियौं। घरको कमजोर आर्थिक अवस्था भएका कारण उच्च शिक्षा हासिल गर्न काठमाडौं आउँदा मैले थुप्रै समस्या र चुनौती सामना गर्नुपरेको थियो।

विज्ञानमा प्रवीणता पढ्ने छात्रवृत्ति पाएकोले काठमाडौं हान्निएको म त्यतिखेर झन् चुनौतीपूर्ण अवस्थामा पुगें, जब एक महीना ढिला भएको भनी मलाई भर्ना लिन कलेजले अस्वीकार गरिदियो। विज्ञान पढ्ने धोको पूरा हुन नसकेपछि म व्यावसायिक शिक्षातिर हान्निएको थिएँ। तर परिस्थितिले मलाई अङ्ग्रेजीमा एमए र एमएड गर्न लगायो। विद्यावारिधि र महाविद्यावारिधि चाहिं भाषाशास्त्रमा गर्ने मौका जुऱ्यो। गाईभैंसीको लागि घाँस काट्दा बचेको समयमा रूखको फेदमा गुरुका समीपमा बसेर विशुद्ध घोकन्ते पढाइका बीच हुर्किएको गरीब किसानको बच्चा आज विश्वविद्यालयमा अङ्ग्रेजी भाषाको विशेषज्ञ हुनसक्छ भन्ने कुरा मैले कहिल्यै कल्पना पनि गरेको थिइनँ। आफ्नो मिहिनेत र राम्रो गुरुको सान्निध्यताको संयुक्त योगफल हो, मेरो सफलता।

यता आएर अङ्ग्रेजी माध्यमप्रति नेपाली समाजको आकर्षण धेरै नै देखिन थालेको छ। निजी स्कूलको बढ्दो लोकप्रियताको मुख्य कारकतत्व अङ्ग्रेजी भाषा बन्न पुगेपछि आफू विस्तारै असान्दर्भिक भइएला भन्ने त्रासमा केही सरकारी र सामुदायिक विद्यालयले अङ्ग्रेजीलाई स्कूलको पढाइको माध्यम नै बनाएका समाचारहरू आउन थालेका छन्। आफूलाई सान्दर्भिक बनाइराख्न र स्कूललाई राम्रो बनाउने अभिभावक र विद्यालयको जुन ध्येय छ, त्यो आफैंमा स्तुत्य छ। थप मिहिनेत गर्दै आफैं सिकेर अङ्ग्रेजी माध्यममा पढाउन तयार हुने शिक्षकहरूको जाँगर र प्रतिबद्धता निःसन्देह प्रशंसनीय छ। तर आज जुन जुन स्कूलमा अङ्ग्रेजी माध्यममा पढाइ शुरु गरिएको छ, के ती सबै स्कूलका सबै शिक्षकहरू अङ्ग्रेजी माध्यममा पढाउन दक्ष छन् त ? निश्चय पनि छैनन्। अधिकांश शिक्षकहरू किन पनि सक्षम

छैनन् भने तिनको शिक्षाको जग नै बलियो छैन। त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस कीर्तिपुरमा अङ्ग्रेजीको एमए र एमएड बाहेक प्रायःजसो विषयहरू नेपाली भाषामै पढाइन्छन्। कलेज वा विश्वविद्यालयमा नेपाली माध्यममा पढेर आएका विद्यार्थी

नै स्कूलमा शिक्षक भएका छन् । तिनको अङ्ग्रेजी भने जति राम्रो नहुनु अस्वाभाविक छैन ।

आजभन्दा ३० वर्ष पहिले (सन् १९८१ मा) नेपालमा अङ्ग्रेजी भाषाबारे एउटा सर्वेक्षण भएको थियो । उक्त सर्वेक्षणले केही नयाँ तथ्यहरू उजागर गरेको थियो । जस्तैः बूढानीलकण्ठ स्कूलको कक्षा ७ को विद्यार्थी र काठमाडौं उपत्यका बाहिरको स्नातक उत्तीर्ण गरेको शिक्षकको अङ्ग्रेजीको स्तर समान थियो । मलाई लाग्छ, त्यो अवस्थामा आज पनि मौलिक रूपमा सुधार आएको छैन । अर्थात् बहुसङ्ख्यक शिक्षकहरूले कनीकुथी अङ्ग्रेजीमा पढाएको कुरा सहजै अनुमान गर्न सकिन्छ । मेरो व्यक्तिगत अनुभवमा, अधिकांश निजी स्कूलका शिक्षकमा समेत अङ्ग्रेजीमा पढाउन चाहिने जति क्षमता छैन । सामाजिक दबाबका नाममा हचुवाका भरमा अङ्ग्रेजी माध्यममा पठनपाठन शुरु गर्दा त्यसले दुर्घटना सिवाय केही निम्त्याउँदैन । विद्यार्थीलाई ‘भुईमा न भाँडाको’ बनाउने मात्र काम हुन्छ। १०० पूर्णाङ्कको अङ्ग्रेजी राम्रोसित सिकाउन नसकेर सार्वजनिक स्कूलका विद्यार्थीहरू फेल भइरहेको अवस्थामा बाँकी विषय पनि अङ्ग्रेजीमा त्यो पनि अङ्ग्रेजी नपढेको या अङ्ग्रेजी भाषाको अभ्यासमा कमी भएको मानिसले अङ्ग्रेजीमा कसरी पढाउला ? गणित, विज्ञान, सामाजिक शिक्षा लगायतका विषयहरू नेपालीमा पढाउँदा त विद्यार्थीले अवधारणा नबुझेर चौपट छ भने; झन् आफैं भाषामा कमजोर शिक्षकले सीमित शब्दको भरमा अङ्ग्रेजीमा कसरी पढाउला ? यो कल्पना गर्दा समेत एकदमै कहालीलाग्दो दृश्य मेरो मानसपटलमा आउँछ। यसले हालको भन्दा पनि धेरै नाजुक र नराम्रो नतिजा दिनेछ। विद्यार्थीहरू ध्वस्त नै हुन्छन् । र त्यसले अन्ततः सामाजिक सङ्कट नै ल्याउँछ। त्यसैले त्यस्ता स्कूलहरूले अङ्ग्रेजी माध्यममा पढाउन बन्द गरेर अङ्ग्रेजी विषय मात्र राम्रोसित पढाउन सके हाललाई त्यो नै काफी हुन्छ। अभिभावकले खोजेको आफ्ना छोराछोरीले अङ्ग्रेजीमा

राम्रोसित बोल्न र लेख्न सकुन् भन्ने नै हो । त्यतिका लागि अङ्ग्रेजी विषयको पठनपाठनमा सुधार गर्नु नै अहिलेको प्रमुख आवश्यकता हो । यसका लागि पुस्ता नै सखाप पार्ने गरी अङ्ग्रेजीको पछिलाग्नु हुन्न । सार्वजनिक स्कूलले मात्र होइन; निजी स्कूलले पनि 'अङ्ग्रेजी माध्यम'को पछिलाग्नु आवश्यक छैन । 'एडल्ट' मानिसहरूलाई भाषा सिकाउने प्रभावकारी तरिकाहरू नभएका होइनन् । 'कम्युनिकेटिभ मेथड', 'टास्क वेस्ड' र 'कन्टेन्ट वेस्ड' लगायतका तरिकाहरू प्रयोग गरेर राम्रोसित अङ्ग्रेजी सिकाउन सकिन्छ ।

शिक्षणको माध्यमको रूपमा अङ्ग्रेजी अपनाउनको लागि विशेष तयारी चाहिन्छ । २०४० सालतिर कक्षा १ देखि अङ्ग्रेजी माध्यममा शिक्षण गराउँदा कति खर्च लाग्ला भनी अध्ययन भएको थियो । म आफैं पनि त्यसमा संलग्न थिएँ । त्यतिखेर भएको हिसाब अनुसार, प्राथमिक तहका लागि विनियोजित शिक्षा बजेटको हाराहारीमा लाग्ने रकम नै तयारीका निम्ति चाहिने रहेछ । तत्कालीन शिक्षामन्त्री फत्तेसिंह थारूले यति धेरै बजेट लाग्छ भन्ने थाहा पाएपछि रानी ऐश्वर्यको चाहनाका बाबजूद उनी पछि हट्न बाध्य भएका थिए । अहिले पनि त्यही अनुपातको पैसा र केही वर्षको राम्रो तयारी लाग्छ । तयारी भनेको मुख्य रूपमा शिक्षककै तयारी हो । शिक्षकलाई अङ्ग्रेजीमा पढाउन सक्ने बनाउने नै हो । नसक्ने शिक्षकलाई प्रतिस्थापन गरेर नयाँ र सक्षम शिक्षक भर्ती गरी तिनलाई तालिम दिएर क्षमतावान बनाउनुपर्ने हुन्छ । अङ्ग्रेजी बाहेक गणित र विज्ञानलाई विस्तारै यही माध्यममा पढाउन सकिन्छ । अङ्ग्रेजीको लामो परम्परा भएको र सरकारी कामकाजको भाषा समेत अङ्ग्रेजी भएको छिमेकी देश भारतका सरकारी विद्यालयमा बल्ल अहिले आएर गणित र विज्ञान विषय अङ्ग्रेजी माध्यममा पढाउन थालिएको छ ।

यसै पनि विज्ञानका पारिभाषिक शब्दावलीहरू धेरै जसो अङ्ग्रेजी भएकाले यो विषयलाई तुलनात्मक रूपमा अङ्ग्रेजीमा सजिलो तरिकाले

पठनपाठन गर्न सकिन्छ । तर सामाजिक शिक्षा जस्तो विषय जसले स्थानीय समाज र संस्कृति, इतिहास, जीवनशैली आदि सिकाउनपुर्छ त्यस्ता विषय अंग्रेजी शिक्षण गर्न सबैभन्दा र कठिन हुन्छ । संस्कृति सम्बन्धी ज्ञान मातृभाषामा जति प्रभावकारी अरू कुनै भाषामा हुनै सक्दैन ।

हाम्र विद्यार्थी अङ्गेजीमा कमजारे हुन कुरा एकमात्र कारकतत्व हो, शिक्षक र शिक्षणशैली । शिक्षकले रटाउन छाडेर सृजनशील तरिकाले भाषा शिक्षणका चारवटै सीप (सुनाइ, बोलाइ, लेखाइ, पढाइ) लाई बरोबर अभ्यास गर्न लगाएको खण्डमा विद्यार्थीहरू पोख्त भइहाल्छन् । भाषा कहिल्यै पनि कण्ठ गरेर सिक्न सकिँदैन । यदि कसैले नयाँ भाषा जान्नु छ भने सिक्नका लागि सबैभन्दा उपयुक्त समय बाल्यकाल नै हो । यो कलिलो उमेरमा उसले सही तरिकाले उच्चारण गर्न सक्छ, डाइरेक्ट मेथडबाट सिक्न सक्छ । उमेर पुगेकालाई त ‘ग्रामर-ट्रान्सलेसन मेथड’बाट मात्र सिकाउन सकिन्छ । विभिन्न प्रयोग र परीक्षण अनि अनुसन्धानबाट पनि यो पुष्टि भइसकेको छ कि एक जना बच्चाले कम्तीमा तीन भाषा विना कठिनाई सिक्न सक्छ । त्यस दृष्टिले बहुभाषाको ज्ञान र सीप दिने उत्तम समय बाल्यकाल नै हो । तर त्यसनिम्ति दक्ष शिक्षक चाहिन्छ । एकछिन विचार गरौं, हामीले घरमा नेपाली वा अरू मातृभाषा नै गलत सिकायौं भने बच्चाको हालत के होला ? अङ्ग्रेजी पनि त्यस्तै हो नि ! अङ्ग्रेजी भाषा नेपाली जस्तै भाषा मात्र हो, आफैंमा ज्ञान होइन । कुनै पनि भाषा ज्ञान होइन । जसरी नेपाली भाषा राम्रोसित बोल्न सकेकै भरमा कसैलाई ज्ञानीको संज्ञा दिन सकिँदैन, त्यसैगरी अङ्ग्रेजी जानेकै भरमा कोही पनि मानिस ज्ञानी कहलिन सक्दैन । अतः सर्वप्रथम हामीले एउटा प्रश्नको उत्तर खोज्नुपर्छ, ‘के अङ्ग्रेजी हाम्रो राष्ट्रिय आवश्यकता हो ?’ यसमा राष्ट्रिय बहस गर्नुपर्छ । आर्थिक, सामाजिक, भाषिक सबै कोणबाट अनुसन्धान र बहस गरिनुपर्छ । निश्चय पनि भाषा नयाँ ज्ञान आर्जनको महत्वपूर्ण माध्यम हो ।

विश्वव्यापीकरणको यस युगमा ज्ञान र सूचना हासिल गर्न र आदान-प्रदान गर्न अंग्रेजी भाषाको स्थान निर्विकल्प रहेको कुरा दुईमत छैन। त्यसैले हाम्रो नयाँ पुस्ताले अंग्रेजी भाषामाथि राम्रो पकड बनाउनै पर्छ। तर ज्ञानका लागि मात्र भनेर भाषा सिक्ने फुर्सद अब सीमित मानिसहरूसित होला, आम मानिससित छैन। आम मानिसहरूलाई पैसा कमाउनु छ, जीवनस्तर पहिलेभन्दा राम्रो बनाउनु छ। भाषा आर्थिक उपार्जनसित गहिरो रूपमा अन्तरसम्बन्धित छ। त्यसैले हामीले त्यस्तो भाषालाई प्रवर्द्धन गर्नुपर्छ, जसले हामीलाई आर्थिक उपार्जनमा पनि टेवा देओस्। त्यस दृष्टिले विचार गर्दा हाललाई हाम्रो देशमा अङ्ग्रेजी बाहेक चिनियाँ र हिन्दी भाषा पनि उत्तिकै उपयोगी

देखिन्छन्। किनभने विश्वकै दुई विशाल जनसङ्ख्या भएका दुई छिमेकीसित नै हामीले सबैभन्दा बढी आर्थिक कारोबार गर्ने हो। पर्यटनको अपूर्व सम्भावना भएको मानिने नेपालमा यी दुई छिमेकी देशबाट एक/एक प्रतिशत मात्र मानिस वर्षेनि नेपाल घुम्न आए भने हाम्रो आर्थिक समृद्धिका लागि पर्याप्त हुन्छ भन्ने विश्लेषकहरूको कथन छ। तर नेपाल एउटा यस्तो देश हो, जोसँग आफूलाई कस्तो प्रकारको जनशक्ति कति चाहिन्छ भन्ने न त कुनै लेखाजोखा छ, न त कुनै योजना नै। हामी पूरै तदर्थवादमा चलिरहेका छौं। सरकारी स्कूलले अङ्ग्रेजीलाई माध्यमभाषाको रूपमा अँगाल्ने सरकारी स्कूलहरूको निर्णय र रहर पनि अध्ययन अनुसन्धानमा आधारित नभई त्यस्तै तदर्थवादकै देन हुनसक्छ।

निष्कर्षमा, नयाँ पुस्तामा अंग्रजी भाषाको राम्रो पकड बनाउन चनाखोपूर्वक योजना बनाइनुपर्छ, पर्याप्त साधन-स्रोतको व्यवस्था हुनुपर्छ, शिक्षकलाई पर्याप्त तालिम दिइनुपर्छ। त्यति गर्न सकियो भने नयाँ पुस्तामा अंग्रेजी राम्रो 'कमाण्ड' हुन्छ, जसले अन्ततः देशलाई समृद्ध पार्न सबै हिसाबले टेवा पुऱ्याउँछ। ■

*(साभारः शिक्षक मासिक, असार २०६८)*

# मातृभाषामा प्राथमिक शिक्षा
# जरूरी छ, सम्भव पनि छ

■ प्रा. डा. योगेन्द्रप्रसाद यादव

**बालबालिकालाई मातृभाषामा शिक्षा दिइनुपर्छ भन्ने मान्यताप्रति अब त्यति विमति देखिँदैन। तर त्यो आवश्यक किन पऱ्यो ?**

यो प्राथमिक शिक्षाको सन्दर्भमा हो। कक्षा ५ सम्मका शिक्षा मातृभाषाको माध्यमबाट नै लिनु-दिनुपर्छ। त्यसपछि बालबालिकालाई सम्पर्क भाषा सिकाउन थाल्नुपर्छ। माध्यमिक तहमा पुगेपछि चाहिं विश्वव्यापी सम्प्रेषण र विज्ञान-प्रविधिको ज्ञानोपार्जनको लागि अंग्रेजी भाषा सिकाउनै पर्छ। नेपालको सन्दर्भमा कम्तीमा तीन भाषा सिक्नैपर्छ। जब बालबालिका स्कूल जान्छन्, त्यसबेला उनीहरूलाई आफ्नो मातृभाषा मात्र थाहा हुन्छ। मातृभाषासँगै उनीहरूले आफ्नो परिवार र समुदायको रहनसहन, रीतिरिवाज, संस्कृति आदिका बारेमा पनि एकस्तरको जानकारी प्राप्त गरेका हुन्छन्। अहिले जब उनीहरू स्कूल जान्छन् त्यहाँ धेरै जसोमा नेपाली र निजी स्कूलमा अङ्ग्रेजीमा पढ्नुपर्छ। आफ्नो भाषामै राम्रोसँग सञ्चार र संवाद गर्ने अवस्था नबन्दै उनीहरूले अपरिचित भाषामा पढ्नुपर्छ। प्रायः सबैजसो स्कूलमा नेपाली माध्यममा पढाइ हुन्छ। मैथिली मातृभाषी बालबालिकाले नेपाली कसरी

बुझ्न सक्छन् ? यो प्रशंसमा, शिक्षा मन्त्रालयका उपसचिव लवदेव अवस्थीले आफ्नो विद्यावारिधि शोधपत्रमा यसैसँग सम्बन्धित एउटा मार्मिक केस (घटना) राख्नुभएको छ। एउटा कक्षामा केही विद्यार्थी गैर नेपालीभाषी थिए । कक्षामा पढाइ भइरहँदा नेपाली मातृभाषी विद्यार्थीहरू सक्रियताका साथ भाग लिइरहेका थिए, रमाइरहेका थिए भने अर्को मातृभााषी केही विद्यार्थीहरू चाहिं कुनामा झोक्राएर चुपचाप बसेका थिए। यसको सोझो अर्थ हो, ती बालबालिकाले केही पनि सिक्न सकेनन् र त्यहाँ सिक्ने वातावरण पनि थिएन।

यो साधारण अवस्था हैन । यस किसिमको कहालीलाग्दो अवस्था आज देशभर छ। यति गहन र संवेदनशील विषयमा शिक्षक र अभिभावक जति सजग र सचते हुनपर्ने हो, त्यो भएको देखिंदैन। यस्तैगरी, शिक्षक र अभिभावकलाई 'एजुकेट' गर्नदेखि मातृभाषामा शिक्षा दिनेसम्मको दायित्व बोकेको सरकारले पनि यो विषयमा रत्तिभर संवेदनशीलता देखाएको छैन। यो ज्यादै नै दुर्भाग्यपूर्ण कुरा हो।

**कति कक्षासम्म मातृभाषामा शिक्षा दिनुपर्छ** ?

कक्षा ५ सम्म दिंदा पुग्छ। त्यतिबेला बच्चाको उमेर साधारणतया १० वर्ष पुगेको हुन्छ । यो उमेरसम्म उसले मातृभाषा पनि धेरैजसो जानिसकेको हुन्छ भने उसको मानसिक विकास पनि राम्रैसँग भएको हुन्छ। कक्षा ६ देखि मातृभाषा एउटा विषयको रूपमा पढाउन सकिन्छ, माध्यमको रूपमा चाहिं कक्षा ५ सम्म प्रयोग गरे पुग्छ।

**तपाइँ माध्यमिक तहमा पुगेपछि मात्र अङ्ग्रेजी पढाउनुपर्छ भन्दै हुनुहुन्छ। तर सरकार कक्षा १ देखि नै व्यवस्था गर्दैछ नि** !

त्यही भएर नै हामीले यसको विरोध गरिरहेका छौं । यो एकदम ठूलो गल्ती हो। हो अंग्रेजी पढाउनुपर्छ। आजको जमानामा अंग्रेजीमा दक्ष नभई बजारमा काम पाउन पनि गाह्रो छ। त्यो कुरा हामीले पनि बुझेका छौं । तर त्यसको अर्थ केटाकेटीको स्वाभाविक र प्राकृतिक विकासको क्रमलाई बेवास्ता गर्न मिल्दैन।

पाँच वर्षको केटाकेटी मानसिक विकासको प्रारम्भिक अवस्थामा हुन्छ र उसले आफ्नो मातृभाषा नै सिकिरहेको हुन्छ । सर्वप्रथम कुनै पनि बच्चाले एउटा भाषामा कुनै पनि कुरा बुझ्नुपर्छ । त्यही भाषामा सोच्ने र सञ्चार गर्न सक्ने भइसकेपछि मात्र उसलाई अर्को भाषा सिकाउन शुरू गर्नुपर्छ । हो, यदि कोही आफ्नो बच्चालाई सानैदेखि अंग्रेजी सिकाउन चाहन्छ भने उसले बोली फुट्नेबेलादेखि नै घरमा बच्चासँग अंग्रजीमा बोल्नुपर्छ । त्यसो भयो भने बच्चाको लागि अंग्रेजीनै मातृभाषा हुन्छ । यसो गर्दा केही बिग्रँदैन । शिक्षा विभागले गरेको अनुसन्धानले के देखाएको छ भने, गैर नेपाली भाषी विद्यार्थीहरूको स्कूल छाड्ने दर धेरै बढी छ । मातृभाषा सम्बन्धी युनेस्कोको एउटा रिपोर्टले भन्छ, अपरिचित भाषामा अपरिचित विषयवस्तु पढाइयो भने उसलाई मनोवैज्ञानिक 'सक' हुन्छ । यही कारणले गर्दा कतिपय विद्यार्थीहरूमा शिक्षाप्रति नै नकारात्मक भावना उत्पन्न हुन्छ र तिनीहरू स्कूल जान पनि छाड्छन् ।

केही समयअघि मैले देखेको एउटा घटना यहाँ उल्लेख गर्न चाहन्छु । तिहारमा काठमाडौं र पहाडतिर पीङ खेल्ने चलन हुन्छ । त्यही भएर कक्षा १ को किताबमा पीङको वर्णन छ । तर मेरो गाउँलगायत पूर्वी तराईका मैथिली समाजमा पीङ नै हुँदैन । अनि मैथिलीभाषी बालबालिकाले यो कुरा कसरी बुझुन् त्यो पनि नेपालीमा ? यसको के अर्थ हो भनेर सोध्दा बच्चाहरू ट्वाल्ल परेर हेरिमात्र रहन्छन् । पाठ्यक्रमले राखेको उद्देश्य हासिल हुने गरी स्थानीय र परिचित विषयवस्तु पढाउँदा पो बच्चाहरूले कुरा पनि बुझ्छन्; रमाइलो पनि मान्छन् । बालबालिकालाई मातृभाषामा पढाउनु जति आवश्यक छ, परिचित र स्थानीय विषयवस्तुमा आधारित पढाइ उत्ति नै अपरिहार्य छ । यसो भएमा मात्र बालबालिका र शिक्षकका बीचमा अन्तरक्रिया बढी हुन्छ, सिकाइको प्रवृत्ति पनि धेरै हुन्छ ।

**बालबालिकाले एकसाथ मातृभाषा, सम्पर्क भाषा र अंग्रेजी सिक्न सक्दैनन् र ?**

भाषा विज्ञानका दृष्टिले सबैभन्दा महत्वपूर्ण कुरा हो- मानिसले सर्वप्रथम एउटा भाषा जान्नुपर्छ। किनभने कुनै पनि कुरा बुझ्न सर्वप्रथम भाषाकै आवश्यकता पर्छ । हाम्रो प्रत्येक बुझाइ र सोचाइ नै भाषामा आधारित हुन्छ। हाम्रो जुन भाषा छ त्यही भाषामा हामी सोच्छौं। के कसैले बिना भाषा पनि सोच्न सक्छ ? सक्दैन। जब कुनै पनि बच्चा एउटा भाषामा सोच्न र सञ्चार गर्न सक्षम हुन्छ, त्यसपछि अर्को भाषा सिक्न उसलाई धेरै कठिन हुँदैन । सबभन्दा कठिनाई त बच्चालाई पहिलो भाषा बुझ्न र सिक्नमै हुन्छ। किनभने त्यहाँ उसले भाषाको मर्म बुझ्नुपर्छ। उदाहरणका लागि जब बच्चाले पानी के हो भन्ने बुझ्छ, त्यसपछि उसलाई अंग्रेजीमा 'वाटर' भनेर सहजै सिकाउन/बुझाउन सकिन्छ । जब बच्चाले एउटा भाषाको स्वरुप, शैली र संरचना (कन्सेप्ट) बुझ्छ, त्यसपछि उसलाई अरू भाषामा बोल्न कुनै कठिनाई हुँदैन। किनभने 'कन्सेप्ट' बुझेपछि त उसले केवल नयाँ शब्द जाने मात्र पुग्यो। जति बेलासम्म बच्चाले 'कन्सेप्ट' बुझेको हुँदैन, त्यतिबेलासम्म उही भाषामा मात्र उसँग व्यवहार गरिनुपर्छ। साधारणतया बच्चाले पाँच वर्षसम्म 'कन्सेप्ट' बुझ्छ र ८-९ वर्षको उमेरसम्ममा ऊ त्यो भाषामा सञ्चार गर्न दक्ष भइसकेको हुन्छ। त्यसपछि जुन भाषा सिकाए पनि बच्चाले सहजै सिक्छन्।

**प्राइभेट स्कूलमा नर्सरीदेखि नै अङ्ग्रेजी सिकाउने गरिएको छ। यसको असर के हुन्छ ?**

त्यस्ता बालबालिका समस्यामा छन् । किनभने उनीहरूले भाषाको 'कन्सेप्ट' नै दुईवटा भाषामा बुझ्ने प्रयास गर्नुपरेको छ। पहिलो कुरा यो संसार उनीहरूका लागि नयाँ हो। दोस्रो; उनीहरू एकदमै साना छन्, जसका कारण उनीहरूको मानसिक विकास एकदमै शुरुको अवस्थामा छ। तेस्रो, उनीहरूले कुनै पनि वस्तु वा कुरालाई एउटा भाषामा पनि बुझ्न

भ्याइसकेका हुँदैनन् । त्यस्तो अवस्थामा नर्सरीमा भर्ना गरिएका तीन वर्षका हाम्रा बच्चाले घरमा 'पानी' भनेर बुझेको कुरालाई स्कूलमा 'वाटर' भनिदिंदा यी दुवै कुरा एउटै हुन् कि फरक हुन् भनेर विश्लेषण गर्न तिनलाई कठिन हुन्छ। यसबाट उनीहरूको मानसिक विकासमा बाधा पुगिरहेको हुन्छ। घरमा मातृभाषामा बोल्ने स्कूलमा चाहिं नेपाली र अंग्रेजीमा पढाइने अहिलेको परिपाटीले बच्चालाई हानि मात्र गरेको छैन, उसमाथि अघोरै अन्याय पनि भएको छ। तीन-चार वर्षको कलिलो र अबोध बच्चामाथि हामी अभिभावक र सरकार दुवै मिलेर जघन्य अपराध गरिरहेका छौं । त्यस दृष्टिले हेर्दा, पहाडको कुनाकन्दरा होस् वा मधेशको पिछडिएको गाउँमा तोतेबोली बोल्न थालेका बालबालिका भाग्यमानी छन्। किनकि तिनले एउटै भाषामा सोच्न र संवाद गर्न पाएका छन्, तिनले शहरको जस्तो ज्यादतीको सामना गर्नुपरेको छैन।

**सबै बालबालिकालाई मातृभाषामा प्राथमिक शिक्षा दिन शक्षकदेखि सबै नयाँ बन्दोबस्त गर्नुपर्ने र त्यसनिम्ति देशले धान्नै नसक्ने खर्च लाग्ने बताइन्छ नि ?**

यो तर्क र आशंका निरर्थक छ। किनकि मातृभाषामा शिक्षाको आवश्यकतामा सहमत भइसकेपछि यसको लागि चाहिने खर्चको जेहो गर्नु राज्यको प्राथमिक कर्तव्यभित्रको कुरा हुन्छ। यसनिम्ति शिक्षामा लाग्ने कुल बजेटको ४ प्रतिशत मात्र खर्च बढी लाग्ने केही अध्ययनले देखाएका छन् । विभिन्न देशहरूमा भएको तुलनात्मक अध्ययनको नतिजाले पनि त्यही भन्छ। हाम्रो देशमा शिक्षामा रु.२८ अर्ब वार्षिक खर्च भइरहेको छ। त्यसको ४ प्रतिशत भनेको रु.१ अर्ब १२ करोड हुन आउँछ। ८ प्रतिशत नै थप खर्च लाग्दा पनि हाम्रो सरकारले त्यो खर्च व्यवस्थापन गर्न सक्छ।

**सबै छोडेर अंग्रेजीलाई नै शिक्षाको माध्यम बनायौं भने के हुन्छ ?**

यो प्रश्नको उत्तर म दक्षिण पूर्वी एशियाको एउटा सानो राष्ट्र पपुवा न्यूगिनीको उदाहरणमार्फत दिन चाहन्छु। त्यहाँ झण्डै ९०० भाषाहरू

चलनचल्तीमा छन् । त्यहाँ पहिला शुरूदेखि नै अंग्रेजी माध्यमबाट पढाइ हुन्थ्यो । पछि गएर त्यहाँ करीब ४०० मातृभाषामा प्राथमिक तहमा पढाउन थालियो र अंग्रजी चाहिं प्राथमिक तह पूरा गरेपछि मात्र पढाउने गरियो । अध्ययनले के देखायो भने, शुरुदेखि नै अंग्रजी माध्यममा पढाउँदाको तुलनामा प्राथमिक तह मातृभाषामा पढेका विद्यार्थीहरूको सिकाइको स्तर उच्च देखियो, शिक्षाको स्तर पनि पहिलेभन्दा बढेको पाइयो । भनाइ नै छ, 'यदि तिमी कसैलाई आफ्नो दास बनाउन चाहन्छौ भने उसलाई तिम्रो संस्कृति पछ्याउन बाध्य पार ।' भाषा नै संस्कृति पछ्याउन बाध्य पार्ने अचुक अस्त्र हो । जब अंग्रेजी भाषा मातृभाषाको रूपमा हाम्रा बालबालिकाले बोल्छन् र प्रयोग गर्छन् भने तिनीहरू अङ्ग्रेज सभ्यता र संस्कृतिको स्वाभाविक रूपमा अनुयायी हुन्छन् । अंग्रजी भाषामा राम्रो दख्खल भयो भने तीमध्ये केहीले राम्रो जागिर पनि पाउलान् तर उनीहरूको आफ्नै पहिचान भने रहने छैन । अङ्ग्रेजी भाषी भए पनि तिनीहरू नेपाली नै हुनेछन् । आजको दुनियाँमा पहिचान झन् सबैभन्दा ठूलो र केन्द्रीय मुद्दा बनेको छ । कोही पनि मानिस आफ्नो पहिचान गुमाउन चाहन्न, बरु सकेसम्म बढी उजिल्याउन चाहन्छ । अंग्रेजी भाषामा पोख्त हुनु जन्मदेखि नै अंग्रेजीमा बोल्नु र सिक्नुपर्छ भन्ने जुन मान्यता हाम्रो समाजमा छ, त्यो भ्रम शिवाय केही होइन । भाषा सिकाउने ठीक ढङ्गको तरिका प्रयोग गर्ने हो भने ३-४ वर्षमा कोही पनि नेपाल अंग्रेजी भाषामा पोख्त हुन सक्छ । त्यसको लागि आफ्नो पहिचानसमेत गुमाएर अंग्रेजीकोपछि लाग्नुपर्ने कुनै कारण छैन ।

**त्यसो हो भने प्राथमिक तहमा अङ्ग्रेजी नपढाए पनि त भयो नि ?**

हो । पढाउन आवश्यक छैन । तर हिजोआज शिक्षा व्यापार-व्यवसाय भएकोले अंग्रेजी शिक्षा बजारमा बिकेको मात्र हो । जसले अंग्रजी जानेको छ, त्यसको सामाजिक प्रतिष्ठा र हैसियत माथि हुने अवस्था छ । तात्कालिक लाभ र औपनिवेशिक मानसिकताका कारण हामीले अंग्रजीमा बढी जोड गरिरहेका छौं । म अंग्रेजी पढ्नै पर्दैन पनि

भनिरहेको छैन । अङ्ग्रेजी आजको अन्तर्राष्ट्रिय सम्पर्क भाषा मात्र रहेन, यो भाषा नजानिकन बौद्धिकस्तरमा कामै नचल्ने भयो । यो सिक्नै पर्छ तर पाँच वर्षको कलिलो उमेरमा हैन, अलि ठूलो भएपछि ।

**स्कूल तहको पढाइ सकिंदा एक विद्यार्थीले कति भाषा सिक्न सक्छ ?**

ढङ्ग पुऱ्याएर सिकाउने हो भने स्कूल शिक्षा पार गर्दा हाम्रा विद्यार्थीले मातृभाषा, सम्पर्क भाषा र कुनै विश्व भाषामा राम्रो दक्खल हासिल गर्न सक्छन् । अहिले कक्षा १ देखि अंग्रेजी भाषा सिक्न शुरू गररे १० कक्षामा पुगिसक्दा पनि अङ्ग्रेजी भाषामा राम्रोसँग लेख्न र बोल्न नसक्नुको कारण भाषा सिक्ने र सिकाउने दुवै तरिका नै ठीक नहुनु हो । हाम्रा स्कूलमा विद्यार्थीलाई अंग्रेजी भाषा सिकाउनेभन्दा बढी घोकाइन्छ । भाषा घोकेर जानिने कुरा होइन । यो त अभ्यासबाट सिकिने कुरा हो । जुन भाषा सिक्ने हो, त्यही भाषामा बोलाइ, लेखाइ, सुनाइ र पढाइ हुनुपर्छ । तर हाम्रा धेरैजसो शिक्षकले अंग्रेजी पनि नेपालीमै पढाउछँन् । कक्षाकोठाको सिकाइ वातावरणले पनि सिकाइमा फरक पार्छ । गाउँघरका धेरैजसो विद्यालयहरूमा न्यूनतम सिकाइको वातावरण समेत छैन । समग्रमा भन्नुपर्दा, शिक्षणकला सही नहुनु र शैक्षिक सामग्रीको अभावका कारण विद्यार्थीले अंग्रेजी सिक्न नसकेका हुन् ।

**प्रसंग बदलौं, मातृभाषामा शिक्षा दिन सरकार राजी भएको छ र १५ वटा भाषामा पाठ्यक्रम पनि बनिसकेको छ । तर भाषा पढाउने शिक्षकको ठूलो अभाव छ । यो अवस्थामा देशभरका दशौं लाखको सङ्ख्यामा रहेका बालबालिकालाई उनीहरूकै मातृभाषामा शिक्षा कसरी दिन सकिन्छ ?**

म 'सबैको लागि शिक्षा'को अल्पसङ्ख्यक भाषासम्बन्धी समितिमा संयोजकको हैसियतमा कार्यरत छु । त्यहाँ पनि यो विषयमा छलफल भइरहन्छ । पहिलो कुरा, स्थानीय परिपेक्ष्य र सन्दर्भलाई

केन्द्रमा राखेर पाठ्यपुस्तकहरू तयार हुनुपर्‍यो । अहिले नेपालीको पाठ्यपुस्तकलाई सम्बन्धित भाषामा अनुवाद गर्ने काम बढी भइरहेको छ । यसरी मातृभाषामा शिक्षा दिन सकिन्न । पाठ्यक्रम अनुसार स्थानीय भाषा र सन्दर्भमा आधारित रहेर पाठ्यपुस्तक लेखिनुपर्छ । त्यस्तै शिक्षकको पनि अभाव छ । कहाँ कुन मातृभाषी शिक्षक छन् र तिनीहरूलाई कहाँ कहाँ पठाउन आवश्यक छ, त्यहाँ पठाउनुपर्‍यो । त्यसपछि जति शिक्षक अपुग हुन्छन्, नयाँ शिक्षक भर्ना गर्नुपर्‍यो । तर सरकारले यसतर्फ खासै केही गरेको छैन । बिना तयारी जसरी अहिले मातृभाषामा शिक्षा दिने कार्यक्रम लागू भइरहेको छ, यसरी नै अगाडि बढ्ने हो भने केही समयपछि नै मातृभाषामा शिक्षा दिने कुराप्रति नै सम्बन्धित समुदायमा वितृष्णा आउने खतरा देखिन्छ। यसो भनेर मातृभाषामा शिक्षा दिने सवालमा मैले समुदायको चाहिं केही पनि भूमिका छैन भन्न खोजिरहेको छैन । स्थानीय तहमा स्कूलको व्यवस्थापनलाई सहयोग गर्ने, स्कूलमा कसरी पढाइ भइरहेको छ भनरे अनुगमन गर्ने र सरकारलाई निरन्तर खबरदारी गर्ने काम उनीहरूको हो। यस दिशामा, केही राम्रा कुरा पनि शुरू भएका छन् । शिक्षा विभागको समावेशी शिक्षा शाखाले फिनल्याण्ड सरकारको आर्थिक सहयोगमा ८ वटा भाषा (तामाङ, आठपहरिया, सन्थाल, उराँव, मैथिली, राना थारू र मगर) मा बहुभाषिक शिक्षा परियोजनाको 'पाइलट स्टडी' आरम्भ गरेको छ । त्यस्तै, पाठ्यक्रम विकास केन्द्रले विभिन्न मातृभाषामा पाठ्यसामग्री निर्माण थालेको छ। बहुभाषिक शिक्षाको क्षेत्रमा युनेस्को जस्ता संस्थाहरू पनि सहयोग जुटाइरहेका छन् । युनेस्कोको प्रयासमा बहुभाषिक शिक्षासम्बन्धी सामग्री नेपालीमा रूपान्तर भएर प्रकाशोन्मुख छ । यी गतिविधिहरूले राज्यको संघीय पुनर्संरचनापश्चात अरू सक्रियता र व्यापकता पाउँछन् भन्ने कुरामा हामी आशावादी छौं । ■

*प्रस्तुतिः सुदर्शन घिमिरे*

*(साभारः शिक्षक मासिक, चैत २०६४)*

# संघीय नेपालको भाषा व्यवस्थापन र विकासका तर्किवहरू

■ डा. विद्यानाथ कोइराला

**लेखको सार**

*भाषाविद्, राजनीतिज्ञ र शिक्षाविद्का आ-आफ्नै भाषिक चिन्ता छन् । पहिलोलाई भाषाको । दोस्रोलाई भोटको । तेस्रोलाई बालबालिकाको । मैले त्यही तेस्रो पक्षको चर्चा गरेको छु । यसका लागि मैले शिक्षाकर्मीहरूसँग छलफल गरें । विभिन्न देशका भाषा विकास एवं व्यवस्थापनका उपायहरू खोजें । स्वदेशी प्राज्ञहरूको विचार विश्लेषण गरें । कक्षाकोठाको अवलोकन गरें । यसबाट निचोड निकाले - सहज र सुखद भाषिक स्थानान्तरण हाम्रो यथार्थता हो । प्रत्येक भाषाभाषी बालबालिकाले बहुभाषी बन्नै पर्ने । शिक्षकले भाषिक - सहअस्तित्वको नीति लिनै पर्ने । भाषा विकासका लागि विद्यालयमा भाषिक कुना; स्थानीय सरकारको तहमा र विद्यालयमा बहुभाषी केन्द्र । प्रान्तैपिच्छे बहुभाषी कलेज र बहुशास्त्रीय भाषिक विश्वविद्यालय । भाषा व्यवस्थापनका लागि भाषिक सहअस्तित्वसहितको शिक्षक तयारी । बहुभाषी नरम र गरम सामग्रीको उत्पादनका लागि भाषिक समूह र स्थानीय सरकारको सहकार्य । भाषा र शिक्षाविद्को सहकार्यमा भाषिक अन्तरसमूह सिकाइ स्थानान्तरण विधिको खोजी । राजनीतिज्ञको भाषिक, जातीय राज्य एवं उपराज्य बनाउने बुद्धिको सुखद फिर्ता ।*

## बहसको थालनी

बहुलता नेपाली यथार्थ हो । व्यवस्थापन गरे सम्पदा हुने । दबाए विद्रोह हुने । बेवास्ता गरे लोप हुने । समस्या ठाने विवाद हुने । भाषा पनि त्यही कोटिमा पर्छ । डा. हर्क गुरुङले भाषाको संख्यात्मक फिरिस्त तयार पारे (यादव, सन् २००९) । उनका अनुसार सन् १९५२ मा नेपालमा ४४ वटा भाषा थिए । सन् १९६१ मा आठवटा घटे । ३६ वटा रहे । सन् १९७१ मा १७ वटा मात्र बाँकी रहे । सन् १९८१ मा एउटा थपियो । १८ पुग्यो । सन् १९९१ मा ३१ वटा । सन् २००१ मा ९२ । अहिले १४० भन्दा बढी । यसरी तथ्यांकले भन्छ - भाषाहरू हराए । पलाए । हराउँदा एकलभाषी नीति दोषी भयो । बढ्दा भाषिक चेतनाले श्रेय पायो । सामान्य रूपले बुझ्दा भाषाहरू धेरै रहेछन् । अभिलेख जरूरी रहेछ । सन् २००१ को जनगणनाले भन्छ ८६.५०% नेपालीले बोल्ने ७ वटा भाषा छन् । नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार, मगर । तिनमा पाँच वटा भाषाको आफ्नै लिपि पनि छ । नेपाली, भोजपुरी र थारूको देवनागरी । मैथिलीको मिथिलाक्षर । तामाङको तामाङ्गी । नेवारको रञ्जना । मगरको आख्खा । नेवार भाषामा त रञ्जना बाहेकका अरू लिपि पनि छन् । बाँकी १३.५०% नेपालीले बोल्ने भाषामा पनि कतिपयका आ-आफनै लिपि छन् । तराई-मधेशमा मुस्लिमको अरवी । सन्थालको ओलचिकी/सन्थाली/ओलसिकी । कायस्थ जातिको कैथी । पहाडमा गुरुङको खेमा । लिम्बुको सिर्जङ्गा । शेर्पाको तिब्बती ।

भाषिक वंशलताले भन्छ- नेपालमा पाँच भाषी जनता छौं । इन्डोआर्यन । तिब्बतो वर्मन । अष्ट्रिक । मुण्डा । द्रविण । सबै वंशलतामा लेख्य परम्परा पनि छैन । उत्तिकै भाषिक सामग्री पनि छैनन् (उही, पृ. ६-९) । विगतका शिक्षा योजना र संविधानका दस्तावेजले भन्छन् - भाषिक नीति पनि बदलिरहेछ । कहिले एकलभाषी । कहिले द्विभाषी । कहिले बहुभाषी । यस स्थितिमा संघीय देश बन्दा नेपालका भाषाहरूको विकास एवं व्यवस्थापन कसरी गर्ने ? कसरी

बालबालिकाको सहज सिकाइ सुनिश्चित गर्ने ? कसरी प्रत्येक बालबालिकालाई सहज रूपले बहुभाषी बनाउने ? त्यसका लागि कसरी नेपालका भाषाहरूको व्यवस्थापन गर्ने ? तिनको विकास कसरी गर्ने ? मूलभूत प्रश्नहरू यिनै थिए। यसका लागि पाँच ठाउँमा जनबोली बटुलियो (अनुसूची-१) । पहिलो थलोमा प्राज्ञहरू थिए । शिक्षामा लागेका । लाग्न चाहनेहरू । दोस्रो थलोमा तराई-मधेशका प्राज्ञ । शिक्षकर्मी, तेस्रो थलोमा जनजातिहरू । चौथो थलोमा राजनीतिज्ञ र भाषाविद् । पाँचौं थलोमा शिक्षाकर्मीहरू । शिक्षक । प्राध्यापक । प्रत्येक थलोमा भाषा व्यवस्थापन र विकासका हिजोको स्थिति भनियो । आजको चर्चा गरियो । भोलिको प्रस्ताव गरियो (अनुसूची, २, ३ र ४) । विचारहरू बटुलियो । प्रतिक्रियाका रूपमा । प्रस्तावका रूपमा । अपेक्षा गरियो - यस्ता बहस अन्यत्र पनि चलुन् । प्रत्येक बहसमा पत्रकारहरू साथै थिए ।

## थालनीले दिएको सन्देश

भाषा मर्ला, भाषाविद्ले औंलो ठड्याए । उनीहरूले भने- भाषा मर्दा संस्कृति मर्छ । सभ्यता मर्छ । संस्कार मर्छ । ज्ञान मर्छ । यस भनाइले भाषाविद् र शिक्षाविद्को सहकार्य खोज्यो । गाउँस्तरको सहकार्य । सरकारका तहैपिच्छेको सहकार्य । विद्यालयपिच्छेको सहकार्य । प्रश्न तेर्सियो । यो कार्य कसरी गर्ने ? कसले गर्ने ? लगानी कसको हुने ? कसरी हुने ? यसरी हेर्दा भाषाविद्हरूले भाषा विकासमा सोचे । व्यवस्थापन त्यसैको इर्दगिर्दमा घुम्ने भयो ।

मेरो भाषाको प्रान्त बन्नुपर्छ । ठूलो भाषाको । स-साना भाषाको भाषिक उपक्षेत्र । स्वायत्त क्षेत्र । भाषिक राजनीतिज्ञले त्यसै भने । उनीहरूको भनाइले भाषिक व्यवस्थापन सहज देखायो । क्षेत्र तोक्यो । तत्क्षेत्रमा त्यही भाषामा पढायो । भाषा विकास स्वतः हुनेभयो । पढाउँदा सामग्री चाहियो । सामग्री बनाउँदा भाषा विकास हुनेभयो ।

बहुभाषीलाई कसरी शिक्षा दिने ? शिक्षाविद्को प्रश्नात्मक सन्देश रह्यो। भाषिक राजनीतिज्ञले भनेभैं भाषा हेरेर स्कूल खुलेन। भाषाविद्ले भनेजस्तो भाषा विकासका लागि शिक्षक तयार भएन। यस स्थितिमा शिक्षाकर्मीले अनेकन् बाटाहाहरू दिए। ती थिए - (क) स्थानीय समुदायले तोकेको भाषामा शिक्षा दिने। यो कुरा थोरै समूहले बोल्ने भाषावालालाई पाच्य भएन। (ख) सबै भाषामा एकसाथ पढाउने। आ-आफ्ना भाषामा पढ्न भाषिक कुना बनाउने। यस विचारमा शिक्षक अल्मलिए। तिनले मेसै पाएनन्। (ग) भाषिक स्थान्तरण विधि (languaese transfrability) अपनाउने। यहाँ पनि कति भषा सिक्ने ? अझै अल्मलिए। (च) सबै विषयहरू आ-आफ्नै मातृभाषामा पढाउने। यसोगर्दा शिक्षाकर्मीहरूले पाठ्यसामग्री खोजे। बहुभाषी सामग्री। समकक्षी सामग्री। व्यवस्थापकले त्यहीं गाह्रो माने। लगानी के हुने ? व्यवस्थापन के हुने ? समुदायले सामग्री बनाउँछ भन्दा समकक्षता के हुने ? अर्को प्रश्न रहिरह्यो। (ङ) विद्यार्थीको मातृ भाषाबाट नेपाली भाषामा लाने। त्यहींनेर भाषाकर्मीले छली ढङ्गले खस-नेपाली लाद्यो भने। (च) प्रान्तीय भाषामा पढाउने। यसो गर्दा अल्पसंख्यकले बोल्ने भाषावालाले हामीलाई अन्याय गऱ्यो भने। (छ) त्रिभाषी नीति लिने। कस्को भाषाबाट गन्ने ? टुङ्गो भएन। (ज) हिमालमा शेर्पा, पहाडमा नेपाली र तराई मधेशमा हिन्दीलाई दोस्रो भाषाको रुपमा स्थापित गर्ने। सबै भाषा विकास गर्न चाहनेलाई यो कुरा सुपाच्य रहेन। केहीलाई छाडेर हिन्दीलाई नेपालको सम्पर्क भाषाको रुपमा भित्र्याउने रहर भएन। आ-आफ्नो भाषाको अस्तित्व खोज्नेहरूलाई अफ्ठेरो रहिरह्यो।

## तत्स्थानकै जनबोली

भाषा विकास र व्यवस्थापनको जनबोलीहरू मिल्दाजुल्दा थिए। कहीं अझै मिलाउनुपर्ने। कहीं मिलिसकेका। केवल शब्दान्तर। तलको बक्सले तत्स्थानको जनबोली देखाउँछ।

# भाषा विकास र व्यवस्थापनका नेपाली बोलीहरू

**एमफिल (शिक्षाशास्त्र) का विद्यार्थी**

- भाषा विकास र भाषा व्यवस्थापनका लागि जनस्तरसम्म सचेतना बढाउने ।
- विद्यालय र समुदायस्तरमा भाषा विकास र व्यवस्थापन समूह तयार पार्ने ।
- बहुभाषी सफ्टवेयर बनाउने ।
- भाषा विकास केन्द्र र बहुभाषी विद्यालय तथा कलेज बनाउने ।
- विद्यार्थीलाई भाषिक सहिष्णु र जिज्ञासु बनाउने ।
- स्थानीयतहमै भाषाको दस्तावेजीकरण गर्ने प्रबन्ध मिलाउने ।
- लोपोन्मुख भाषामा भाषाविद् र शिक्षकहरूद्वारा समसामयिक अनुसन्धान गराउने ।
- निजी र सामुदायिक व्यवस्थापकलाई विविध भाषामा पाठ्य सामग्री बनाउन उत्प्रेरित गर्ने । प्रान्तैपिच्छे शिक्षकहरूबाटै भाषा विज्ञहरू बनाउने ।
- विविध भाषाका गतिला पुस्तक प्रकाशनको प्रबन्ध गर्ने ।
- भाषाको व्यापारीकरण गर्ने (चलचित्र, वृत्तचित्र र संगीतमाला बनाएर) ।
- भाषिक स्वसिकाइ सफ्टवेयर र मोडल बनाउने ।
- द्वि-बहुभाषी शिक्षण शैली अपनाउने ।
- कुनै पनि भाषालाई अनिवार्य नगर्ने, ऐच्छिक बनाउने ।

**जनकपुरका प्राज्ञ, शिक्षक, भाषाविद् र व्यवस्थापक**

- स्थानीयदेखि राष्ट्रिय तहसम्म बहुभाषी कार्यटोली (task-force) बनाउने ।
- एक अर्काका सांस्कृतिक जीवनसँग सम्बद्ध कुराहरू कसरी सिकाउने भनी शिक्षक तयारी गर्ने ।
- पाठ्यपुस्तकलाई सान्दर्भिकीकरण गरी पठन-पाठन गर्ने तरिका अपनाउने ।
- संक्रमणकालीन (transitional) भाषिक उपायहरू अवलम्बन गरी विद्यार्थीलाई बृहत् सञ्चार (wider communication) तथा रोजगारीको भाषामा लाने ।
- विद्यार्थीको भाषाबाट अरू भाषा सिक्ने प्रबन्ध मिलाउने ।
- स्थानीय सरकारको तहमा बहुभाषी-चौकीदारी समूह (watch dog) बनाउने ।
- बहुभाषी युनिकोड बनाउने ।
- बहुभाषा सिक्नका लागि विद्यालय र त्यसको कार्यक्षेत्र (catchments) मा भाषिक परिवेश सिर्जना गर्ने ।
- स्थानीय तहमा प्रयोग गर्न सकिने बहुभाषी शब्दका वाक्यकोश/व्याकरण बनाउने ।
- बहुभाषी सिकाइ केन्द्रहरू स्थापना गर्ने ।
- सबै शिक्षकलाई भाषिक सान्दर्भिकीकरण, भाषिक समावेशीकरण, र उमेर अनुसार बहुभाषी शिक्षण शैलीहरूबारे जानकार बनाउने ।
- पाठ्यसामग्रीमा बहुभाषी साहित्यिक व्यक्तित्वहरू समावेश गर्ने ।
- अल्पसंख्यकले बोल्ने भाषा संरक्षण केन्द्रहरू खोल्ने ।

- प्रान्तीय र अन्तरप्रान्तीय पुस्तकमाला बनाउने ।
- बहुभाषी व्यक्तिहरूबाट पाठ्यसामग्री तयार पार्ने ।
- प्रान्तलाई शिक्षा र भाषिक व्यवस्थापन तथा विकास गर्ने संवैधानिक अधिकार दिने ।

**जनजाति**

- मातृभाषामा नै सबै विषय पढ्ने प्रबन्ध गर्ने ।
- स्वास्थ्य स्वयंसेवक झैं स्थानीय तहमा भाषिक व्यवस्थापन विकास स्वयंसेवकहरू तयार पार्ने ।
- शिक्षकलाई वहुभाषा व्यवस्थापक र विकासकर्ता बनाउने ।
- प्रान्तैपिच्छे स्थानीय सरकारको तहमा भाषाविद्, राजनीतिज्ञ र शिक्षाविद्को अन्तरक्रिया गर्ने गराउने र त्यसको निचोड विद्यालयमा लागू गर्ने ।
- लोपोन्मुख भाषाका संरक्षण एवं विकास केन्द्रहरू बनाउने ।
- भाषासँग भएका ज्ञानहरूको स्थानीय तहमै खोजी गर्ने र तदनुसार शिक्षकलाई अद्यावधिक गर्ने ।
- भाषा बचाउनका लागि प्रशासनको तहमा सम्बन्धित भाषाको लिखितलाई मान्यता दिने ।
- प्रान्तीय एकरुपताका लागि केन्द्रले नै शिक्षा हेर्ने प्रबन्ध मिलाउने
- स्थानीय भाषामा नै त्यस ठाउँको पुनःनामकरण गर्ने ।
- नेपाल संस्कृत विश्वविद्यालयलाई बहुभाषी विश्वविद्यालयमा रूपान्तरण गर्ने ।
- नेपाली भाषालाई खस पर्वते, भाषा भन्ने र देशका सबै भाषालाई नेपाली भाषा भन्ने ।

- प्रान्तका सबै भाषालाई उत्तिकै सम्मान गर्ने नीति अख्तियार गर्ने ।
- भाषिक प्रान्त बनाउँदा स-साना भाषाको अस्तित्व हराउने भएकाले यसबारेमा पुनर्विचार गर्ने ।
- शिक्षकलाई भाषाको सामाजिक र सांस्कृतिक आशय, तिनमा भएका गाथा, कथा, ज्ञान, आदि खोज्न सक्षम बनाउने ।
- भाषा भिसा पनि भएकोले भाषा स्थानान्तरणका सहज उपायहरू खोजी गर्ने र लागू गर्ने ।
- सरकारी वा कामकाजी भनी भाषालाई तोक्न नहुने ।
- सबै भाषाको विकास गर्दै योजक (link) भाषामा विद्यार्थीलाई सहज ढङ्गले पुऱ्याउने ।

**भाषाविद्**

- शिक्षकलाई बहुभाषी बनाउने ।
- सम्बन्धित भाषाको शिक्षक भर्ना गर्ने ।
- बहुलिपि जान्नुपर्ने बालबालिकाहरूलाई एकअर्को लिपिमा स्थानान्तरित हुने सहज तरिका सिकाउने ।
- मातृभाषाबाट अन्य भाषामा स्थानान्तरण गर्ने सहज उपायहरू अपनाउने ।
- आवश्यकता हेरी एकल र बहुभाषी विद्यालयहरू खोल्ने । यस्ता विद्यालयमा सम्बन्धित भाषाका स्थानीय विज्ञहरूलाई शिक्षकको रूपमा भर्ना गर्ने ।
- सबै भाषा एक समान ढंगले विकास गर्ने उपायहरू अपनाउने ।
- संघीय, प्रान्तीय र स्थानीय स्वरुपका विद्यालय बनाउने र तदनुसार तिनमा भाषिक नियमहरू बनाउने ।

- खुला मोडबाट भाषा सिकाइका कार्यक्रमहरू संचालन गर्ने ।
- मातृभाषा सम्पर्कको भाषा, कामकाजी, सरकारी र अन्तर्राष्ट्रिय भाषाबीच सहज स्थानान्तरणका उपायहरू लागू गर्ने ।
- सम्पर्क भाषा कुन हुने भनी जनतालाई नै छाडिदिने ।
- लिपि भएका भाषा समूहका बालबालिकालाई क्रमशः उनीहरूको लिपिमा जानकार बनाउने ।
- स्थानीय तहमा भाषिक/सांस्कृतिक संग्रहालयहरू बनाउने ।

**शिक्षक**

- पुराना शिक्षकलाई विद्यार्थीको मातृभाषामा तालिम दिने केन्द्रहरू बनाउने ।
- स्थानीय भाषाका व्याकरण बनाउन शिक्षकलाई परिचालन गर्ने ।
- मानक भाषालाई स्थानीयकरण गर्ने र मानकीकरण गर्ने ।
- सहज ढङ्गले भाषा पढाउने, भाषालाई माध्यम बनाउने र भाषा स्थान्तरित गर्ने सीपहरू सबै शिक्षक एवं विद्यार्थीलाई सिकाउने ।
- स्थानीय भाषा विज्ञको स्रोत समूह बनाई तिनलाई कक्षाकोठामा उपयोग गर्ने ।
- बहुभाषी स्रोत केन्द्र बनाउने ।
- स्थानीय सरकारलाई भाषा विकास कार्यमा जिम्मेवार गराउने ।
- सबै शिक्षक एवं विद्यार्थीलाई दोस्रो भाषाको रूपमा नेपाली पढ्ने पढाउने सीप सिकाउने ।
- दोस्रो भाषामा फेल भए पनि पास गर्ने नीति लिने ।

माथिको बक्समा उल्लिखित जनबोलीमा २१ वटा कुराहरू थियो। (क) प्रान्तहरू जुन स्वरुपका भए पनि सबै भाषाको एकसाथ विकास एवं व्यवस्थापन गर्ने नीति लिनुपर्छ। (ख) लोप भएका भाषाको खोजी गर्ने र लोपोन्मुख भाषाको संरक्षण एवं विकास गर्ने प्रबन्ध गर्नुपर्छ। (ग) भाषा विकासका लागि सरकारी र गैरसरकारी प्रयासहरू हुनुपर्छ। (घ) भाषा विकास, व्यवस्थापन तथा सिकाइ केन्द्रहरू खोलिनुपर्छ। (ङ) बहुभाषी पाठ्यसामग्री, व्याकरण, शब्दकोश, वाक्यकोश आदि बनाउनुपर्छ। (च) आफ्नै गतिमा आफैंले सिक्ने भाषिक सफ्टवेयर र सामग्रीहरू बनाउनुपर्छ। (छ) युनिकोड पद्धतिलाई उपयोग गरी बहुभाषी कम्प्युटर लिपि तयार गर्नुपर्छ। (ज) विद्यार्थीको मातृभाषामार्फत पढाइ गरी बृहत् सम्पर्क/रोजीरोटी/बजारको भाषामा स्थानान्तरण गर्ने प्रबन्ध मिलाउनुपर्छ। (झ) बहुभाषा व्यवस्थापक एवं विकासकर्ताको रूपमा शिक्षक एवं विद्यार्थीहरूको तयारी गर्नुपर्छ।

(ञ) भाषिक सहिष्णुता र भाषिक विकासको वातावरण बनाउनुपर्छ। (ट) भाषाविद्, राजनीतिज्ञ र शिक्षाविद्का स्थानीय, प्रान्तीय र राष्ट्रिय टोलीहरू बनाई भाषा विकास तथा व्यवस्थापन कार्यहरू गर्नु/गराउनुपर्छ। (ठ) शिक्षकलाई भाषामा भएका ज्ञान, संवेदना, संस्कृति, सन्दर्भ आदिबारे सचेत बनाई भाषिक सान्दर्भिकरणसहित शिक्षण गर्ने तालिम दिनुपर्छ। ड) प्रान्तीय एवं अन्तरप्रान्तीय संस्कृति सिक्ने सिकाउने तरिकाले पाठ्यसामग्रीहरूलाई समावेशी बनाउनुपर्छ। (ढ) भाषा विकास स्वयंसेवी समूहहरूको गठन गरी तिनलाई गाउँ/नगर तहदेखि केन्द्रसम्म क्रियाशील गराउनुपर्छ। (ण) बेला बखतमा भाषा विकास तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गरी तिनको निचोड कार्यान्वयन गर्ने प्रबन्ध मिलाउनुपर्छ। (त) स्थानीय तहदेखि स्थानीय भाषाको लिखितलाई मान्यता दिने व्यवस्था गर्नुपर्छ। (थ) बहुभाषी केन्द्र स्कूल/कलेज/ विश्वविद्यालयहरू खोल्नुपर्छ। द) देशका सबै भाषा नेपाली भएकाले नेपाली भाषालाई

खस नेपाली/खस-पर्वते/खसभाषा भन्नुपर्छ । जुनसुकै मातृभाषाका विद्यार्थी भए पनि तिनलाई तिनकै भाषाबाट बृहत् सम्पर्क/रोजीरोटी/बजारको भाषामा सहज स्थानान्तरण गर्ने प्रबन्ध गर्नुपर्छ। (ध) स्थानीय सरकारलाई भाषा विकास कार्यमा उत्प्रेरित गर्नुपर्छ । (न)बढी लिपि सिक्नुपर्ने बालबालिकाका लागि सहज लिपि स्थानान्तरणका उपायहरू सिकाउनुपर्छ (प) बृहत् सम्पर्कको भाषा केन्द्रले नतोकी जनतालाई छोडिदिनुपर्छ।

शिक्षा केन्द्रको जिम्मेवारी हुने कि प्रान्तको ? भाषा सरकारले तोक्ने कि जनतामा छोड्ने ? भाषिक सहअस्तित्व कायम गर्ने कि भाषिक एवं उपभाषिक प्रान्त बनाउने ? अन्तरप्रान्तीय पाठ्यसामग्री बनाउने कि प्रान्तीय सामग्री तयार पार्ने ? जनबोलीले यस्ता केही प्रश्नहरू दियो । तिनको समाधानका लागि थप बहस गर्नुपर्ने आवश्यकता देखायो ।

## अन्य देशको भाषिक विकास तथा व्यवस्थापन तरिका

एकलभाषी भनिएका देशमा पनि भाषिकाहरू छन् । शक्तिमा नभएका भाषाहरू तिनले मानक भाषामै पठनपाठन गरेका छन् । केहीले बहुभाषी शिक्षण पद्धति अपनाएका छन्। यस अर्थमा संस्कृति, सन्दर्भ र विषयवस्तु (culture, entext and content) हेर्नुपर्ने हुन्छ। तिनै कुराहरूलाई मध्यनजर राखी तालिका-१ बनाइएको छ। यसले कुन-कुन देशले कसरी भाषिक विकास र व्यवस्थापन गरे भन्ने कुराको झल्को दिन्छ।

दक्षिणपूर्वी एशियाका देशहरूबाट भाषिक विकास र व्यवस्थापनका केही सन्देश मिले । पहिलो सन्देश हो- अल्पसंख्यकले बोल्ने भाषालाई विषयको रूपमा पढाउनुपर्छ । दोस्रो सन्देश हो- शिक्षकले ती समूहका विद्यार्थीलाई उनीहरूकै बोलीचालीमा भनिदिनुपर्छ । अर्थात् शिक्षकले कोड बदल्ने (code switch)। कहिले बहुसंख्यकले बोल्ने भाषामा। कहिले अल्पसंख्यकले

तालिका–१

**दक्षिण पूर्वी एशियाली देशको भाषिक विकास र व्यवस्थापन गर्ने तरिका**

| देश | भाषिक संख्या | बढी प्रयोग हुने भाषा | सरकारी कामकाजको भाषा | पठनपाठनको भाषा | थप जानकारी |
|---|---|---|---|---|---|
| ब्रुनाई | १७ | ब्रुनाई मलय | मानक मलय | मानक मलय र अंग्रेजी | स्थानीय भाषाहरूमा शिक्षण गर्ने प्रबन्ध छैन |
| कम्बोडिया | २० | ख्वमेर | ख्वमेर | ख्वमेर | परीक्षणको रुपमा अल्पसंख्यकले बोल्ने भाषामा पूर्व परीक्षण गरिएको छ। त्यहाँ द्विभाषी नीति लागू गरिएको छ। |
| इन्डोनेसिया | ७०० भन्दा बढी | भाषा इन्डोनेसिया | भाषा इन्डोनेसिया | भाषा इन्डोनेसिया | भाषा इन्डोनेसिया १० प्रतिशतले मात्र बोल्ने भाषा हो। मातृभाषा विषयको रुपमा मात्र पढाइ हुन्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| लामो पिडिआर | ८२ | भाषा लाओ | भाषा लाओ | | करिव ५० प्रतिशतले भाषा लाओ मातृभाषाको रुपमा प्रयोग गर्छन् । बोलीचालीमा मात्र अरु भाषा प्रयोग हुन्छ । |
| मलेसिया | १४० | ? | भाषा मलय | भाषा मलय (धेरैजसो विद्यालयमा) बाँकीमा मन्द्रारिन, तामिल र अन्य भाषाका आ-आफ्नै भाषिक विद्यालय छन् । | भाषा मलय माध्यम भाषा भएका विद्यालयमा तामिल, मन्दारिन र अन्य भाषा एउटा विषयको रुपमा पढाइन्छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| म्यानमार | १०० भन्दा बढी | बामा (वर्मेज) | बामा (बर्मेज) | बामा (बर्मेज) | अनौपचारिक शिक्षामा स्थानीय भाषा प्रयोग गरिन्छ। |
| फिलिपिन्स | १७० वटा जाति। १०० वटाको लिखित साहित्य पनि छ। अधिकांशको लिखित परम्परा छ। | ? | अंग्रेजी र फिलिपिनो | अंग्रेजी र फिलिपिनो | स्थानीय भाषालाई सहायक भाषा मानिएको छ। ती भाषामा पाठ्वस्तुको व्याख्या गरिन्छ। प्रौढ साक्षरतामा स्थानीय भाषा प्रयोग हुन्छ। |
| सिंगापुर | २०० भन्दा बढी | ? | अंग्रेजी | अंग्रेजी | मलय, मन्दारिन र तमिललाई मातृभाषाको रुपमा स्वीकृति दिइएको छ। अरु भाषाभाषीले ती तीन भाषामध्ये एउटा भाषा रोज्छन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| थाइलैण्ड | ७० भन्दा बढी | | मानक थाई | मानक थाई | अनौपचारिक शिक्षामा केही स्थानीय भाषाको प्रयोग हुन्छ। |
| भियतनाम | १०० जति | ९० प्रतिशतले बोल्ने | भियतनामी | भियतनामी | द्विभाषी र स्थानीय भाषामा शिक्षा दिने नीति छ। त्यसैले केही ठाउँमा स्थानीय भाषालाई विषयको रुपमा शिक्षण गरिन्छ। |

बोल्नेमा । तेस्रो सन्देश हो- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम चाहिं सबै भाषामा सञ्चालन गर्ने । यसका लागि टेम्प्लेट (templet) प्रणाली अपनाउने । प्रोटोटाइप सामग्री । अर्को भाषामा सान्दर्भिकरणसहितको अनुवाद । तेस्रो सन्देश हो - कामकाजी/सरकारी भाषामा विद्यार्थीलाई स्थानान्तरण गर्ने । सहज स्थानान्तरणका उपायहरू खोज्ने । सो कुरा कक्षाकोठामा लागू गर्ने । सामग्रीमा लागू गर्ने । प्रविधिमा लागू गर्ने । यसरी हेर्दा नेपालले लिएको वर्तमान बुद्धि यही हो । दक्षिणपूर्वी एशियाका देशकै सिको हो । यो सिकोले सामाजिक संरचना बदल्दैन । खाडल भर्दैन । तर केही गर्दछौं भन्ने सन्देश चाहिं दिन्छ ।

पूर्वी एशियामा पनि अनेकन् भाषाहरू छन् । तिनलाई कसरी व्यवस्थित गरियो ? कसरी विकास गरियो ? तालिका-२ ले ती प्रश्नहरूको उत्तर दिन्छ ।

यस तालिकामा उल्लिखित तीन देशबाट पनि केही सन्देश मिल्छ । पहिलो, अल्पसंख्यकले बोल्ने भाषामा सामग्रीहरू बनाउनुपर्छ । यसका लागि भाषिक समुदाय र गैरसरकारी संस्था सहयोगी हुनसक्छन् । दोस्रो, अल्पसंख्यकले बोल्ने भाषाका विद्यार्थीलाई सरकारी/कामकाजी भाषा वा दोस्रो भाषाको रुपमा पढाउनुपर्छ । यसका लागि छुट्टै खाले शिक्षक तयारी चाहिन्छ । तेस्रो, पाठ्यसामग्री विकसित हुँदै गएपछि अल्पसंख्यकले बोल्ने भाषामा चल्ने भाषिक विद्यालय सञ्चालन गर्नुपर्छ । चौथो, संख्यात्मक रुपले कम विद्यार्थी हुन गए भने सहज भाषिक स्थानान्तरणको नीति अवलम्बन गर्नुपर्छ ।

दक्षिण तथा पश्चिम एशियामा पनि अनेकन् भाषाहरू छन् । तिनको व्यवस्थापन र विकास गर्ने शैली आ-आफ्नै खाले छ । तालिका-३ ले यसको झल्को दिन्छ ।

तालिका-३ ले भाषा विकास र व्यवस्थापनमा केही सन्देश दिएको छ । पहिलो सन्देश हो- सबैलाई कामकाजी र सरकारी भाषा सिकाउनुपर्छ । दोस्रो सन्देश हो - भाषा विकासका लागि अनौपचारिक

तालिका–२

**पूर्वी एशियाली देशको भाषिक व्यवस्थापन तथा विकास गर्ने तरिका**

| देश | भाषिक संख्या | बढी प्रयोग हुने भाषा | कामकाजी/सरकारी भाषा | पठन पाठनको भाषा | थप जानकारी |
|---|---|---|---|---|---|
| चीन | २०० भन्दा बढी | ? | मन्दारिन, चिनियाँ | मन्दारिन चिनियाँ। अन्य भाषभाषीलाई चाहि मन्दारिन चिनियाँ भाषामा स्थानान्तरण गर्ने। | अल्पसंख्यकले बोल्ने भाषामा पनि पढाउने नीति छ। हालसम्म ५५ वटा भाषामा यो काम भएको छ। तीमध्ये आधादर्जन भाषामा माध्यमिक तहसम्म पढाइ हुन्छ। त्यस्ता विद्यालयमा मन्दारिन चिनियाँ पढाइन्छ। |
| मंगोलिया | १२ | ? | दाल्ह र खाल्क समूहको मंगोलियन भाषा | मंगोलियन | अल्पसंख्यकले बोल्ने दोस्रो भाषा दाल्ह मंगोलियन हो। कजाक भाषामा मात्र द्विभाषी शिक्षण छ। |
| जापान | ११ | जापानी ९९% ले बोल्छन् | जापानी | जापानी | गैरजापानीलाई जापानी भाषामा स्थानान्तरण गर्ने प्रबन्ध गरिएको छ। |

तालिका–३

## दक्षिण तथा पश्चिम एशियाली देशको भाषा व्यवस्थापन र विकास गर्ने तरिका

| देश | भाषिक संख्या | बढी प्रयोग हुने भाषा | कामकाजी/ सरकारी भाषा |
|---|---|---|---|
| अफगानिस्तान | ३० | आठवटा छन् । | पस्तो र दारी |
| बंगलादेश | ४० | बंगला भाषा (९८% ले बोल्छन् । | बंगला |
| भुटान | १८ | ? | जोङ्खा |
| भारत | सन् १९६१ मा १६५२ सन् १९९१ मा ११४ एथ्नोलगमा ४३० | ? | हिन्दी कामकाजी र अंग्रेजी सहायक कामकाजी भाषा । |
| पाकिस्तान | ६३ भन्दा बढी | ५ वटा भाषाहरू मुख्य रुपमा बोलिन्छन् । | उर्दू राष्ट्र भाषा हो तर कामकाजी भाषा अंग्रेजी हो । १५-१८ प्रतिशतले काम चलाउ अंग्रेजी जान्दछन् । |

| पठनपाठनको भाषा | थप जानकारी |
|---|---|
| पस्तो र दारी | मातृभाषामा पढ्न पाउने संवैधानिक व्यवस्था छ। अल्पसंख्यकको भाषामा विषयको रुपमा र अनौपचारिक शिक्षामा माध्यमको रुपमा केही भाषामा पढाइ हुन्छ। |
| बंगला | विश्वविद्यालयमा अंग्रेजी भाषामा पढाइ हुन्छ। विद्यालयमा भने विद्यार्थीलाई उनीहरूको भाषामा भनिदिने व्यवस्था छ। |
| जोङ्खा | सरकारी विद्यालयमा अंग्रेजीमा पढाइ हुन्छ। कुनै कुनै विद्यालयमा जोङ्खामा पनि पढाइ हुन्छ। अनौपचारिक शिक्षा भने जोङखा भाषामै दिइन्छ। |
| तीनभाषी नीति थियो तर उडिसा र महाराष्ट्रमा मात्र यो लागू भयो | अल्पसंख्यले बोल्ने भाषा समूहका विद्यार्थीलाई मातृभाषा शिक्षा दिने दायित्व सम्बन्धित राज्य र स्थानीय अधिकारीलाई दिइएको छ। असाम र नागालैण्ड मा तत्तत् जातिको भाषामा शिक्षा दिने प्रयास गरिएको छ। अन्यत्र पनि यो प्रयास जारी छ। |
| उर्दू | रोजगारीको लागि सिन्धी भाषा पढ्ने गरिन्छ। पोस्तो तथा सिन्धी भाषामा ५ कक्षासम्म पढाउने व्यवस्था छ। |

शिक्षाका कार्यक्रमहरू विस्तार गरिनुपर्छ । तेस्रो सन्देश हो- अल्पसंख्यकले बोल्ने भाषाका विद्यार्थीलाई न्याय गर्न (क) उनका भाषामा पाठ्यसामग्री बनाउनुपर्छ। (ख) शिक्षकले उनीहरूकै भाषामा सम्झाइदिने प्रबन्ध गर्नुपर्छ। (ग) क्रमशः सबै भाषामा पाठ्यसामग्री बनाउने गरी प्रगतिशील महसूसीकरण (progressive realization) को नीति अख्तियार गर्नुपर्छ। चौथो सन्देश हो-प्रान्तीय भाषा, कामकाजी भाषा र विद्यार्थीको भाषा भनी त्रिभाषी नीति लागू गर्न कठिन एवं झञ्झटिलो हुन्छ। किनकि कसको शब्दमा त्रिभाषी भन्ने प्रश्न ज्यूँका त्यूँ रहन्छ। पाँचौं सन्देश हो - अल्पसंख्यकले बोल्ने भाषामा सामग्री बनाउन खर्चिलो हुन्छ । त्यसैले, उनीहरूका लागि सहज भाषिक स्थानान्तरण नै व्यावहारिक उपाय हो । छैटौं सन्देश हो- विद्यार्थीले रोजगारीका लागि पनि भाषा सिक्नुपर्छ। त्यसका लागि विद्यालयले शुरुदेखि नै ती भाषामा स्थानान्तरण गर्ने प्रबन्ध गर्नुपर्छ। सातौं सन्देश हो- अल्पसंख्यकको भाषा विकास र व्यवस्थापन नगर्ने हो भने भारत र पाकिस्तानमा झैं भाषाहरू मर्दै जान्छन्। गइरहेछन्। यस स्थितिमा थप सन्देश लिन मैले मध्य एशियाको भाषिक विकास र व्यवस्थापनबारे अध्ययन गरें। अध्ययनको निचोड तालिका-४ मा दिइएको छ।

तालिका-४ ले केही सन्देश दिएको छ। प्रथम सन्देश हो- बहुभाषी कक्षाका हिमायतीले धेरैले बोल्ने भाषाबाटै मातृभाषाको शिक्षा थाल्दा रहेछन् । दोस्रो सन्देश हो- अल्पसंख्यकले बोल्ने भाषाका विद्यार्थीले बृहत् सम्पर्कको भाषामा आउनैपर्ने रहेछ । प्रश्न सहज ढङ्गले कि जबर्जस्तीले ? त्यति मात्रै रहेछ। तेस्रो सन्देश हो- कम संख्यकले बोल्ने भाषाका विद्यार्थीलाई संरचनागत अन्याय भइरहेको रहेछ। चौथो सन्देश हो- अनौपचारिक शिक्षा भाषा विकास एवं व्यवस्थापनको राम्रो थलो बन्दो रहेछ। त्यसमा भाषिक स्थानान्तरणको त्यति ठूलो समस्या हुँदो रहेनछ।

प्रशान्त क्षेत्रको पपुवा न्युगिनीले भने अर्कै सन्देश दिएको छ। त्यहाँ भाषापिच्छेका बस्ती छन् । बस्तीपिच्छेको स्कूल । यसले गर्दा

तालिका–४

**मध्य एशियाली देशको भाषा व्यवस्थापन र विकास गर्ने तरिका**

| देश | भाषिक संख्या | बढी प्रयोग हुने भाषा | कामकाजी/ सरकारी भाषा | पठन/पाठनको भाषा | थप जानकारी |
|---|---|---|---|---|---|
| कजाकिस्तान | ? | कजाख | कजाख राष्ट्र भाषा र रुसी कामकाजी | ४५ प्रतिशत विद्यालयमा कजाखमा २६ प्रतिशत मा कजाख र रुसी तथा ४ प्रतिशत मा उक्रेनी, ताजिख, उडगुर र उण्डोक भाषामा पढाइन्छ। | १२० जनजाति छन्। |
| किर्गिस्तान | ? | ? | किर्गिज र रुसी | ६६ प्रतिशत विद्यालयमा किर्गिज, ७ प्रतिशतमा रुसी, ७ प्रतिशत उण्डोक, र २० प्रतिशतमा रुसी तथा किर्गिजमा पढाइ हुन्छ। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ताजिकिस्तान | ? | ? | ताजिक र सम्पर्क भाषा रुसी | ताजिक र रुसी। माध्यमिक तहमा भने ७३ प्रतिशतले ताजिकमा, २४ प्रतिशत उण्डोकमा, २ प्रतिशतले रुसीमा, र अरुले किर्गिज, कजाख, र तुर्कीमा पढ्ने प्रवन्ध  गरिएको छ। | |
| उब्जेकिस्तान | १०० भन्दा बढी | ? | उब्जेक र सम्पर्क भाषा रुसी | उब्जेक | - हालसम्म ७ वटा भाषामा आधारभूत शिक्षा दिने व्यवस्था छ। १० विद्यालयले यो सुविधा पाएका छन्। |

८५० मध्ये ३५० देखि ४०० जति भाषामा पूर्व प्राथमिक तथा प्राथमिक शिक्षा दिइन्छ । तीन कक्षापछि भने अंग्रेजीमा पढाइन्छ । स्थानीय भाषामा पढाउने विद्यालयचाहिं स्थानीय समुदायले नै चलाउँछन् । पपुवा न्युगिनीको यो प्रबन्धले अर्कै सन्देश दिन्छ। त्यो हो- (क) भाषा विकास र व्यवस्थापनका लागि भाषिक समुदायले आ-आफ्नो स्कूल चलाउनुपर्छ (ख) एकल भाषिक समूह भएको ठाउँमा सोही भाषामा पढाउन सजिलो हुन्छ। (ग) बहुभाषी विद्यार्थी हुनासाथ तेस्रो भाषाको सहारा लिनुपर्छ। दक्षिणी अफ्रिकामा भने ११ भाषा छन्। व्याकरणको हिसाबमा तिनलाई चार समूहमा बाडिएको छ। ती चार समूहका भाषामा अनुवाद गर्ने प्रबन्ध गरिएको छ। स्वीट्जरल्याण्डमा द्विभाषी र तीनभाषी विद्यालय बनाइएका छन् । विद्यार्थी र अभिभावकले आवश्यकता अनुसार विद्यालय छान्छन् । विद्यार्थीलाई चाहिने भाषिक सिकाइ सहयोग विद्यालयले दिन्छ । दक्षिणी अफ्रिका र स्वीट्जरल्याण्डको अनुभवले भन्छ (क) भाषाहरूको व्याकरण अध्ययन गरौं र तदनुरुप तिनको वर्गीकरण गरौं (ख) वर्गीकृत भाषा समूहहरूको विकास गरौं (ग) वर्गीकृत भाषाका विद्यालयहरू खोलौं (घ) तिनमा अन्तरवर्गीकृत भाषामा सहज भाषिक स्थनान्तरण गर्ने विधिबाट पढाऔं ।

## विगतका अध्ययनहरूको सिकाइ

मातृभाषामा कसरी शिक्षण गर्ने ? कक्षाकोठाको अवस्था के छ ? उपायहरू के हुनसक्छ ? यी र यस्ता प्रश्नको उत्तर खोज्न मैले उपलब्ध अध्ययनहरू (Khadka, 2005; CRED, 2005; Awasthi, 2001; CHIRAG, 2001) को विश्लेषण गरें । विश्लेषणले भन्छ- अंग्रेजी पढ्नैपर्ने कारणले गर्दा कुनै पनि विद्यालयहरू एकलभाषी रहेनन् । सबै भाषाभाषीहरूका शिक्षक हुनाले भाषा स्थानान्तरण विधि सहजै प्रयोग हुने भयो । बसाइँसराइ प्रक्रियाले गर्दा बालबालिकाहरूले एकअर्काको भाषा जान्नै पर्ने बाध्यता रह्यो । भाषिक समूहको लागि छुट्टाछुट्टै स्कूल

नभएकाले वा कम्प्युटरको शब्दवलीमा डिफल्टले गर्दा पनि शहर बजारमा विद्यालयहरू बहुभाषी बने । गाउँठाउँमा कतै यी द्विभाषी बने । एकलभाषी शिक्षक र विद्यार्थीका स्कूलहरू पनि ठाउँठाउँमा पाइए । त्यहाँ पनि अंग्रेजी पढाउनु पर्दा द्विभाषी हुन करै लाग्यो । यस स्थितिमा ती अध्ययनहरूले केही सन्देशहरू दिए । पहिलो, मातृभाषाबाट अर्को भाषामा स्थानान्तरण गर्नु हाम्रो बाध्यता रहेछ । दोस्रो, शिक्षकहरूले भाषिक स्थानान्तरण गर्ने सहज सीपहरू पाएनछन् । शिक्षक तालिमले पनि यो सीप दिएनछ । दिइहाले पनि विषयगत रूपमा दिएछ । गणित वा विज्ञान शिक्षकले यस्तो सीप पाएनछन् । तेस्रो, विद्यार्थीहरूले कोड बदलिरहनुपर्ने रहेछ । चौथो सहज भाषिक स्थानान्तरण हुने, सहज थेरापी पाउने, सहज व्याकरण बनाउने, सहज सांस्कृतिक शब्दावलीको अर्थ सिक्ने सिकाउने प्रक्रियाको थालनी भएनछ । अध्ययनले दिएका सुझावहरूले पनि भाषा विकास, भाषा व्यवस्थापन, भाषिक पहिचान, भाषिक ज्ञान, भाषासंरक्षण आदिमा काम लाग्ने गरी (Comprehensive) उन्मुख बनाएनछन् ।

## शैक्षिक योजनाले दिएको बाटो

मैले विगतका शैक्षिक योजनाहरू (२०१२, २०१८, २०२२, २०२८, २०५८) हेरें । तिनले सुझाएका उपायहरू पर्गेलें । मेरो पर्गेल्याइले देखायो कि (क) मातृभाषामा शिक्षा दिने सबैको रहर रहेछ । तर भाषा स्थानान्तरण गर्ने बुद्धि प्राविधिकको काम हो भन्ने ठानिएछ । शिक्षकको काम (ख) नेपाली दोस्रो भाषाको रूपमा पढाउने सोच आएछ । प्रयोगमा भने त्यसको कामै भएनछ । (ग) बेलाबखतमा भाषिक मुद्दा उठ्दा रहेछन् । ती मुद्दा सल्टाउन विविध उपायहरू सुझाइएछन् - मातृभाषामा पढाउने । मूल धारको भाषामा स्थानान्तरण गर्ने । भाषिक डुवाइ (Language Immersion) गर्ने । क्रमशः भाषिक डुवाइमा जाने । आधारभूत शिक्षापछि भाषिक डुवाइमा

लाने । शिक्षकले कोड बदल्ने । विद्यार्थीको भाषामा सम्भाउने । आवश्यकता अनुसार अनुवाद गर्ने । मातृभाषामा साक्षरता कक्षाहरू सञ्चालन गर्ने ।

## प्राज्ञिक स्वीकारोक्ति

शिक्षा विभाग समाहित शिक्षा शाखा (२०६६) ले दोस्रो भाषाको रुपमा नेपाली पढाउने सोच ल्यायो । सोच विश्लेषणले भन्छ- (क) नेपालले दोस्रो भाषाको रूपमा पनि नेपाली भाषाको शिक्षण गर्नुपर्छ। (ख) भाषा शिक्षणका अनेकन् मोडलहरूको परीक्षण गर्नुपर्छ। उपयोगी मोडलहरूको आधारमा शिक्षक तयारी गर्नुपर्छ (ग) त्यस्ता विद्यार्थीहरूका लागि थेरापिटिक शिक्षण तरिका अपनाउनुपर्छ। सहज भाषा स्थानान्तरणका अनेकन तर्किवहरू गर्नुपर्छ । (घ) स्थानीयबाट मानक भाषामा र मानकबाट सरकारी र कामकाजी भाषामा स्थानान्तरण गर्ने उपक्रम गर्नुपर्छ (ङ) एक-अर्काका शब्दहरू सिकाउँदा तिनमा निहीत सांस्कृतिक र सान्दर्भिक अर्थ पनि सिकाउनुपर्छ (च) शास्त्रीय भाषा (शास्त्र भएका), कामकाजी भाषा, र स्थानीय भाषाबीच अन्तरसम्बन्ध खोजिनुपर्छ (छ) कुन तहमा कति भाषा सिकाउने भनी आधारभूत अनुसन्धान गरिनुपर्छ । (ज) सबैको भाषा सबैले सिक्ने र सम्मान गर्ने परिवेश बनाउनुपर्छ (झ) सहज ढङ्गले एकअर्काको भाषा सिक्ने तर्किवहरू निकाल्नुपर्छ (ञ) सबै भाषाका मौखिक साहित्यहरूलाई लिखितमा ल्याउनुपर्छ (ट) भाषा संरक्षणका लागि स्थानीय अभियान चलाउनुपर्छ।

## विद्यालयको अनुभव

अध्ययनको क्रममा म धनुषा र महोत्तरी पुगें । धनुषाको जब्दी र सिरहाका चारवटा स्कूलको पठनपाठन प्रक्रिया अवलोकन गरें । महोत्तरीको बनौटामा शिक्षकहरूसँग छलफल गरें । त्यसक्रममा मैले

विद्यार्थीसँग पनि छलफल गरें । शिक्षक र व्यवस्थापन समितिका सदस्यहरूसँग सामूहिक अन्तरक्रिया गरें । धनुषामा त निजी र सरकारी विद्यालयको पठन-पाठन प्रक्रियालाई तुलनात्मक रूपमा हेर्न पाएँ । यस क्रममा मैले पाएँ कि शिक्षक एवं विद्यार्थीहरू मैथिली भाषी भएकाले (क) मैथिली भाषामा पढाउँदा रहेछन् (ख) बेलाबखतमा नेपालीमा भन्दा रहेछन् (code switching and code mixing) (ग) आवश्यकता अनुसार नेपालीमा लेखिएका कुरा अनुवाद गरिदिंदा रहेछन् (घ) सांस्कृतिक शब्दको अर्थ बताइदिंदा रहेछन् (ङ) निजी विद्यालयका शिक्षक चाहिं अंग्रेजीमा पढाउँदा रहेछन् (च) बेलाबखतमा नेपालीमा भनिदिंदा रहेछन् (छ) कुनै कुनै शिक्षकले मैथिलीमा पनि सम्झाउँदा रहेछन् ।

विद्यार्थीहरूको अर्कै अनुभव रहेछ । सरकारी विद्यालयका विद्यार्थी नेपाली बुझ्दा रहेछन् । बोल्न चाहिं कठिन रहेछ । जब्दीकी एकजना छात्राको अनुसार नेपालीमा "आन्छु मान्छु हुन्छ, बोल्नै गाह्रो" । उनको भनाइले मैथिलीभन्दा नेपाली (व्याकरण गाह्रो भएको बुझिन्थ्यो । शिक्षकले जोड्न नसकेकाले । यसरी हेर्दा भाषिक हिसाबले सरकारी विद्यालयका विद्यार्थीहरू तीनवटा भाषामा घुमेका थिए । मैथिलीमा डुवाइ (Immersion) । नेपालीमा फड्काइ (Transfer) अंग्रेजीमा विषय शिक्षण (Subject teaching) । निजी विद्यालयमा भने अंग्रेजीमा डुवाइ । नेपालीमा फड्काइ । मैथिलीमा बुझाइ (Through code switching) ।

यी अवलोकन र छलफलहरूले मलाई भाषिक सह-सिकाइ (Associative learning technique) संझायो । फलतः मैले जब्दीका दुईवटा स्कूलमा शिक्षक एवं विद्यार्थीहरूलाई एकसाथ बहुभाषी बन्ने डिजाइनको परीक्षण गरें । परीक्षणका लागि तलको फारम बनाएँ । विद्यार्थीलाई नै भर्न लगाएँ । सबैले रमाएर भरे । शिक्षकले पनि फारम भरे । फारमको नमूना यस प्रकारको थियो-

| | | | | |
|---|---|---|---|---|
| **मैथिली** | हमर | नाम | कमला | अछि |
| **हिन्दी** | मेरा | नाम | कमला | है |
| **नेपाली** | मेरो | नाम | कमला | हो |
| **अंग्रेजी** | My | Name | Kamala | is |

चारवटा भाषा राख्नुको कारण थियो । मैथिली विद्यार्थीको मातृभाषा । हिन्दी मनोरञ्जनको भाषा । नेपाली किताबको भाषा । अंग्रेजी विषयको भाषा । अरू भाषाका विद्यार्थी नभएकोले त्यसो गरेको थिएँ । विद्यार्थी आफैले फारम भरे । शिक्षकले पनि त्यसै गरे । त्यसपछि मैले सोधें कहाँ के के समान छ ? के के फरक छ ? हमर, मेरा, मेरो र माईको फरक । अछि, है, हो र इज को फरक । नाममा फरक रहेन । नेममा चाहिं लिपि फरक भयो । तर 'न र म' को उच्चारण चाहिं उस्तै रह्यो । यो विश्लेषणको आधारमा शिक्षकसँग भाषा पढाउन सकिन्छ कि सकिंदैन भनी छलफल गरें । उनीहरूले भने- यो सहज उपाय रहेछ । त्यसैमा मैले थपें- अछि (अइछ) बोल्नेलाई हो सिकाउने । है बोल्नेलाई हो सिकाउने । ईज बोल्नेलाई हो सिकाउने । यसोगर्दा एकसाथ भाषिक स्थानान्तरण गर्ने विधि अपनाउन सकिन्छ कि ? शिक्षकहरूले सहज माने । विद्यार्थीले भाषिक समानता र फरक थाहा पाए । यसरी दिनहुँ कक्षाकोठामा सामग्री बनाउने संभावना पनि देखें । ती सबै कुरा जम्मा पारेमा एकसाथ भाषा विकास हुने अवसर देखें । यही क्रममा मैले अञ्जु खड्का, केशरजंग मगर र मेरो पहाडी बोलीचाली (२०६५) देखाएँ । तराई-मधेश बोलीचाली (प्रकाशोन्मुख)को नमूना देखाएँ । भाषिक सहअस्तित्वको नमूना । माथिको प्रयोग, छलफल र नमूना प्रदर्शनले निम्नलिखित सन्देश दियो- (क) भाषिक सहअस्तित्व विधिबाट पठनपाठन गर्न सकिने रहेछ । (ख) सरकारी कामकाजी भाषा वा आफूले चाहेका अन्य भाषामा एकसाथ स्थानान्तरण गर्न मिल्ने रहेछ,

(ग) प्रान्तीय भाषा तोक्दा वा हिमाली, पहाडी र तराई-मधेशको छुट्टाछुट्टै सम्पर्क भाषा तोक्दा पनि यो विधि अपानाउन सकिने रहेछ । (घ) विद्यालयमा प्रचलित विधिमा पनि यसले सघाउ पुऱ्याउने रहेछ (ङ) आफूले नजानेको भाषामा पनि शिक्षक भाषा व्यवस्थापक बन्न सक्दो रहेछ (च) थेरापिटिक कक्षाका लागि के गर्ने भन्ने कुरा थाहा हुँदोरहेछ। (छ) विद्यार्थीलाई एक अर्को भाषा सक्ने अक्किल (Clue) दिंदोरहेछ। (ज) अनौपचारिक शिक्षाका शिक्षार्थीहरूलाई पनि मातृभाषामा शिक्षा दिंदादिंदै उनीहरूले चाहेको भाषामा शिक्षा दिन सकिने रहेछ । (झ) बहुभाषी साक्षरता तथा बहुभाषी शिक्षा एकसाथ गर्न सकिने सम्भावना रहेछ । (ञ) सामान्य अभिमुखीकरण (Orientation) ले शिक्षक तयारी हुने रहेछ। प्रत्येक विद्यार्थी एवं शिक्षकलाई बहुभाषी बन्ने तर्किव दिंदोरहेछ। प्रोत्साहित गर्दोरहेछ।

## राष्ट्रिय गोष्ठीको दृष्टिकोण

अध्ययनको निचोडसम्बन्धी बहस गर्न काठमाडौंमा राष्ट्रिय गोष्ठीको आयोजना भयो । गोष्ठीमा शिक्षक प्रतिनिधि, राजनीतिज्ञ, भाषाविद्, सांसद, गैरसरकारी संस्थाका प्रतिनिधि, सरकारी कर्मचारी र विश्वविद्यालयका प्राध्यापकहरू थिए। गोष्ठीको सिफारिश थियो -

क) सानो कक्षामा बालबालिकाको मातृभाषालाई माध्यमको रूपमा लिने ।

ख) माथिल्लो कक्षामा बालबालिकाको मातृभाषालाई विषयको रूपमा पढाउने ।

ग) स्थानीय, प्रान्तीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको लागि आमसञ्चारको भाषा तोक्ने ।

घ) ती भाषामा बालबालिकालाई पढ्ने व्यवस्था मिलाउने ।

ङ) विद्यालयमा सम्बन्धित भाषाको शिक्षक नियुक्ति गर्ने ।

यसबाहेक गोष्ठीका केही सदस्यहरूले अहिले नेपाली भनिएको

भाषालाई खसभाषा भन्नुपर्ने कुरा सुझाएका थिए । उनीहरूको तर्क थियो- नेपालको सबै भाषा नेपाली हुन् । हालको नेपालीलाई मात्र नेपालीभन्दा भाषिक रूपमा आन्तरिक उपनिवेशको गन्ध आउँछ । यसरी हेर्दा राष्ट्रिय गोष्ठीको अनुमोदनमा राजनीतिज्ञ र भाषाविद्कै चिन्तन हावी भएको थियो । यति हुँदाहुँदै पनि गोष्ठीले यसबारे थप बहस गर्नुपर्ने कुराको सिफारिश गऱ्यो ।

## भोलिको बाटो

मैले भाषिक व्यवस्थापन र विकासको ऐतिहासिक उत्खनन् गरें । वर्तमानका विचारहरूको विश्लेषण गरें । विदेशमा के कसरी भाषिक व्यवस्थापन गर्दारहेछन् भनी खोजतलास गरें (युनेस्को, सन् २००८) । शिक्षा विभागले के कस्ता कुरा गऱ्यो भनी छानबिन गरें । यसको आधारमा भोलिको बाटो तय गरें । छलफलको बाटो । परीक्षणको बाटो । अनुसन्धानको बाटो । शिक्षणको बाटो । सिकाइको बाटो । स्वशिक्षणको बाटो । यी बाटाहरूले संघीय नेपालमा सहज भाषा विकास एवं व्यवस्थापन हुन्छ भन्ने विश्वास गरें । अर्को शब्दमा राजनीतिज्ञको भोट बच्ने तरीका । भाषाविद्को भाषा नभर्ने तरीका । शिक्षक र शिक्षाविद्को बालबालिकालाई सहज हुने तरीका । त्यसरी जन्मेका मेरा विचारहरू यस प्रकारका छन् :

**क**) **भाषाको लिखत राखौं**: स्थानीय सरकार र विद्यालयलाई भाषाहरू थाहा हुन्छन् । ती भाषाहरूको लिखत राखौं । स्थानीय सरकारकै लगानीमा एकअर्काको भाषामा सामान्य संवाद गर्न सकिने गरी शब्दकोश बनाऔं । वाक्यकोश बनाऔं । विद्यालयले त्यस कार्यको संयोजन गरौं । आवश्यकताअनुसार भाषाविद्हरूको सल्लाह लिऔं । यसरी स्थानीय सरकार र विद्यालयले तयार पारेको भाषा लिखत प्रान्तीय तहमा जम्मा गरौं । यसैका आधारमा प्रान्तीय भाषाहरूको शब्दकोश/वाक्यकोश बनाऔं । तुलनात्मक व्याकरण बनाऔं । थेरापी

गर्नुपर्ने शब्द/वाक्य आदि पहिल्याऔं। थेरापी कक्षाको प्रवर्द्धन गरौं। मानक भाषा बनाऔं। केन्द्रीय मानकसँग जोडौं।

**ख) भाषा शिक्षणका मोडलहरू खोजौं:** कसरी बच्चाबच्चीले भाषा सिक्छन् ? यो प्रश्नको उत्तर खोज्ने उपक्रम गरौं। प्रत्येक विद्यालयले खोजौं। विद्यार्थीलाई भन्न लगाऔं- कसरी भाषा सिकें भनेर। त्यसको दस्तावेजीकरण गरौं। यसको आधारमा स्रोतकेन्द्र, जिल्ला वा प्रान्तीय तहमा भेटिएका मोडलहरूको परीक्षण गरौं। परीक्षित मोडलहरूलाई ततूस्थानमै र अन्य प्रान्तमा पनि लागू गरौं। यसरी मोडल बन्ने र बनाउने क्रमलाई निरन्तरता दिऔं।

**ग) भाषिक स्थानान्तरणलाई शिक्षणको अभिन्न अंग बनाऔं:** भाषिक सहअस्तित्व (खड्का, मगर र कोइराला (२०६५) का लागि भाषिक स्थानान्तरण भइरहनुपर्छ। भोजपुरी भाषाबाट मैथिलीमा लान। मैथिलीबाट तामाङमा लान। तामाङबाट शेर्पामा लान। शेर्पाबाट नेपालीमा लान। नेपालीबाट अंग्रेजीमा लान। सन्थालीबाट अन्य कुनै भाषामा लान। यस क्रममा विद्यार्थीको सहजता थाहा पाऔं। अप्ठ्यारो पहिल्याऔं। आवश्यक सहजीकरणका लागि भाषा थेरापी कक्षाहरू खोलौं। केन्द्रहरू खोलौं। स्थानीय सरकारको तहमा। प्रान्तीय तहमा। केन्द्रीय तहमा।

**घ) भाषा सिकाइ केन्द्र/स्कूल/कलेज/विश्वविद्यालय खोलौं:** भाषा सिकाइका लागि केन्द्रहरू खुल्दैछन्। खुल्छन्। तर, तिनको संस्थागत विकास भने भएको छैन। यस स्थितिमा भोलिको नेपालमा भाषा सिकाइ केन्द्रहरू खोलौं। स्थानीय सरकारपिच्छे। बहुभाषी स्कूल खोलौं। छोटो अवधिको स्कूल। स्वसिकाइका स्कूल। मित्र सिकाइ (Peer learning) का स्कूल। प्रान्तैपिच्छे बहुभाषी कलेज खोलौं। बहुभाषी विश्वविद्यालय खोलौं।

**ङ) शास्त्रीय भाषाहरूको संज्ञानात्मक अन्तरसम्बन्ध खोजौं:** नालसभामा गुरुङहरूले पारित गरे-नेपाल संस्कृत विश्वविद्यालयलाई

बहुभाषी बनाऔं । यो भनाइको आफ्नै आधार छ । तर, मेरो सोच हो- त्यहाँ त मुन्धुमको शास्त्रीय अध्ययन गरौं । इस्लामको गरौं । इसाइको गरौं । बुद्ध धर्मको शास्त्रीय अध्ययन गरौं । शिन्तो र ताओको गरौं । तिनीहरूबीच अन्तरम्सम्बन्ध खोजौं । विश्वबारे प्रत्येक शास्त्रीय भाषामा के ज्ञान छ भनेर । व्यक्तिबारे के भन्छन् भनेर । ब्रह्मबारे के बुझ्छन् भनेर । यसले धार्मिक विवाद घटाउँछ । शब्दान्तरको लडाईं चिनाउँछ । एकलकाँटे (Fundamentalism) बुद्धि हराउँछ । शास्त्रीय ग्रन्थहरूले पुनर्जीवन पाउँछन् । पुनःसन्देश पाउँछन् । पुनर्थ (New interprelation) पाउँछन् ।

**च**) **सबै भाषामा साक्षरता अभियान थालौं**: साक्षरता कार्यक्रमबाट भाषा संरक्षण गर्ने अभियान थालौं । यसले दुईवटा काम गर्छ । पहिलो, अभिभावकमा भाषा मोह बढ्छ । दोस्रो बालबालिकालाई सोही मोहको स्थानान्तरण हुन्छ । यसरी शुरू गरेको साक्षरता अभियानमै भाषा स्थानान्तरण गर्ने नीति लिऔं । द्विभाषी वा बहुभाषी साक्षरता । प्रौढले उपयोगमा देखेर पढ्छ । काठमाडौं नरदेवीकी नेवार महिलाले देवनागरी अक्षरमा ‘सुगर’ लेखेर अंग्रेजी पढे जस्तो । मोडलहरू अरु पनि हुनसक्छन् । त्यस्ता मोडलहरू खोजौं । भाषिक सहअस्तित्वका अनौपचारिक कक्षाहरू । औपचारिक कक्षाहरू ।  यसैका आडमा बन्ने शैक्षिक सामग्रीहरू ।

(छ) **नरम एवं गरम भाषा सिकाइ सामग्री बनाऔं**: भाषा विकास र व्यवस्थापनका लागि नरम (Soft materials) सामग्री बनाऔं । अनलाइन सामग्री । युनिकोडमा लेखिएका सामग्री । गरम सामग्री (Hard materials) बनाऔं । क्यासेट । डीभीडी । किताब । पत्रपत्रिका । चलचित्र । वृत्तचित्र । गीति एल्बम । संगीत एल्बम । मौखिक क्यासेट र डीभीडी ।

(**ज**) **भाषिक प्रयोगशालाहरू बनाऔं**: प्रत्येक प्रान्तमा बहुभाषी कलेज/बहुभाषी विश्वविद्यालयमा भाषिक प्रयोगशाला बनाऔं ।

भाषा विकासको अध्ययन गरौं/गराऔं । यसबाट आर्जेको ज्ञानले मानक भाषा बनाऔं । मानित भाषा बन्न दिऔं । जनभाषा र मानित भाषाबीच अन्तरसम्बन्ध खोज्न लगाऔं ।

(झ) **बहुविद्हरू सहकार्य गरौं**: विद्हरू एकलकाँटे भयौं । भिन्नै फोरममा बोल्ने । जोड्न नजान्ने । जोडिन नजान्ने । यसैले भाषाविद्, शिक्षाविद्, राजनीतिविद् मानवशास्त्रविद्हरूको सहकार्य थालौं । केन्द्रमा सहकार्य/प्रान्तमा सहकार्य/स्थानीय सरकारमा सहकार्य । यस्ता सहकार्यबाट नवीन बुद्धिहरू निकालौं । भाषिक सहअस्तित्वको बुद्धि (कोइराला, खड्का र मगर, २०६६ प्रेसमा) । यो बुद्धिबाट सबैले सबैको भाषा विकास गर्ने सोच भित्र्याऔं । भाषाको व्यवस्थापन गर्ने तर्किव निकालौं ।

(ञ) **'नेपाली भाषा' भन्ने शब्दमा तिक्तता व्यक्त नगरौं**: अध्ययनले भन्छ- इन्डोनेसियामा ७०० भन्दा बढी भाषा छन् । बहाषा इन्डोनेसिया त्यहाँको कामकाजी भाषाको नाम छ लाओपिडिआरमा ८२ वटा भाषा छन् । भाषालाओ कामकाजी भाषाको नाम हो । त्यही अवस्था मलेसियामा छ । देशमा १४० भाषा छन् । भाषा मलया कामकाजी मानिन्छ । फिलिपिन्समा १७० भन्दा बढी भाषा छन् । फिलिपिनोर अंग्रेजीलाई कामकाजी भाषाको नाम दिइएको छ । भियतनाममा १०० भन्दा बढी भाषा छन् । कामकाजी भाषालाई भियतनामी भनिन्छ । जापानमा ११ वटा भाषा छन् । जापानीलाई कामकाजी भन्दछन् । बंगलादेशमा ४० वटा भाषा छन् । बंगालीलाई कामकाजी नाम दिइएको छ । यही अवस्था उज्जेकिस्तानमा छ । त्यहाँ १०० भन्दा बढी भाषा छन् । यसरी हेर्दा बुझिन्छ कि 'नेपाली भाषा'लाई खस भाषा भन्नु परेन । खस भाषा अर्कै छ । पर्वते भनिरहनु परेन । हिमाल र तराईमा पनि बसाइँसराइले गर्दा यो भाषा पुगिसकेको छ । यस स्थितिमा सबै भाषा नेपालका हुन् । तर, नेपाली सबैको कामकाजी भाषा भइसकेको

छ । यस स्थितिमा करले स्वीकारेको भए पनि रहरले स्वीकारौं । बजारी आवश्यकताले स्वीकारौं । अन्तरप्रान्तीय सम्बन्धको कारणले स्वीकारौं । पूर्वी र पश्चिमका मगर भेट हुँदा बोल्ने नेपालीमा हो भनेर । पूर्वी र पश्चिमका थारूहरू भेट हुँदा बोलिने नेपाली हो भनेर । शेर्पा र अवधी भेट हुँदा बोलिने नेपाली भनेर । यसक्रममा बहुभाषी शब्दहरू भित्र्याऔं । व्याकरणलाई सहज बनाऔं । जनजिब्रोको शब्दमा लेख्न थालौं ।

(**ट**) **भाषिक टेम्प्लेट बनाऔं**: सबै भाषामा एकसाथ काम गर्न भाषिक टेम्प्लेट बनाऔं । लेख्य परम्परा भएकाको भाषामा सोही लिपिमा । नभएकाकोमा सम्बन्धित भाषावालाले चाहेको लिपिमा । बनाएको लिपिमा । अलिखित कथा लेखौं । मौखिक संस्कारलाई लिखितमा ल्याऔं । लिखतलाई विकसित गरौं ।

(ठ) **भाषिक/जातीय राज्य र उपराज्य नबनाऔं**: भाषिक प्रान्तको प्रान्तीय कामकाजी भाषाको विकास हुन्छ । अरू भाषाको पनि उन्नति हुने परिवेश बन्नसक्छ । मानें । जातीय राज्यले जातीय विकास हुन्छ । स्वीकारें । प्रश्न गरें- जरूरी छ र ? बरु अप्ठेरो देखें, भाषिक राज्यले नेवार राज्य सम्झायो । कुनै बेलाको ब्राह्मण राजोपाध्याय नेवार भएको । जोशी नेवार भएको । राय नेवार भएको । भक्तपुर ताजा इतिहास छ । यसले देखायो कि जोशी, राजोपाध्याय र रायको भाषा मऱ्यो । संस्कार मऱ्यो । अर्को पक्ष पनि देखायो बसाइँसराइ बन्द गर्नुपऱ्यो । भाषिक शुद्धताको लागि/जातीय शुद्धताको लागि । त्यही मेरो प्रश्न हो- संघीय शासनमा त्यही खोजेको हो त ? मधेशी पहाडमा बस्नु हुन्न र ? पहाडी मधेशमा बस्नु हुन्न र ? तमु क्षेत्रमा थारू बस्नु हुन्न र ? थारु क्षेत्रमा तमुले बसाइ सर्नु हुन्न र ? बसाइँ सर्दा पनि आफ्नोपन राख्नु हुन्न र ? जातीय राज्यलाई सांस्कृतिक प्रान्त भन्नुहुँदैन र ? राजनीति र संस्कृतिलाई जोड्नै पर्छ र ? जोडिनु जरूरी छ र ? छठ सांस्कृतिक पर्व हो । नेपालमा मात्रै

मनाइन्छ र ? मनाइने ठाउँ नेपाल मात्रै हुन्छ र ? भाषालाई पनि त्यसरी नै बुझ्नुपर्ने होइन र ? अमेरिकीले अफ्रिकी अमेरिकी भनेजस्तो । जापानी अमेरिकी भनेजस्तो । हामीले पनि पहाडे मधेशी भन्नुहुन्न र ? मधेशी पहाडे भन्नुहुन्न र ? मधेशी नेवार भन्नुहुन्न र ? यो अध्ययनले भन्छ बुझौं । अन्यथा, ज्योति दनुवारले भने झैं उहाँको प्रदेश कुन त भन्ने आउँदैन र ? मोतीलाल नेपालीले भने झैं उहाँको प्रदेश खोइ त भन्नु पर्दैन र ? यसरी हेर्दा भाषा, जाति र राज्यको छुट्टाछुट्टै क्षेत्र हुन्छ भन्ने कुरा स्वीकार्न सकिँदैन र ? यसका लागि भाषिक सहअस्तित्वको सोच लागू गर्न सकिँदैन र ? सकिन्छ भने स्वीकारौं । अन्यथा थप बहस गरौं ।

(**ड**) **लिपि र भाषा सिकाइमा सहजीकरण गरौं**: अरबी, सिर्जङ्खा, खेमा, रंजना, तिरहुती, सम्बोटा आदि लिपिबाट पढ्नेहरूलाई सहज लिप्यान्तर तरीका सिकाऔं । यसका लागि शिक्षकको विशेष तयारी चाहिन्छ ।

## निचोड

शिक्षक भाषासँग खेलिरहनुपर्ने व्यक्ति हो । विद्यार्थी भाषा बोकिरहने बाहक हो । ठूलो समूहले बोल्ने भाषाको । सानो समूहले बोल्ने भाषाको । यस स्थितिमा भाषाविद्‌ले शिक्षकलाई अनेकन् सीप सिकाउनुपर्छ । भाषा सर्वेक्षणका सीप । भाषा विश्लेषणका सीप । भाषिक प्रयोगशालाको निर्माण र प्रयोगको सीप । भाषिक विकासका सीप । व्यवस्थापनका सीप । मेरो दोस्रो निचोड हो- शिक्षक बहुभाषी व्यक्ति हो । नभए पनि हुनैपर्ने व्यक्तित्व हो । आफैंले बहुभाषीको मर्का बुझ्ने । समाधान खोज्ने । यस अर्थमा ऊ अघोषित भाषिक अनुसन्धाता पनि हो । यसका लागि शिक्षकलाई बहुभाषी शिक्षणकलाहरू सिकाउनुपर्छ । आफूले विद्यार्थीको भाषा सिक्ने कला । आफ्नो सिकाइ विद्यार्थीमा स्थानान्तरित गर्ने कला । विद्यार्थीलाई सहज ढङ्गले भाषिक स्थानान्तरण गर्न लगाउने

कला । तेस्रो निचोड हो- शिक्षक "फुच्चे राजनीतिज्ञ" हो । ऊ दलीय बनाइएको हो । बनेको हो । बन्न बाध्य गरिएको हो । यो स्थितिमा उसले भाषासम्बन्धी दलीय बुद्धि बोक्न बाध्य छ। माओवादी र एमाले भएमा भाषिक प्रान्त ठीक भन्नै पर्ने । नेपाली कांग्रेस भए चूप रहनैपर्ने । फोरम भए तराइ मधेशमा हिन्दी सम्पर्क भाषा बनाउनुपर्छ अरू थाहा छैन भन्नै पर्ने । यस अवस्थामा बाँचेको शिक्षकलाई सबै राजनीतिक दलका भाषासम्बन्धी नीतिबारे जानकार गराउनुपर्छ । ती दलका "आराध्य देव अथवा नेता" का सोच एवं कार्यक्रमबारे सुसूचित गरिनुपर्छ । सबैलाई मिलाएर नेपालको सन्दर्भमा भाषिक विकास एवं व्यवस्थापनका स्थानीय नीति एवं कार्यक्रमहरू बनाउन उत्प्रेरित गर्नुपर्छ । चौथो निचोड हो- स्थानीय सरकार र विद्यालयले भाषा विकास तथा व्यवस्थापनमा अग्रणी भूमिका खेल्नुपर्छ । भाषिक समूह तथा गैरसरकारी संस्थाहरूले स्थानीय सरकार र विद्यालयलाई सघाउनुपर्छ । परियोजना दिएर । छात्रवृत्ति दिएर । अनुसन्धान गराएर ।

पाँचौं निचोड हो- शिक्षक एवं विद्यार्थीलाई एकअर्काको भाषा विकास र विस्तारका लागि क्रियाशील बनाउनुपर्छ। पुनः अभिमुखीकरण गरेर । छलफल गरेर । परियोजना दिएर । पठनपाठनको शैली बदलेर । अन्य कुनै तरिका गरेर । छैटौं निचोड हो- दुर्भाग्यवश भाषिक र जातीय प्रान्त बनेछन् भने पनि एकअर्काको भाषा सिक्ने सिकाउने संस्थाहरू बनाउनुपर्छ/बन्नुपर्छ । स्कूलको तहमा/स्थानीय सरकारको तहमा/प्रान्तीय सरकारको तहमा/केन्द्रीय तहमा/यसरी बन्ने संस्थाहरू तालिम केन्द्र, हुनसक्छन् । स्कूल/कलेज/विश्वविद्यालय हुनसक्छन् । सातौं निचोड हो- भाषा विकासका लागि सबै भाषामा लेख्य परम्परा बनाउनै पर्छ। लिपि सापटी लिएर। नयाँ बनाएर/यसो गर्दा कम खर्चिलो भाषा ल्याव बनाउनुपर्छ । स्कूल तहमा/कलेज तहमा/विश्वविद्यालय तहमा । आठौं निचोड हो- राजनीतिक निर्णय जे भए पनि भाषिक व्यवस्थापन र विकासका लागि भाषिक सहअस्तित्वको नीति अख्तियार

गर्नुपर्छ । सञ्चारमा/संवादमा/लेखनमा/सामग्री प्रकाशनमा । कसैको भाषा ठूलो र सानो भन्ने बुद्धि हटाउनुपर्छ । ल्याउनुपर्ने बुद्धि हो - बच्चा र उसको भाषा प्रथम हो । भाषिक स्थानान्तरण उसको नियति हो । सहज भाषिक स्थानान्तरण उसको हक हो । भाषा विकास र व्यवस्थापन स्थानीयदेखि सबै तहका सरकार र सरकारी संयन्त्रको जिम्मेवारी हो । भाषिक समुदाय तथा भाषाप्रेमीको कर्तव्य हो । आठौं निचोड हो - नेपालका पाँचवटै भाषा समूह (इन्डोआर्यन, तिबतो-बर्मन, मुण्डा, द्रविड, अष्ट्रिक) का भाषाहरूको व्याकरणको छुट्टाछुट्टै अध्ययन गर्नुपर्छ । तिनको अन्तरसम्बन्धको सहज स्थानान्तरण विधि खोज्नुपर्छ । अनि पाँचवटै भाषाहरूमा विद्यालय खोल्नुपर्छ । नवौं निचोड हो - राजनीतिज्ञ, भाषाविद् र शिक्षाविद्का बीच भाषिक विकास र व्यवस्थापनका कुराहरूमा अझै मतैक्यता भएको छैन । यसैले एकैथलोमा तीनैथरीले अध्ययन गर्नुपर्छ । बालबालिकालाई केन्द्रमा राखी छलफल गर्नुपर्छ । केन्द्रमा छलफल । मोफसलमा छलफल । सोही छलफलका आधारमा भाषिक विकास, व्यवस्थापन, पहिचान र सिकाइ सहजता सम्बन्धी नीति बनाउनुपर्छ ।

## सन्दर्भ सामग्री

कोइराला, विद्यानाथ, खड्का, अञ्जु र मगर, केशरजंग (२०६६) । *तराई बोलीचाली ।* काठमाडौं : अफसेट प्रिन्टिङ प्रेस (हाल प्रेसमा) ।

खड्का अञ्जु, मगर, केशरजंग र कोइराला, विद्यानाथ (२०६५) । *पहाडी बोलीचाली :* काठमाडौं : अफसेट प्रिन्टिङ प्रेस : शिक्षा विभाग समाहित शिक्षा शाखा (२०६६) । *दोस्रो भाषाको रूपमा नेपाली शिक्षण ।* सानोठिमी, भक्तपुर लेखकः

यूनेस्को काठमाडौं (सन् २००८) । *बहुभाषी शिक्षा विस्तारका लागि सहयोग सामग्रीः विद्यालय बाहिर रहेकाहरूको समावेशीकरण :* काठमाडौं लेखकः

Awasthi, L.D. (2004). *Exploring Monolingual School Practices in Multilingual Nepal.* Unpublished PHD Thesis. Copenhagen, Denmark: Danish University of Education.

Chirag (2001). *Bilingual Education.* Kathmandu: Author.

Constitution of the Kingdom of Nepal (1990; article 3:18:2)

CRED (2005). *Mother Tongue Intervention at Primary Level.* Kathmandu: Author.

HMG/Nepal. *Development Plans (1954 – 1959).* Author.

Khadka, Anju et.al. (2005). *Literacies in multilingual perspectives: Learning from Tharu, Tamang, Newar, and Limbu language communities of Nepal.* Unpublished report. A study done for UNESCO Kathmandu by World Education.

Sharma, Gopinath (2058 BS) (Ed.). Nepalka Shiksha Yojanaka Pratibedanharu (In Nepali). Kathmandu: Makalu Books and Stationers.

Yadav, Y.P. (2009). *Proposing use of language in primary education in federal Nepal.* A paper presented to UNESCO, Kathmandu.